# नेपालमा महिलामाथिको यातना

## कानुनी अस्पष्टता र महिलाका पीडाप्रति राज्यको उदासीनता



२६ जुन २०१२

ADVOCACY FORUM


एड्भोकेसी फोरम

नेपालमा महिलामाथिको यातना : कानुनी अस्पष्टता र महिलाका पीडाप्रति राज्यको उदासीनता

Torture of Women: Nepal's Duplicity Continues

# TORTURE OF WOMEN

## NEPAL'S DUPLICITY CONTINUES



26 JUNE 2012

ADVOCACY FORUM

Advocacy Forum

# नेपालमा महिलामाथिको यातना

## कानुनी अस्पष्टता र महिलाका पीडाप्रति राज्यको उदासीनता

एड्भोकेसी फोरम - नेपाल
२६ जुन २०१२

**नेपालमा महिलामाथिको यातना : कानुनी अस्पष्टता र महिलाका पीडाप्रति राज्यको उदासीनता**

पहिलो संस्करण २०६९ (सन् २०१२)

*प्रकाशक*
एड्भोकेसी फोरम, नेपाल
गैरीधारा, काठमाडौं
नेपाल
पोस्ट बक्स नं.: २१७९८
टेलिफोन : +९७७-१-४००४००७/८
फ्याक्सः +९७७-१-४२६६९८
info@advocacyforum.org.np
www.advocacyforum.org

प्रतिलिपि अधिकार © एड्भोकेसी फोरम

आवरण डिजाइन तथा ले-आउट : किशोर प्रधान
फोटो : सुशील थापा

काठमाडौँ, नेपालमा मुद्रित

# प्राक्कथन

एड्भोकेसी फोरमका यातना रोकथाम विभाग र कानुनी सहायता विभागले सन् २००१ देखि थुनुवालाई नियमित रूपमा भेटेर कानुनी सहायता दिँदै आएका छन् । हजारौं थुनुवाका अधिकारलाई सुनिश्चित गर्नका लागि एकीकृत रणनीतिक कार्यक्रम लागू गर्नमा एड्भोकेसी फोरम अग्रस्थानमा रहेको छ । सबै थुनास्थलको नियमित भ्रमण यातना रोकथामका लागि अत्यन्त प्रभावकारी उपाय हो भन्ने अवधारणामा आधारित भई एड्भोकेसी फोरमले आफू क्रियाशील रहेका २० वटा जिल्लाका ५७ वटा थुनास्थलमा नियमित तवरले भ्रमण गर्दछ । मुख्य रूपमा यस्ता भ्रमणका दौरान महिला थुनुवाले दिएका सूचनामा यो प्रतिवेदन आधारित छ ।

यो प्रतिवेदनका प्रत्येक अध्यायको मस्यौदा तयार गर्ने कोपिला अधिकारी, भगवती गौतम, अम्बर राउत, कमल पाठक, भूपेन्द्र खनाल तथा रविन्द्र गौतम अनि यो प्रक्रियाको संयोजन गर्ने भगवती गौतमलाई हार्दिक धन्यवाद दिन्छौं र प्रतिवेदनमा समावेश गरिएका तथ्याङ्क उपलब्ध गराउनुहुने बबिन पोखेललाई पनि आभार व्यक्त गर्दछौं । एड्भोकेसी फोरमसँग लामो समयदेखि सहकार्य गर्दै आइरहेको संस्था रिड्रेसकी साराह फुल्टोनले यातनालाई फौजदारी अपराध बनाउने प्रस्तावित मस्यौदा विधेयकको विश्लेषण गरेकोमा विशेष साधुवाद । प्रतिवेदन तयारीको सुपरिवेक्षणका लागि एड्भोकेसी फोरमका निर्देशक डा. हरिवंश त्रिपाठीप्रति हामी आभारी छौं । प्रतिवेदनलाई नेपालीमा अनुवाद गर्ने ध्रुव कुमार श्रेष्ठ, विन्देश दहाल तथा ओमप्रकाश सेन ठकुरीलाई धन्यवाद ।

यो प्रतिवेदन प्रकाशनलाई सम्भव तुल्याउने प्रो भिक्टिम्स फाउन्डेसनप्रति हामी कृतज्ञ छौं । अन्त्यमा यो प्रतिवेदनका लागि अन्तर्वार्ता दिने तथा आफ्ना विचार राख्न अनुमति दिने सबै महिला थुनुवा र यातना पीडितप्रति आभारी छौं ।

**मन्दिरा शर्मा**
**एड्भोकेसी फोरम**

# विषयसूची


| | | | |
|---|---|---|---|
| **कार्यकारी सारांश** | | | १-४ |
| **परिचय** | | | ५-९ |
| **अध्याय १ -** | | **हिरासतमा महिलाविरूद्ध हुने यातनाका प्रवृत्तिको विश्लेषण** | ११-२० |
| | १. | हालका प्रवृत्ति | ११ |
| | २. | दीर्घकालीन विश्लेषण (२००६-२०११) | १२ |
| | ३. | नवीन प्रवृत्ति | १३ |
| | ४. | अभियोगको आधारमा विश्लेषण | १४ |
| | ५. | यातनाका विधि | १५ |
| | ६. | जातजातीय समूह र पृष्ठभूमि | १६ |
| | ७. | २०११ का प्रतिनिधिमूलक मुद्दा | १७ |
| | मुद्दा नं. १ | | १७ |
| | मुद्दा नं. २ | | १८ |
| | मुद्दा नं. ३ | | १९ |
| **अध्याय २ -** | | **राष्ट्रिय मानवअधिकार आयोग, नेपाल प्रहरीको मानवअधिकार इकाइ, महान्यायाधिवक्ताको कार्यालय र महिला आयोगको भूमिका** | २१-२५ |
| | ८. | हिरासत र महिलाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको सीमित भूमिका | २१ |
| | ९. | आयोगको सिफारिस कार्यान्वयनमा कमी | २२ |
| | १०. | नेपाल प्रहरीको मानवअधिकार इकाइ | २२ |
| | ११. | महान्यायाधिवक्ताको कार्यालय | २३ |
| | १२. | राष्ट्रिय महिला आयोग | २४ |

| | | |
|---|---|---|
| **अध्याय ३ -** | **बेपत्ता पारिएको व्यक्तिका श्रीमतीले भोगेको संघर्ष र दुर्व्यहारको एक झलक तथा उनीहरूको पीडामा राज्यको प्रतिक्रिया** | २७-३४ |
| १३. | जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई फौजदारी अपराधको रूपमा स्थापित गर्ने कानुनको मस्यौदा तयार पार्न सर्वोच्च अदालतको नेपाल सरकारलाई आदेश | ३० |
| १४. | अन्तर्राष्ट्रिय निकायमा पीडितको सुनुवाइ : सूर्य प्रसाद शर्मा र युवराज गिरीका मुद्दा | ३१ |
| **अध्याय ४ -** | **बलात्कार र यौन हिंसाका मुद्दाको अनुसन्धान र अभियोजन गर्न राज्यको लगातारको असफलता** | ३५-४२ |
| १५. | पैंतीस दिने हदम्यादको कानुन : नेपालमा बलात्कार पीडितको न्यायमा पहुँचका लागि एक अवरोध | ३६ |
| १६. | पूर्णमाया | ३८ |
| १७. | कल्पना भण्डारी | ४० |
| **अध्याय ५ -** | **महिलामाथि भएको यातनामा यातना क्षतिपूर्ति ऐनअन्तर्गतको फैसला** | ४३-४७ |
| १८. | अदालतको ढिलो तथा जटिल कार्यविधिका कारण मुद्दा खारेज हुने अवस्था | ४४ |
| १९. | आदेश दिने अधिकारीविरूद्ध कारबाही नचलाइनु | ४५ |
| २०. | क्षतिपूर्ति दिइएको र विभागीय कारबाहीको सिफारिस गरिएको तर विभागीय कारबाहीको परिणामका सम्बन्धमा जानकारी नदिइएको | ४६ |
| **अध्याय ६ -** | **द्वन्द्वकालका बलात्कार तथा यातनापीडितलाई "अन्तरिम राहत" बाट वञ्चित गरिएको.** | ४९-५२ |
| **अध्याय ७ -** | **यातना विधेयकलगायतका केही सकारात्मक पहलकदमी** | ५३-६२ |
| २१. | मस्यौदा अपराध संहिता तथा फौजदारी कार्यविधि संहिता | ५३ |
| २२. | विश्वव्यापी आवधिक समीक्षाका सिफारिस तथा कार्ययोजना | ५४ |
| २३. | यातना विधेयक | ५४ |
| २४. | विधेयकमा रहेका मुख्य अवरोधलाई सम्बोधन गरिनुपर्ने | ५६ |
| २५. | दण्ड तथा परिपूरणका समस्या | ५८ |
| २६. | महिला तथा बालिकालाई दिइने क्षतिपूर्तिका लागि आउने बाधालाई सम्बोधन गर्ने सकारात्मक कदम | ६० |
| **अध्याय ८ -** | **राष्ट्रिय कार्ययोजनाको समालोचना** | ६३-६६ |

**अध्याय ९ - निष्कर्ष तथा सिफारिस** ६७-६८

**परिशिष्ट** ६९-७२

सूची १ - सन २००६ देखि २०११ सम्मको यातनाको प्रवृत्ति ६९
सूची २ - २०११ मा यातनाको प्रवृत्ति ६९
सूची ३ - बढी यातना हुने ७ वटा मुख्य अभियोगहरूको विश्लेषण ७०
रेखा चित्र १ : पुरुष महिला र बालबालिकासम्बन्धी यातनाको प्रवृत्ति ७२

# कार्यकारी सारांश

यातना रोकथाम गर्न तथा निष्पक्ष सुनुवाइ प्रवर्द्धन गर्ने र कानुन कार्यान्वयन गर्ने निकायलाई सम्बन्धित कानुनमा भएका व्यवस्थाको व्यवहारिक कार्यान्वयन गर्न झक्झक्याउने उद्देश्यका साथ सन् २००१ देखि एड्भोकेसी फोरमले प्रहरी थुनास्थलको भ्रमण गर्दै आइरहेको छ । व्यवहारिक र प्रभावकारी कानुनी सहायतासम्बन्धी व्यवस्थाको अभावमा संविधानले प्रत्याभूत गरेको थुनुवाले कानुन व्यवसायीसँग परामर्श गर्न पाउने अधिकारको नियमित उल्लंघन भएको परिप्रेक्ष्यमा एड्भोकेसी फोरमले यस्ता थुनुवाहरूलाई निःशुल्क कानुनी सेवा र परामर्श उपलब्ध गराउँदछ । थुनुवाको वकिलसँग भेट्न पाउने अधिकारको प्रत्याभूति निष्पक्ष सुनुवाइ प्रवर्द्धन गर्न अपरिहार्य हुन्छ । विभिन्न सरोकारवालाको यस विषयमा बुझाइ बढाउनका लागि हिरासत भ्रमणबाट संकलित सूचना नियमित रूपमा सरोकारवालाहरूको बीच गरिने परामर्श र क्षेत्रगत छलफल बैठकमा प्रस्तुत गर्ने गरिएको छ । समग्र निष्कर्षहरू प्रत्येक वर्षको २६ जुनमा प्रस्तुत गरिन्छ । यो वर्ष पनि एड्भोकेसी फोरमले २० जिल्लाका ५७ थुनास्थलमा नियमित भ्रमण गऱ्यो । एड्भोकेसी फोरमले यस दौरान ४,२४७ जना थुनुवा भेट्यो (४१९ महिला, ३,८२८ पुरुष जसमा ८४८ जना नाबालकसमेत थिए) । पुरुष थुनुवामध्ये २५.६% र महिलामध्ये १५.४% ले आफूहरूलाई यातना दिइएको वा दुर्व्यवहार गरिएको भनी दाबी गरे । १८ वर्षभन्दा मुनिका बालबालिकामध्ये ३४.२% ले आफूलाई यातना दिइएको बताए ।

थुनामा महिला थुनुवालाई दिइने यातना कसरी बढिरहेको छ भनी यो प्रतिवेदनले उजागर गरेको छ । एड्भोकेसी फोरमले संकलन गरेको तथ्याङ्कअनुसार महिला थुनुवामाथिको यातना सन् २०१० को पहिलो ६ महिनामा अघिल्लोभन्दा ७% ले बढेको पाइयो, सन् २०१० को दोस्रो ६ महिनामा १३.३% ले वृद्धि भएको, सन् २०११ को पहिलो ६ महिनामा १४.७% ले बढेको अनि सन् २०११ को दोस्रो ६ महिनामा १६.२% ले वृद्धि भएको पाइयो । विगत ६ वर्षको तथ्याङ्कमा कुनै अभियोग नलगाइकनै हिरासतमुक्त गरिएका महिलामाथि भएको यातना १७.५% छ र प्रहरीले अझै पनि अपराधको अनुसन्धान गर्दा प्रमाणभन्दा पनि साबितीमा जोड दिने गरेको छ भन्ने कुरा यस प्रतिवेदनले देखाउँछ ।

गत वर्ष यातना तथा नेपालको कमजोर फौजदारी न्याय प्रणालीलाई सम्बोधन गर्ने केही सकारात्मक प्रगति भएका छन् । प्रमुख रूपमा सरकारले एउटा मस्यौदा अपराध संहिता, फौजदारी कार्यविधि

संहिता तथा दण्ड विधेयक संसद्‌समक्ष जनवरी २०११ मा दर्ता गर्‍यो । सरकारले अप्रिल २०१२ मा यातना विधेयक पनि दर्ता गर्‍यो । यसैगरी सरकारले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्‌द्वारा पारित प्रस्ताव नं. १३२५ र १८२० लागू गर्नका लागि राष्ट्रिय कार्ययोजना सार्वजनिक गर्‍यो । पारित प्रस्ताव नं. १३२५ ले द्वन्द्वोत्तर पुनर्निर्माणमा महिलाका विशेष आवश्यकतालाई समावेश तथा सम्बोधन गर्ने कुरा समेट्छ भने पारित प्रस्ताव नं. १८२० ले द्वन्द्व र द्वन्द्वोत्तर परिस्थितिमा भएका यौनहिंसाका विषयलाई समेट्दछ । जेठ २०६९ मा संविधानसभा तथा व्यवस्थापिका संसद् विघटन भएपछि यी सुधारका प्रस्ताव पनि खतरामा परेका छन् । राष्ट्रिय कार्ययोजना लागू गर्नका लागि सरकारद्वारा चालिने कदममा राजनीतिक प्रतिबद्धता अझै कम छ ।

दण्डहीनतालाई सम्बोधन गर्ने राष्ट्रिय कार्ययोजनाको प्रतिबद्धताले द्वन्द्वकालीन बलात्कार तथा यौनहिंसाका पीडितमा आशा पलाएको थियो तर अहिलेसम्म राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने छाँटकाँट देखिएको छैन । बरु न्याय तथा क्षतिपूर्तिको खोजीमा रहेका महिलाले धेरै बाधाको सामना गर्नु परिरहेको छ । बलात्कारको उजुरीका लागि ३५ दिने हदम्याद तीमध्येको प्रमुख बाधा हो । यो हदम्याद अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डप्रतिकूल छ र सन् २००८ मा सर्वोच्च अदालतले नेपाल सरकारलाई यो प्रावधानमा संशोधन गर्नका लागि दिएको आदेशको समेत विरूद्ध हो । यो प्रतिवेदनमा समाविष्ट 'पूर्णमाया' को मुद्दाले देखाएअनुसार प्रहरीले ३५ दिने हदम्याद नाघेपछि ल्याइएको उजुरीलाई अहिले पनि दर्ता गर्न मान्दैन । विषयलाई झन् बिगारेर सर्वोच्च अदालतले यो मुद्दामा न्यायिक पुनरवलोकन गर्ने पूर्णमायाको अधिकारलाई कुण्ठित गरिदियो ।

अनुसन्धान, कारबाही तथा पूर्ण परिपूरण दिने दायित्वलाई सुनियोजित रूपमै उल्लंघन गर्दा यातना तथा अन्य दुर्व्यवहारको वातावरणलाई व्यापक बनाउँछ । सरकारले थुनामा भएका यातना तथा बलात्कारका उजुरीमा उपयुक्त अनुसन्धान गर्न सुरु नगरुन्जेलसम्म र पीडकलाई न्यायको दायरामा नल्याउन्जेलसम्म २०६३ को विस्तृत शान्ति सम्झौता, राष्ट्रिय कार्ययोजना वा विश्वव्यापी आवधिक समीक्षामा उल्लिखित कुनै पनि मानवअधिकार प्रतिबद्धतालाई मूर्तरूप दिन सकिँदैन । बेपत्ताका परिवार, विशेषगरी बेपत्ताका श्रीमती, माथि भएका क्षति र पीडालाई सरकारले पहिचान गर्नुपर्छ । तिनले राज्य र समाजबाट नै विभेदको सामना गर्नुपरेको छ ।

महिला थुनुवामाथि हुने यातनालाई रोकथाम गर्ने उद्देश्यका साथ गरिएका देहायका सिफारिसलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न एड्भोकेसी फोरम सरकारलाई आग्रह गर्दछ :

१. पूर्पक्षपूर्वको (pre-trial) थुनामा महिलाले भोग्नुपर्ने ज्यादतीको विशेष जोखिमको पहिचान गर्ने र प्रहरी हिरासतमा समय बिताउँदा महिलाको सुरक्षाका लागि नीतिगत तथा व्यवहारिक रूपमा उपयुक्त उपाय लागू गर्ने ।

२. महिलाविरूद्ध भएका यातना तथा अन्य दुर्व्यवहारका सबै उजुरीमा स्वतन्त्र अनुसन्धान सुरु गर्ने तथा दोषीलाई न्यायको दायरामा ल्याउने ।

३. हिरासतमा महिलालाई पुरुषबाट छुट्ट्याएर राख्ने सुनिश्चितता गर्ने ।

४. पक्राउ, ठाउँसारी र थुनाका बखत महिला प्रहरी उपस्थित हुनुपर्ने । बन्दीप्रतिको व्यवहारसम्बन्धी मापदण्डअनुकूलको न्यूनतम नियमबमोजिम हिरासतमा रहेका महिलालाई महिला कर्मचारीले सुपरिवेक्षण गर्ने ।

५. प्रहरीको आन्तरिक जवाफदेहितालाई अभिवृद्धि गर्ने तथा हिरासतमा रहेका महिलाका विषयमा अपनाउनुपर्ने प्रस्ट कार्यविधि तथा मापदण्ड लागू गर्ने ।

६. सबै महिला थुनुवालाई थुनाको प्रक्रियाका दौरान कानुन व्यवसायीको परामर्श लिनेलगायतका अधिकारको बारेमा जानकारी दिने ।

७. स्वास्थ्य परीक्षण अनिवार्य, गोप्य तथा इस्तानबुल प्रोटोकलसम्बन्धी कार्यविधिको तालिम पाएका चिकित्सकबाट सम्पन्न हुन्छ भन्ने सुनिश्चितता गर्ने व्यापक कार्यविधि बनाउने ।[१]

८. महिला चिकित्सकले प्रहरीको अनुपस्थितिमा एकान्तमा महिला थुनुवाको परीक्षण गर्ने व्यवस्था मिलाउने ।

९. द्वन्द्वपीडितका लागि अन्तरिम राहत नीतिमा सुधार गर्ने तथा बलात्कार र यातनाका पीडितलाई पर्याप्त राहत सुनिश्चित गर्ने ।

यातनाका सम्बन्धमा एड्भोकेसी फोरम देहायका सामान्य सिफारिस पनि गर्दछ :

१०. नयाँ संसद् गठन हुनेबित्तिकै यातनालाई फौजदारी अपराध बनाउने विधेयक प्राथमिकताका साथ फेरि ल्याउने र यसलाई पूर्ण रूपमा अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउनका लागि आवश्यक संशोधन गरी पारित गर्ने ।

११. यातना रोकथाम तथा अनुसन्धानका लागि प्रभावकारी र निष्पक्ष संयन्त्र बनाउने । त्यसका लागि यातनाविरूद्धको महासन्धिअन्तर्गतको ऐच्छिक आलेखले निर्देशित गरेको मापदण्डअनुकूल बनाउने ।

१२. बेपत्ताका श्रीमती तथा यातना, बलात्कार र यौनहिंसाका पीडितका विशिष्ट आवश्यकताको पहिचान गर्ने अनि उनीहरूलाई “अन्तरिम राहत” का विषयलगायत अन्य कुरामा हुने विभेदको अन्त्यका लागि नीति बनाउने ।

[1] The Manual on Effective Investigation and Documentation of Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (the Istanbul Protocol) available at <www.ohchr.org/Documents/Publications/training8Rev1en.pdf> accessed on 29 April 2011.

१३. विश्वव्यापी आवधिक समीक्षाका दौरान यातना, लैंगिक हिंसा तथा दण्डहीनताका सम्बन्धमा दिइएका सिफारिस कार्यान्वयन गर्ने ।

१४. सूर्यप्रसाद शर्मा र युवराज गिरीका मुद्दामा मानवअधिकार समितिले ग्रहण गरेका अवधारणालाई पूर्ण कार्यान्वयन गर्ने ।

१५. सबै थुनास्थलको स्वतन्त्र निरीक्षण गर्ने संयन्त्रको व्यवस्था गर्ने यातनाविरूद्धको महासन्धिको ऐच्छिक आलेखमा तत्काल हस्ताक्षर गरेर त्यसको पक्षराष्ट्र बन्ने ।

१६. जबर्जस्ती बेपत्तालाई फौजदारी अपराध बनाउने र जबर्जस्ती बेपत्ताविरूद्धको महासन्धिको पक्षराष्ट्र बन्ने ।

# परिचय

प्रत्येक वर्ष यातनाविरूद्धको अन्तर्राष्ट्रिय दिवस २६ जुनको अवसर पारेर एड्भोकेसी फोरमले नेपालमा भएको यातनाका सम्बन्धमा एउटा प्रतिवेदन प्रकाशित गर्नेगरेको छ ।[२] सन् २०११ को प्रतिवेदनमा एड्भोकेसी फोरमले महिला थुनुवामाथि हुने यातनामा वृद्धि भएको कुरालाई उजागर गरेको छ ।[३] सरकारले महिलाको अधिकारलाई संरक्षण गर्ने प्रतिबद्धता बारम्बार गरे पनि दुःखपूर्वक भन्नुपर्दा यो प्रवृत्ति २०११ भरि कायम रह्यो । भनाइ र गराइका बीचको दूरी यति धेरै बढिसकेको छ कि सरकारका प्रतिबद्धता अर्थहीन ओठेभक्तिभन्दा बढी केही होइनन् भन्ने देखिनथालेको छ ।

२०११ मा एड्भोकेसी फोरमले अन्तर्वार्ता लिएका महिला थुनुवामध्ये १५.४% ले आफूहरूमाथि यातना वा अन्य दुर्व्यवहार भएको भनी गुनासो गरे । यसबाट थुनामा हुने दुर्व्यवहारमा प्रस्ट रूपमा ५% ले वृद्धि भएको देखिन्छ किनकि एड्भोकेसी फोरमले २०१० मा यातना १०.४% रहेको भनी देखाएको थियो । यो प्रवृत्तिलाई अर्धवार्षिक आधारमा विश्लेषण गर्ने हो भने अझ भयावह दृश्य आउँछ : सन् २०१० को पहिलो ६ महिनामा अघिल्लोभन्दा ७% ले बढेको पाइयो, सन् २०१० को दोस्रो ६ महिनामा १३.३% ले वृद्धि भएको, सन् २०११ को पहिलो ६ महिनामा १४.७% ले बढेको अनि सन् २०११ को दोस्रो ६ महिनामा १६.२% ले वृद्धि भएको पाइयो । कुनै अभियोग नलगाइकनै हिरासतमुक्त गरिएका महिलामाथि भएको यातना १७.५% छ र यो सामान्यभन्दा निकै माथिको तथ्याङ्क हो ।

अप्रिल २०१२ मा सरकारले यातनाका उजुरीमाथि अनुसन्धान तथा कारबाही गर्ने र यातनापीडितलाई क्षतिपूर्ति दिने संयन्त्र निर्माणका लागि यातनालाई फौजदारी अपराध बनाउने एउटा विधेयक संसद्समक्ष पेश गरेको छ । यातनाविरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्षराष्ट्र भएको २०

[2] Since 2001, with the objective of preventing torture in detention and to promote fair trial, Advocacy Forum lawyers have been making regular visits to police detention centres. The information collected from the detention visits are regularly presented to different stakeholders with the objectives of raising their understanding on the subjects. Findings are presented every year on 26 June. During 2011, AF visited 4,247 detainees (419 females and 3,828 males; of whom 848 were juveniles). 25.6 per cent of male detainees and 15.4 per cent of females claimed that they were subjected to torture or ill-treated. The percentage of children below the age of 18 reporting torture was 34.2%.

[3] Advocacy Forum, "Torture of women in detention. Nepal's failure to prevent and protect", June 2011, available at http://www.advocacyforum.org/downloads/pdf/publications/torture-of-women-in-detention-english-26-june-2011.pdf

वर्षभन्दा बढी समय बितिसक्दा पनि अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न असफल देखिएको नेपालले धेरै ढिलो भए पनि विधेयक संसद्मा प्रस्तुत गर्नु एक सकारात्मक प्रगति थियो ।

यस प्रतिवेदनको अध्याय ७ मा विधेयकका सबल तथा कमजोर पक्षका बारेमा विश्लेषण गरिएको छ । महिलाले थुनामा सामना गर्ने वा सरकारबाट क्षतिपूर्ति लिने प्रयास गर्दा भोग्नुपर्ने विशिष्ट समस्यालाई पनि प्रतिवेदनले उजागर गरेको छ । अन्त्यमा यी विषयलाई विधेयकमा कसरी अझै राम्रोसँग उठाउन सकिन्छ भनी यो प्रतिवेदनले सिफारिस समेत दिएको छ ।

आशावादी नभई एड्भोकेसी फोरमले गर्ने खालको कामको गर्नै सकिँदैन । नयाँ संसद् गठन हुनेबित्तिकै सरकारले विधेयक पेश गर्ने कामलाई प्राथमिकता दिनेछ र यसका बलिया अनि कमजोर पक्ष दुवैमाथि बहस गर्न प्रशस्त अवसर सांसदहरूलाई दिनेछ भनी एड्भोकेसी फोरम सकारात्मक आशा गर्दछ । यो प्रक्रियाले अन्तर्राष्ट्रिय मापदण्डअनुकूलको कानुन पारित भयो भने नेपालमा हुने यातनाको सुनियोजित अभ्यासलाई अन्त्य गर्ने सम्भावना यसले बोकेको छ । अहिले अन्तरिम कालमा भने विधेयकले कानुनको रूप धारण गरेपछि त्यसको सही कार्यान्वयनलाई सुनिश्चित गर्नका लागि आवश्यक पर्ने नीति तथा संरचना निर्माणका लागि उपयुक्त उपाय सरकारले अवलम्बन गर्नुपर्दछ ।

२०६३ मा अन्त्य भएको दस वर्षे सशस्त्र द्वन्द्वका दौरान भएको व्यापक तथा सुनियोजित यातनालाई समेत सरकारले सम्बोधन गर्नुपर्दछ । अहिलेसम्म यातनापीडित, विशेषगरी पीडित महिला, का आवश्यकतालाई ठाडै अवहेलना गरिएको छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले अघि सारेका "अन्तरिम राहत" नीतिमा यो कुरा प्रस्ट रूपमा देखिएको छ र प्रतिवेदनको अध्याय ६ मा यसको चर्चा छ । जनवरी २०११ मा संयुक्त राष्ट्रसंघको सुरक्षापरिषद्द्वारा पारित प्रस्ताव नं. १३२५ र १८२० लाई कार्यान्वयन गर्नका लागि सरकारले राष्ट्रिय कार्ययोजना पारित गरेको थियो । द्वन्द्वका दौरान महिलामाथि भएका यौनहिंसालगायतका हिंसाका पीडकविरूद्ध कानुनी कारबाही गर्ने आवश्यकताको पहिचान राष्ट्रिय कार्ययोजनाले गरेको छ तर यो "धेरै चुनौतीपूर्ण" हुनेछ भनेर उल्लेख पनि गरेको छ । राष्ट्रिय कार्ययोजनाका संरक्षण तथा रोकथाम शीर्षकअन्तर्गत रहेका देहायका रणनीतिक उद्देश्य द्वन्द्वका दौरान यौनहिंसाका पीडितका सन्दर्भमा विशेषगरी सान्दर्भिक हुन्छ :

- द्वन्द्वकाल तथा संक्रमणकालका दौरान भएका यौनहिंसा र लैंगिक हिंसाका विषयलाई सम्बोधन गरी दण्डहीनता अन्त्य गर्ने,
- यौनहिंसा तथा लैंगिक हिंसाका मुद्दामा तत्काल कारबाही गर्नका लागि सक्षम बनाउने उद्देश्यले न्याय तथा सुरक्षा प्रणालीमा आवश्यक सुधारलाई संस्थागत गरी दण्डहीनताको अन्त्य गर्ने ।

यी उद्देश्य आशाप्रद छन् र यिनका आधारमा गरिने विशिष्ट कार्यले पनि आशा जगाउँछन् तर भविष्यमा हुने यौनहिंसा तथा लैंगिक हिंसा रोकथामका लागि महत्वपूर्ण कदमका रूपमा रहेको

वास्तविक रणनीतिका सम्बन्धमा यो योजना अमूर्त नै छ । त्यो रणनीति भनेको विगतको यौनहिंसारूपी मानवअधिकार उल्लंघनका पीडकमाथिको कारबाही हो ।

वर्षौंदेखि प्रतीक्षा गरिरहिएका संक्रमणकालीन न्यायका संयन्त्रले द्वन्द्वपीडितलाई न्याय दिनेछन् भनी सरकारले लगातार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता जाहेर गर्दै आइरहेको छ । युवराज गिरी विरूद्ध नेपालको मुद्दामा अप्रिल २०११ मा फैसला सुनाउँदै मानवअधिकार समितिले युवराज गिरी तथा उनको परिवारका अधिकार उल्लंघन भएको ठहर गर्दै गिरीलाई लामो समयसम्म सम्पर्कविहीन थुनामा राखेको परिणामस्वरूप उनकी श्रीमती तथा दुई बच्चाको यातनाविरूद्धको अधिकार उल्लंघनसमेत भएको थियो । यसरी सम्पर्कविहीन थुनामा राख्नु भनेकै एक प्रकारको यातना हो भनेर समेत समितिले आफ्नो अवधारणा अभिव्यक्त गरेको थियो ।

पीडित तथा उनका परिवारलाई न्याय दिनका लागि समितिका अवधारणा कार्यान्वयनका लागि सरकारले भविष्यका कुनै पनि संक्रमणकालीन न्यायका संयन्त्रमा आधारित भएर उम्कन पाउँदैन भनी समितिले प्रस्ट पार्‍यो । त्यसैले नेपाल सरकारले,

- गिरीले भोगेको यातना तथा दुर्व्यवहारमाथि सांगोपांग तथा तदारूकताका साथ अनुसन्धान गर्ने सुनिश्चितता गर्ने,
- घटनाका जिम्मेवार व्यक्तिलाई कारबाही तथा सजाय गर्ने,
- उल्लंघनको पीडा भोगेका गिरी तथा उनका परिवारलाई पर्याप्त क्षतिपूर्ति दिने,
- प्रतिशोध वा धाकधम्कीजन्य कार्यबाट गिरी तथा उनका परिवारको संरक्षणलाई सुनिश्चित गर्ने, र
- यस्तै खालका उल्लंघन भविष्यमा हुन नदिने ।

प्रस्तावित विधेयकले यातनालाई फौजदारी अपराध बनाएर मात्र पुग्दैन । यसले फौजदारी न्याय प्रणालीभित्र रहेका व्यापक समस्यालाई समेत सम्बोधन गर्नुपर्दछ । यी समस्याका कारण स्वेच्छाचारी पक्राउ तथा थुना हुने, कानुन व्यवसायीसँग परामर्श गर्ने अधिकारबाट वञ्चित गर्ने, चिकित्सकमा पहुँच नदिने, स्वतन्त्र स्वास्थ्य परीक्षणबाट वञ्चित गर्ने, थुनामा पर्याप्त सुविधा पाउने अधिकारबाट वञ्चित गर्ने, अदालतसमक्ष २४ घन्टाभित्र पेश हुने अधिकार र पक्राउ पर्नाको कारणका बारेमा जानकारी पाउने अधिकारको उल्लंघन गर्ने अवस्था आउँछन् । नेपालमा यातनालाई हालसम्म पनि फौजदारी अपराध नबनाइएकाले पीडकलाई फौजदारी कानुनअनुसार न्यायको दायरामा ल्याउने उपयुक्त अवसर छैन । बढीभन्दा बढी, पीडितले आशा गर्ने भनेको थोरै क्षतिपूर्ति र पीडकका विरूद्ध कुनै किसिमको विभागीय कारबाहीको सम्भावना मात्र हो । यीमध्ये केही पीडितमात्र सफल हुन्छन्

र तिनले पनि यसका लागि धेरै संघर्ष गर्नुपर्छ । यो विषयमा अझ विस्तृत चर्चा अध्याय ५ मा गरिनेछ ।

सैद्धान्तिक रूपमा अधिकांश सरकारी निकायलाई यातनाको अनुसन्धान गर्ने जिम्मेवारी रहेको हुन्छ । यस्ता निकायमा राष्ट्रिय मानवअधिकार आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाका मानवअधिकार इकाइ र महान्यायाधिवक्ताको कार्यालय पर्छन् । यातनाका अपराधको अनुसन्धान र अभियोजन गर्न यी निकायको लगातारको असफलतालाई अध्याय दुईमा देखाइएको छ ।

जनवरी २०११ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा प्रक्रियामार्फत नेपालको मानवअधिकारको स्थितिको अवलोकनका दौरान अधिकांश सदस्य राष्ट्रले नेपालले यातनाका सन्दर्भमा अपनाएको पद्धतिप्रति गहिरो चिन्ता व्यक्त गरे ।[४] यसको प्रत्युत्तरमा नेपाल सरकारले आफ्नो दण्ड संहिता र अपराध कार्यविधि संहितालाई समयसापेक्ष बनाउने; यातनाविरूद्धको महासन्धिका प्रावधानको पूर्ण रूपमा पालना गर्ने (स्विट्जरल्याण्डको सुझाव); यातनालाई फौजदारी कसुरको रूपमा स्थापित गर्ने (डेनमार्कको सुझाव); यातनाविरूद्धको महासन्धिको भावनाअनुरूप यातनालाई फौजदारी कसुर बनाउन राष्ट्रिय कानुनमा विशिष्ट विधानको नियमन गर्ने (संयुक्त अधिराज्यको सुझाव); अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुनेगरी यातना र जबर्जस्ती बेपत्तालाई फौजदारी कसुर बनाउने (स्लोभेनियाको सुझाव) र दण्डहीनता तथा यातनाको अन्त्य गर्न कानुनी र प्रशासनिक कदम चाल्ने (डेनमार्कको सुझाव) मा सहमति प्रकट गर्‍यो ।[५]

नोभेम्बर २००५ मा भएको महासन्धिअन्तर्गतको नेपालको दोस्रो आवधिक समीक्षामा कानुन कार्यान्वयन गर्ने अधिकारीबाट हुने गरेका यौन हिंसाका कार्यलगायत लैंगिक हिंसा र हिरासतमा महिला र बालबालिकाउपर भइरहेको निरन्तरको दुर्व्यवहारको आरोपप्रति यातनाविरूद्धको समितिले गहिरो चिन्ता व्यक्त गर्‍यो । यस सन्दर्भमा यातनाविरूद्धको समितिले निम्न सिफारिस गर्‍यो :

> “पक्षराष्ट्रले कानुन कार्यान्वयन गर्ने अधिकारीको आचरण अनुगमन गर्न कार्यविधि विद्यमान रहेको सुनिश्चित गर्दै शीघ्र र निष्पक्ष ढंगले दोषीलाई कारबाही गर्ने उद्देश्यका साथ यातना तथा दुर्व्यवहारका आरोपको अनुसन्धान गर्नुपर्छ । पक्षराष्ट्रले लैंगिक हिंसा र हिरासतमा महिला र बालबालिकामाथि हुने दुर्व्यवहारको अनुसन्धान, अभियोजन भएका र पीडकलाई सजाय गरिएका मुद्दाको सूची समितिलाई प्रदान गर्नुपर्छ” ।[६]

[4] Concerns were expressed by Austria, Denmark, Germany, New Zealand, Slovenia, Sweden, Switzerland and the United Kingdom.

[5] Human Rights Council, “Report of the Working Group on the Universal Periodic Review of Nepal”, 8 March 2011, para 106.3 and 107.2.

[6] Committee Against Torture, “Consideration of reports submitted by states parties under Article 19 of the Convention. Conclusions and recommendations of the Committee against Torture, 13 April 2007, paragraph 27, UN document: NEPALCAT/C/NPL/CO/2, available at http://www.unhchr.ch/tbs/doc.nsf/%28Symbol%29/CAT.C.NPL.CO.2.En?Opendocument.

सन् २०१२ मा नेपालले यातनाविरूद्धको समितिमा आफ्नो तेस्रो आवाधिक समीक्षाको प्रतिवेदन पेश गर्ने अपेक्षा गरिएको थियो । लामो समयदेखि कार्यान्वयन हुन बाँकी रहेका यी सिफारिस सरकारले छिट्टै कार्यान्वयन गर्छ भन्ने एड्भोकेसी फोरमले विश्वास लिएको छ । प्रस्तुत प्रतिवेदनको अन्त्यमा अझ थप एवं विस्तृत सिफारिस गरिएको छ ।

अध्याय १

# हिरासतमा महिलाविरुद्ध हुने यातनाका प्रवृत्तिको विश्लेषण


## १. हालका प्रवृत्ति

सन् २०११ मा एड्भोकेसी फोरमका कानुन व्यवसायीले २० जिल्लाको ५७ वटा प्रहरी हिरासतमा कुल ४०८ महिलालाई भेट्यो । त्यसमध्ये ६३ (अर्थात १५.४%) महिलाहरूले उनिहरूमाथि यातना तथा अन्य दुर्व्यवहार भएको बताए । हालको यो तथ्याङ्क सन् २०१० को तथ्याङ्कभन्दा फरक रहेको छ किनकि त्यो वर्ष ३४५ महिलाहरूको अन्तर्वार्ता गरिएकोमा ३६ (अर्थात १०.४%) महिलाले हिरासतमा हुँदा आफूहरू यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको सिकार भएको बताए ।[७] २०१० देखि २०११ मा यातना र अन्य दुर्व्यवहारमा भएको उल्लेख्य वृद्धिले नेपालमा मानवअधिकारको स्थितिमा दखिएको ह्रासतर्फ इंगित गर्दछ ।

यसका अतिरिक्त सन् २०११ को पछिल्लो ६ महिनामा संकलन गरिएको तथ्याङ्कले पहिलो ६ महिनाको तुलनामा महिला तथा पुरूष दुवैमाथि हुने यातनाको प्रतिशत तीव्र रूपले बढेको देखाउँछ । सन् २०११ को पहिलो ६ महिनामा १४.७% महिलामाथि यातना भएकोमा सोही वर्षको पछिल्लो ६ महिनामा यो बढेर १६.२% पुग्यो (आफूमाथि यातना भएको बताउने पुरूष तथा महिलाको कुल प्रतिशत २०११ को पहिलो ६ महिनामा २५% थियो जुन सोही वर्षको पछिल्लो ६ महिनामा घटेर २४.२% पुग्यो) ।

गएको दुई वर्षमा महिला बन्दीहरूसँग साबिती वा सूचना लिने माध्यमको रूपमा यातनाको प्रयोग गर्ने क्रम ह्वात्तै बढेको तथ्य तलको रेखाचित्रले देखाउँछ (थप जानकारीका लागि परिशिष्टमा रहेको सूची १ हेर्नुहोस्) ।


[7] Advocacy Forum, "Torture of women in detention. Nepal's failure to prevent and protect", June 2011, available at http://www.advocacyforum.org/downloads/pdf/publications/torture-of-women-in-detention-english-26-june-2011.pdf




*रेखाचित्र १: २०१० र २०११ का दौरान यातनाको आरोपका प्रवृत्ति*

## २. दीर्घकालीन विश्लेषण (२००६–२०११)

सन् २००६ देखि २०११ सम्म एड्भोकेसी फोरमका कानुन व्यवसायीले कुल १५१६ महिलालाई प्रहरी हिरासतमा भेटे । औसतमा १९९ (अर्थात् १३.१%) महिला बन्दीहरूले आफूलाई यातना वा अन्य दुर्व्यवहार गरिएको दाबी गरे । १० वर्षे सशस्त्र द्वन्द्वपछि अझ विशेषगरेर २०६३ मंसिरको बृहत् शान्ति सम्झौतापश्चात् महिला तथा पुरुषमाथि हुने यातनाका घटनामा कमी आयो । २००६ र २००७ का बीच यातना पाएका व्यक्तिको प्रतिशत २१% बाट घटेर १०.२% मा झरेको थियो । शान्ति सम्झौतापछि यातना पाउने कुल व्यक्तिको प्रतिशतसँगै यातना पाउने महिलाको प्रतिशतमा पनि उल्लेख्य ह्रास आएको देखापर्‍यो । २००६ मा २१% महिलाले आफूमाथि यातना भएको बताएकोमा २०१० मा यो घटेर १०.४% मा झरेको पाइएको थियो । यद्यपि महिला र पुरुष बन्दीमाथि हुने यातनाको प्रवृत्तिमा भने गत वर्ष उल्लेख्य वृद्धि भएको देखिन्छ । पुरुषहरूको तुलनामा यातना पाउने महिलाको प्रतिशत कम भएतापनि (परिशिष्टमा रहेको सूची २ हेर्नुहोस्) महिलामाथि भएको यातनाको वृद्धि आफैँमा चिन्ताको विषय हो । सन् २००६ देखि महिलामाथि हुने गरेको यातनाको दीर्घकालीन प्रवृत्तिका लागि तल दिइएको चित्र हेर्नुहोस् :





*रेखाचित्र २: २००६ देखि २०११ सम्म महिलामाथि भएका यातनाको प्रवृत्ति*

२००७–२०११ मा महिलामाथिको यातना वृद्धि हुनुको पछाडि थुप्रै कारण छन् । यसको एक प्रमुख कारण सन् २००९ मा नेपाल सरकारले लागू गरेको विशेष सुरक्षा योजना हो । १०९ वटा पहिचान खुलेका सशस्त्र समूहहरू नेपालमा परिचालित रहेको प्रतिवेदन सार्वजनिक गर्दै मन्त्रिपरिषदले ११ श्रावण २०६६ मा कानुन र व्यवस्था सुधार्न नयाँ विशेष सुरक्षा योजना घोषणा गर्‍यो । यो योजनाले राजमार्गमा हुने घेराबन्दी र संगठित अपराध नियन्त्रण गर्ने र नेपालका पूर्वी पहाड र तराई, काठमाडौं उपत्यका र मध्य तथा सुदूरपश्चिमका तराईमा सुरक्षाको स्थिति मजबुत बनाउने उद्देश्य लिएको थियो ।[८] विशेष सुरक्षा योजना घोषणा गरेलगत्तै यातनाको प्रतिशतमा भएको वृद्धिले शान्ति र सुरक्षाको नाममा महिलालगायतका बन्दीलाई स्वेच्छाचारी एवं जथाभावी रूपले यातना दिइएको थियो भन्ने देखाउँछ । यसका अतिरिक्त यो अवधिभर महिला बन्दीको संख्यामा पनि वृद्धि भएको थियो (परिशिष्टमा रहेको सूची १ हेर्नुहोस्) ।

## ३. नवीन प्रवृत्ति

नेपालमा हुने यातनाको घटनालाई जिल्लाका आधारमा तुलना गर्दा उल्लेखनीय फरक देखिन्छ । समष्टिगत रूपमा हेर्ने हो भने सन् २०११ को अवधिभर कपिलवस्तु जिल्लामा महिलामाथि हुने यातनाको दर अत्यधिक रूपले बढी रहयो । उक्त वर्ष त्यहाँ भेटेका ७ मध्ये ३ (४२.९%)महिला बन्दीले आफूहरूमाथि यानता तथा अन्य दुर्व्यवहार भएको बताए । तल दिइएको चित्र हेर्नुहोस् :

[8] http://www.gorkhapatra.org.np/detail.gopa.php?article_id=22036&cat_id=4




*रेखाचित्र ३: २०११ को अवधिभर २० जिल्लामा भएको यातनाको प्रवृत्ति (कुल र महिला)*

माथिको चित्रले कपिलवस्तु, ललितपुर, रामेछाप र दोलखा जिल्लामा यातना पाउने कुल व्यक्तिको प्रतिशत भन्दा महिला यातनापीडितको प्रतिशत अधिक रहेको देखाउँछ । माथि उल्लिखित चार जिल्लाका अलावा यातनापीडित महिलाको प्रतिशत काठमाडौं, कास्की, बर्दिया, सुनसरी, र सिराहा जिल्लाको वार्षिक औसत (१५.४%) भन्दा उच्च रहेको छ । गएको ५ वर्षमा (२००७-२०११) गरिएको यातनाको प्रवृत्तिको विश्लेषणले कपिलवस्तु (०% बाट ३६.४% बाट ४२.९%), बर्दिया (९.१% बाट ०% बाट २०%), र कास्की (६.८% बाट २२.२%) मा यातना पाउने महिलाको संख्यामा उल्लेख्य वृद्धि भएको देखाउँछ ।

## ४. अभियोगको आधारमा विश्लेषण

अभियोगको आधारमा हुने यातनाको जोखिम २०११ को अवधिभर फरकफरक रहेको तथ्याङ्कको विश्लेषणले देखायो जसअनुसार चोरीको आशंकामा थुनिएकाहरू यातनाको अधिकतम जोखिम अर्थात् (३२%) रहने त्यसैगरी अपहरणका आरोपीहरू (३०%), मानव बेचबिखनका आरोपीहरू (२१.४%) र सार्वजनिक अपराधका आरोपीहरू (२०.४%) यातनाको जोखिममा रहने देखिन्छ । हत्याको अभियोग लागेकाहरू पनि यातनाको उच्च जोखिममा अर्थात् (१४.३%) रहन्छन् । विना कुनै अभियोग पक्राउ परेकाहरू १४.१% यातनाको जोखिममा रहेको तथ्याङ्कले देखाउँदछ (थप जानकारीका लागि परिशिष्टमा रहेको सूची ३ हेर्नुहोस्) ।

२००६ देखि २०१० को अवधिभर यातना दिइएका महिलाविरूद्ध लगाइएका तीन अति सामान्य अभियोगहरूमा लागूपदार्थ दुर्व्यसन (१४.६%), हत्या (१०.४%) र सार्वजनिक अपराध (७.४%) थिए ।

यी अभियोगको तुलना गर्दा विना कुनै अभियोग पक्राउ गरिएका महिलाका समूहलाई सबैभन्दा बढी यातना दिइएको पाइयो । यो श्रेणीका कुल १७.५% महिलाले यातना पाएको बताए ।

नेपालको ७५ जिल्लाभरि यातनाको मात्रामा उल्लेख्य भिन्नता रहेको छ । यसमा रहेको नमुनाको आकार अपेक्षाकृत सानो भएका कारण केही जिल्लाका हकमा त्यो परिवर्तन हुने सम्भावना रहेको छ । नमुना आकार ठूलो रहेको कास्की जिल्लामा ९० मध्ये २० बन्दीहरूले उनीहरूमाथि यातना तथा अन्य दुर्व्यवहार भएको बताए । यातना पाउने अधिकांश बन्दीलाई लागूपदार्थ दुरूपयोग वा सार्वजनिक अपराधको अभियोग लगाइएको थियो र केहीलाई भने विना कुनै अभियोग नै छाडियो । सन् २०११ मा कास्कीमा प्रहरीद्वारा यातना पाउने अधिकांश महिलाहरू यौन व्यवसायमा लागेका थिए ।


## ५. यातनाका विधि

गएको तीन वर्ष यता महिलाहरूले निम्न यातनाका विधि रहेको बताए :

- प्लास्टिकको पाइप र कटबाँसको लट्ठीले नितम्ब, ढाड, तिघ्रा, काँध र हातमा कुट्ने ।
- ढाड, घाँटी र अनुहारमा मुक्काले हान्ने ।
- काठको लामो लट्ठीले हतकेला, पाखुरा, ढाड, नितम्ब, तिघ्रा, पैताला र शरीरका अन्य भागमा जथाभावी कुट्ने ।
- पैतालामा कुट्दै खुट्टामाथि बस्ने ।
- गालामा चुट्ने ।
- महिलाको ढाड, छाती, टाउको र तिघ्रामा लात्तीले हान्ने ।
- महिलालाई बलजफ्ती सुताएर उनको शरीरमा टेक्ने ।
- पुरूष प्रहरीद्वारा शरीर छाम्ने ।
- मार्ने धम्की दिने ।
- अश्लील भाषाको प्रयोग गर्ने ।
- बलात्कार गर्ने ।
- कपडा फुकाल्न बाध्य पार्ने ।

- योनिमा सिस्नु लगाउने धम्की दिने ।
- महिलाको संवेदनशील अंगमा लट्ठीले हिर्काउने ।
- टाउको ढाकेर पानी खनाउने ।
- महिलाको हतकेलाभित्र सुपारी राखेर माथिबाट थिच्ने ।
- जगल्ट्याउने ।

## ६. जातजातीय समूह र पृष्ठभूमि




*रेखाचित्र ४: जातजातीय समूह र पृष्ठभूमि*

२०११ मा जातजातीय समूह र पृष्ठभूमिको आधारमा गरिएको तथ्याङ्क विश्लेषणले तराईका विशेषगरेर जातीय समूहका, दलित जातका र जनजाति समूहका महिलाहरू यातनाको जोखिममा रहेको देखाउँछ ।

२०११ मा २७.४% महिला बन्दीहरू जनजाति समूहका महिलाहरू थिए जसमा २८.६% महिला बन्दीहरूले यातना पाएको बताए । २०११ मा कुल महिला बन्दीको १०.५% मात्र ओगटेको तराईको जनजाति समूहका महिलाहरू मध्ये १२.७% ले आफूहरूलाई यातना दिएको बताए । महिला बन्दीको संख्यामा २००९ मा ९.४% र २०१० मा ७.८% तराईको जनजाति समूहका महिला थिए । २००९, २०१० र २०११ मा उनीहरूमाथि अत्यधिक यातना भएको तथ्याङ्क छ । २००९ मा २२.८% तराईका जनजाति समूहका महिलाहरूले आफूले यातना पाएको बताए (जबकि उनीहरूको संख्या कुल महिला

बन्दीको संख्याको केवल ९.४% मात्र छ) र २०१० मा २२.२% यातना पाएका महिला तराई समुदायका थिए (जबकि कुल महिला बन्दीको संख्यामा उनीहरूको संख्या केवल ७.८% मात्र छ) ।[९]

दलित समुदायका महिला यातनाको जोखिममा रहेको अर्को समूह हो । २०११ मा कुल महिला बन्दीको संख्यामा यो समुदायका महिलाले १५.४% ओगटेको थियो भने यो समूहका १७.४% महिला बन्दीले आफूविरूद्ध यातना वा दुर्व्यवहार भएको बताए । २००९ मा दलित समुदायका १०.७% महिलाले उनीहरूमाथि यातना भएको बताए (जबकि कुल महिला बन्दीको संख्यामा उनीहरूको संख्या केवल ५.३% मात्र रहेको छ) र २०१० मा सोही समूहका १३.६% महिला बन्दीले यातना पाएको बताए (जबकि यो वर्ष उनीहरूको संख्या कुल महिला बन्दीको संख्याको केवल ८.३% मात्र रहेको थियो) ।

## ७. २०११ का प्रतिनिधिमूलक मुद्दा

एड्भोकेसी फोरमले २०११ मा प्राप्त गरेको महिलाविरूद्धको यातनाको कुल ६३ वटा प्रतिवेदनमध्ये तलका तीन मुद्दाहरू प्रतिनिधिमूलक मुद्दा हुन् :

*मुद्दा नं. १*



**सारांश :** *बर्दिया जिल्लाको स्थायी निवासी ४९ वर्षीय मेनुका (नाम परिवर्तित) लाई मानव बेचबिखनको आरोपमा २०६८ आषाढ २८ गते राति करिब १२ बजे पक्राउ गरियो ।*

**पक्राउको विवरण :** *पीडितका अनुसार २०६८ आषाढ २८ गते उनी किनमेल गर्न भारतको रुपडियातर्फ जाँदै थिइन् । बाटोमा उनले सिन्धुपाल्चोक जिल्लाका दुई महिलालाई भेटिन् । उनीहरू विदेशमा काम गर्न भारतको नयाँ दिल्ली जाँदै थिए । ती दुई महिलाले आफूहरूलाई रुपडियाकोबारे केही थाहा नभएकोले मेनुकालाई त्यहाँसम्म सँगै जान आग्रह गरे र मेनुकाले स्वीकार गरिन् । भारतको सीमानजिक आइपुग्दा ती दुई महिलाले मेनुकालाई समाते । त्यसपछि तिनीहरूले निज मेनुका मानव बेचबिखनमा संलग्न रहेको दाबी गर्दै उनलाई बाँके जिल्लाको जमुनिहाँ प्रहरी कार्यालयमा लगेर बुझाए ।*

**यातनाको विस्तृत विवरण :** *पक्राउ परेको ४/५ घण्टा पछि मेनुकालाई प्रहरी भ्यानमा राखी जिल्ला प्रहरी कार्यालय बाँके लगियो । त्यहाँ उनलाई प्रहरी सेलमा राखियो । मध्यराततिर एक महिला प्रहरीले उनलाई पहिलो तल्लामा रहेको एक कोठामा लगे जहाँ ३ पुरुष प्रहरी र २ महिला प्रहरी पहिले नै उपस्थित थिए । एक अपरिचित पुरुष प्रहरीले (जो पीडितका अनुसार प्रहरी*



*निरिक्षक हुनुपर्छ) निज मेनुकालाई कुट्नका लागि ती महिला प्रहरीलाई आदेश दियो । त्यतिबेलासम्ममा ती अन्य प्रहरीहरू त्यहाँबाट गइसकेका थिए । करिब ३ इन्च मोटो र १ मिटर लामो काठको लट्ठी प्रयोग गर्दै ती महिला प्रहरीले उनलाई हत्केलामा, काँधमा, ढाडमा, नितम्बमा, खुट्टामा र पैतालामा र शरीरका अन्य भागमा कुटे । उनीमाथिको यातना लगभग २ घण्टासम्म चल्यो । ती प्रहरीले उनलाई खुट्टा तेर्स्याउन लगायो र एकजना उनको खुट्टामाथि बस्यो र अर्कोले उनको पैतालामा कुट्न थाल्यो । जिप्रकामा थुनिदाँका बखत पहिलो २ देखि ३ दिनसम्म प्रहरीले पीडितलाई उनको बालबच्चा र वकिलसँग भेट्न दिएन ।*

*२०६८ श्रावण ७ मा स्वास्थ्य परीक्षणको लागि उनलाई भेरी अञ्चल अस्पताल लगियो । उनको नाडीको हड्डी भाँचिएको पत्ता लगाई डाक्टरले उनलाई प्लास्टर लागाउन पठायो । स्वास्थ्य उपचारका लागि रकम नभएको भन्दै प्रहरीले उनको उपचारको खर्च दिन मानेन । यसको सट्टा उनले आफैँ एक्सरे र पेनकिलरको पैसा तिरिन् । अन्त्यमा प्रहरीले एड्भोकेसी फोरमलाई सहयोगको लागि अनुरोध गरेपछि मात्र उक्त संस्थाको सहयोगमा उनको नाडीमा प्लास्टर र अन्य स्वास्थ्य उपचार गरियो ।*

**यातनाको असर :** *आफू पक्राउ परेको २ दिनपछि मेनुकाले एड्भोकेसी फोरमका कानुन व्यवसायीलाई भेट्दा उनको भाँचिएको नाडी सुन्निएको थियो । उनको बाँया हातमा यातनाको नीलडाम देखिन्थे र उनको बाँया हातका तीनवटा औँला बटारिएका थिए र यसो हेर्दा भाँच्चिएका जस्ता देखिन्थे । उनका खुट्टा सुन्निएका थिए र शरीरको पूरै भाग दुखेको बताउँथिन् ।*

*अनुसन्धानका दौरान प्रहरीले पिटेको र दुर्व्यवहार गरेको आरोप लगाउँदै २०६८ भाद्र ७ गते मेनुकाले यातना क्षतिपूर्ति ऐन २०५३ अन्तर्गत बाँके जिल्ला अदालतसमक्ष मुद्दा दायर गरिन् । उनको मुद्दा अदालतमा विचाराधीन छ ।*

*मुद्दा नं. २*

**सारांश :** *कास्की जिल्ला निवासी २५ वर्षीय मनीषा (नाम परिवर्तन गरिएको) लाई रूपन्देही जिल्लाको बुटवल नगरपालिकाबाट २०६८ भाद्र १२ मा मध्याह्न करिब १/२ बजेतिर पक्राउ गरियो । १३ भाद्र २०६८ मा लागूपदार्थ ओसारपसारको अभियोगमा म्याद थप गरिदाँसम्म उनलाई पक्राउ वा थुना पुर्जी दिइएन । १३ भाद्रमा उनको स्वास्थ्य परीक्षण गरियो ।*

**मुद्दाको विवरण :** *बुटवल नगरपालिकामा आफ्नी बहिनी करूणा (नाम परिवर्तन गरिएको) सँग अस्थायी रूपमा बसोबास गर्दै आइरहेकी मनीषाको तीज मनाउन बहिनीसँग मामाको घरमा जाने योजना थियो । तीजको तयारीका लागि उनीहरू बुटवलमा लाग्ने हाट बजारमा किनमेल गर्न*

*गएका थिए । उनीहरूले किनमेल गर्दाको बखतमा नै सादा पोसाकमा आएका दुई पुरूष र एक महिला प्रहरीले उनीहरूलाई बन्दुक देखाएर पक्राउ गरे ।*

**यातनाको विवरण :** *मनीषाका अनुसार उनीहरूलाई पक्राउ पर्दाको बखत र प्रहरी कार्यालय पुऱ्याउनु अघि बाटोमा दुवैलाई अनुहारमा थप्पड अनि ढाड र तिघ्रामा लात्तीले हानियो । इलाका प्रहरी कार्यालय बुटवलमा उनीहरूलाई कम्प्युटर भएको कोठामा लगी घोप्टो परेर सुत्न लगाइयो । यही अवस्थामा राखी उनीहरूलाई करिब ३ घण्टा जति लागूपदार्थ ओसारपसार र मानव बेचविखनका सम्बन्धमा उनीहरूको संलग्नताबारे सोधपुछ गरियो । उनीहरूलाई अश्लील शब्दले गाली गर्दै दुई महिला र एक पुरूष प्रहरीले उनीहरूको हात समाते र (नाम उल्लेख नगरिएको) प्रहरी सहायक निरीक्षकले सत्य बोल्न भन्दै प्रहरीको बुट लगाएको खुट्टाले ढाडमा हिर्कायो । सो प्रहरी सहायक निरीक्षकले मनीषालाई प्लास्टिकको पाइपले ढाडमा, तिघ्रामा, नितम्बमा र पैतालामा ५० पटकभन्दा बढी कुट्यो । उनी पक्राउ परेको २/३ दिनपछि सादा पोसाकका दुई प्रहरीले सोधपुछ गर्दै प्लास्टिकको पाइपले करिब आधा घण्टाजति उनको नितम्ब, तिघ्रा र ढाडमा लगभग २०/२५ पटक कुट्यो । मनीषालाई सत्य कुरा नबताएमा उनलाई करेन्ट लगाउने र जेल पठाउने धम्की दियो । उसले आफ्नो दुवै हातले मनीषाको घाँटीमा समातेर उचाल्यो । इलाका प्रहरी कार्यालयमा ११ दिनसम्म थुनामा राखेपछि दुवै दिदी बहिनीलाई वडा प्रहरी कार्यालयमा पठाइयो । त्यहाँ पनि उनीहरूलाई ८ दिन थुनामा राखियो । २०६८ आश्विन २ मा उनीहरूलाई फेरि इलाका प्रहरी कार्यालयमा ल्याइयो र बल्ल उनीहरूमाथिको यातना बन्द भयो ।*

*यातनामा संलग्न रहेका प्रहरी अधिकारीको प्रतिशोधको भयले गर्दा पीडितले उनीहरू विरूद्ध यातना क्षतिपूर्ति ऐनअर्न्तगत मुद्दा हालेनन् ।*

*मुद्दा नं. ३*

**सारांश :** *काठमाडौं जिल्ला निवासी ३५ वर्षीया राधिका (नाम परिवर्तन गरिएको) लाई ओम नर्सिङ्ग होम मार्गबाट २०६८ वैशाख १५ मा अपराह्न ३:३० बजे पक्राउ गरियो । त्यसको अर्को दिन उनलाई सार्वजनिक मुद्दाको अभियोगमा म्याद थप गरियो ।*

**मुद्दाको विवरण :** *२०६८ वैशाख १५ का दिन अपराह्नको ३ बजे एक मोटरसाइकल चालकले उनको ५ वर्षे छोरालाई गोपीकृष्ण हल अगाडि घाइते हुने गरी हिर्कायो । आफ्नो छोराको त्यस्तो अवस्था देखेर उनी अत्यन्त रिसाइन् र रिसको झोंकमा सो मोटरसाइकल चालकलाई तथानाम गाली गरिन् । हात हालाहालका दौरान मोटरसाइकल चालकले उनलाई हमला गऱ्यो । उत्तिखेरै त्यहाँ प्रहरीको भ्यान आइपुग्यो । केही प्रहरीले उनलाई प्रहरी भ्यानमा कोच्न थाले तर उनले भाग्नका लागि प्रयत्न गरिन् । यसपछि प्रहरीले उनलाई गाली गरी उनको शरीरको विभिन्न भागमा कुट्न थाल्यो र उनलाई घिसार्दै भ्यानभित्र हाल्यो । प्रहरीले उनलाई गौशाला प्रहरी थाना लग्यो र सार्वजनिक अपराध ऐनअन्तर्गत म्याद थप गऱ्यो । प्रहरीले उनकी बहिनी मिता (नाम परिवर्तन गरिएको) लाई पनि पक्राउ गऱ्यो जो पीडितका अनुसार निर्दोष थिइन् ।*

**यातनाको विवरण :** *दुवै दिदीबहिनीलाई प्रहरीले उनीहरूको गालामा र शरीरको विभिन्न अंगमा कुटी दुर्व्यवहारसमेत गऱ्यो । उनीहरूलाई प्रहरीको भ्यानसम्म घिसार्दै लगियो र यातनाका कारण उनीहरूको शरीरमा नीलो डाम बसेको छ । उनीहरूलाई प्रहरीको भ्यानभित्रै पुरूष प्रहरीद्वारा कुटियो । उनीहरूलाई बाँसको लट्ठीले पाखुरामा, पिडौलामा र ढाडमा १५/१६ पटकसम्म कुटियो ।*

*प्रहरी भ्यानमा गरिएको कुटाइका कारण उनी बेहोस भएको सम्झिन्छिन् र त्यसपश्चात् गौशाला प्रहरी थानासम्म कसरी पुगिन् भन्ने केही सम्झिन्नन् । एकजना प्रहरीले पानी छर्कपछि मात्र उनी होसमा आइन् । शरीर अत्यधिक दुखेको अनि बस्न र उभिन पनि गाह्रो भएको सिकायत गर्दा गर्दै पनि उनलाई स्वास्थ्य उपचार गरिएन ।*

**यातनाको असर :** *आफू पक्राउ परेको ४ दिन पछि २०६८ वैशाख १९ गते राधिकाले एड्भोकेसी फोरमका कानुन व्यवसायीलाई भेट्दा उनको हात, नितम्ब र ढाडमा २ देखि ३ इन्च गोलो कालो र नीलो डाम थियो ।*

अध्याय २

# राष्ट्रिय मानवअधिकार आयोग, नेपाल प्रहरीको मानवअधिकार इकाइ, महान्यायाधिवक्ताको कार्यालय र महिला आयोगको भूमिका

## ८. हिरासत र महिलाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको सीमित भूमिका

सन् २०१२ को राष्ट्रिय मानवअधिकार आयोग ऐनअनुसार राष्ट्रिय मानवअधिकार आयोगले हिरासत र कारागारको अनुगमन गर्दै यी संस्थाको सुधारका लागि सरकार र सम्बन्धित निकायलाई सुझाव र सिफारिस प्रदान गर्नुपर्छ ।[10] यद्यपि व्यवहारमा आयोगले विरलै मात्र हिरासत अनुगमन गर्दछ । हालसालै मात्र आयोगले हिरासत अनुगमन गर्ने आफ्नो योजना सार्वजनिक गऱ्यो जुन कुरालाई आयोगले आफ्नो वार्षिक कार्ययोजना पनि समावेश गऱ्यो तर मानवीय स्रोतसाधनको अभावमा आयोगको यो योजना प्रभावहीन बनेको छ । आयोगले प्रदान गरेको सूचनाअनुसार उनीहरूको हिरासत अनुगमन तदर्थ प्रकृतिको रहेको छ अर्थात् उनीहरू उजुरी पाएको भरमा मात्र हिरासत अनुगमन गर्ने गर्दछन् । महिला बन्दी, यातनापीडित महिला र यौन हिंसाका पीडित महिलाहरूको हकमा पनि आयोगको कार्यक्षेत्र सीमित रहेको छ ।

आयोगको २०६७/६८ को वार्षिक प्रतिवेदनले उक्त आर्थिक वर्षका दौरान यातना तथा दुर्व्यवहारको कुल ६४ उजुरी आयोगमा परेको बतायो । यी उजुरीमध्ये सुरक्षाफौजद्वारा भएका ५७, सुरक्षाफौजभित्र आफ्नै सहकर्मीद्वारा यातना पाएका ७ र माओवादी तथा अन्य समूहद्वारा भएको यातना र दुर्व्यवहारको घटना ८ वटा रहेको छ । सो आर्थिक वर्षमा १६ वटा वास्तवमा नै यातनाका मुद्दा थिए भन्ने आयोगले ठहर गऱ्यो । पीडितलाई क्षतिपूर्ति र आरोपीलाई आवश्यक कारबाही गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ ।

[10] The National Human Rights Commission (NHRC) was established as a statutory body in 2000 under the 1997 National Human Rights Commission Act. It became a constitutional body under the 2007 Interim Constitution. A new law was passed in January 2012 to accommodate this change. However, it was used to curtail some of the independence of the Commission at the same time.

सन् २०११ मा एड्भोकेसी फोरमले १५ थान यातनाका मुद्दा अनुसन्धानका लागि आयोगलाई निवेदन गऱ्यो । प्रस्तुत प्रतिवेदन तयार गर्दाको बखतसम्म आयोगले यी कुनै पनि मुद्दामा आफूले के गर्दैछ भनेर जानकारी दिएको छैन । पहिलाका वर्ष दर्ता गरिएका उजुरी पनि अनुत्तरित नै छन् ।[११]

## ९. आयोगको सिफारिस कार्यान्वयनमा कमी

आयोगका अनुसार २०६८ चैत्र ३० सम्म आफूले ६०० भन्दा बढी यातनाको उजुरी पाएको बताएको छ । यी ६०० यातनाका उजुरीमध्ये ४२ मुद्दाको मात्र अनुसन्धान गरी आर्थिक क्षतिपूर्ति र पीडकविरूद्ध विभागीय कारबाहीका लागि सरकारसमक्ष सिफारिस पेश गरिएको छ । नेपाल सरकारसमक्ष सिफारिस गरिएका ४२ मुद्दामध्ये महिलामाथि भएको यातनाको मुद्दा एउटामात्र थियो । ४२ मध्ये २२ वटा मुद्दामा आयोगले आर्थिक क्षतिपूर्ति सिफारिस गऱ्यो भने ३६ वटा मुद्दामा विभागीय कारबाहीको समेत सिफारिस गरेको छ । हालसम्म सरकारले ८ जना यातना पीडितलाई मात्र आयोगको सिफारिसअनुरूप पूरा रकम प्रदान गरेको छ भने बाँकी १४ जनाले आंशिक रूपमा मात्र आर्थिक क्षतिपूर्ति पाएका छन् । दुःखको कुरा, आयोगले विभागीय कारबाहीका लागि सिफारिस गरेको कुनै पनि पीडकविरूद्ध सरकारले त्यस्तो कारबाहीको कदम चालेको छैन ।

सन् २०१२ को मानवअधिकार आयोग ऐनअन्तर्गतको कार्यादेशअनुरूप चल्न आयोग लगातार असफल भएको छ । यो कार्यादेशको एक भागले आयोगलाई उसको सिफारिस पालना वा कार्यान्वयन नगर्ने संस्था वा व्यक्तिको नाम सार्वजनिक गर्न अख्तियार प्रदान गरेको छ । हालसम्म आयोगले आफ्नो यो अधिकारको प्रयोग गरेको छैन ।

## १०. नेपाल प्रहरीको मानवअधिकार इकाइ

नेपाल प्रहरीभित्र मानवअधिकार इकाइको गठन सन् २००३ मा गरिएको हो । यस इकाइलाई प्रहरी कारबाहीका दौरान प्रहरीद्वारा हुने अधिकार दुरूपयोगको अनुसन्धान गर्ने अख्तियार प्रदान गरिएको छ । आफ्नो स्थापनाकालदेखि नै एड्भोकेसी फोरमले यातना तथा मानवअधिकारका अन्य उल्लंघनका सम्बन्धमा प्रहरीभित्रको मानवअधिकार इकाइको नजिकबाट अनुगमन गर्नुका साथै प्रहरी कारबाहीका दौरान हुने गरेका यातना तथा मानवअधिकार उल्लंघनका विभिन्न मुद्दाका बारेमा मानवअधिकार इकाइलाई सूचित गरिरहेको छ । दुःखको कुरा, मानवअधिकार उल्लंघनका मुद्दाको प्रभावकारी अनुसन्धान गर्न यो इकाइ त्यति सफल हुनसकेको छैन ।

[11] Between 2008 and 2010, AF reported 157 cases of torture to the NHRC. It received responses in 13 cases from the regional NHRC office in Nepalgunj on 31 October 2009. No responses were received from NHRC central office, Kathmandu.

मानवअधिकार इकाइले गर्ने गरेका कार्यको सूचना माग्दै एड्भोकेसी फोरमले जिल्लाका प्रहरी कार्यालयलाई विस्तृत पत्रसमेत पठाएको छ । बैठक र अन्य औपचारिक प्रस्तुतीकरणका दौरान यस्ता इकाइका प्रतिनिधिले मानवअधिकार उल्लंघनका मुद्दामा मुछिएका प्रहरी कर्मचारीविरूद्ध विभागीय तथा अनुशासनात्मक कारबाही हुनेगरेको बताएका छन् । एड्भोकेसी फोरमले यस्ता अनुसन्धानको निष्कर्षको सूचना माग्ने गरेको भएतापनि सुनुवाइ भने हुनसकेको छैन ।

हिरासतमा र प्रहरी कारबाहीका दौरान थुनुवाहरूको मानवअधिकार उल्लंघन गरेको अभियोगमा आर्थिक वर्ष २०६७/६८ मा २० जना प्रहरी कर्मचारीमाथि विभागीय कारबाही भएको भन्ने जानकारी प्रहरीले आफ्नो वेबसाइटमार्फत गरेको छ । ती कर्मचारीमध्ये ३ जना उच्च तहका अधिकारी र १७ तल्लो दर्जाका प्रहरी हुन् । मानवअधिकार इकाइको स्थापनापछि मानवअधिकार उल्लंघनको अभियोगमा ५८४ जना प्रहरी कर्मचारीविरूद्ध विभागीय कारबाही भएको र त्यसमध्ये ८६ जना उच्च ओहदाका र ४८५ जना अन्य तहका प्रहरी भएको उक्त वेबसाइटले दावी गरेको छ । यद्यपि विशेष मुद्दाको निष्कर्षका सम्बन्धमा प्रहरी बाहिरका निकायलाई सूचना दिन प्रहरीले गर्ने गरेको आनाकानीले यस्ता आँकडालाई प्रमाणित वा पुष्टि गर्न सक्दैन ।

## ११. महान्यायाधिवक्ताको कार्यालय

अन्तरिम संविधानअनुसार महान्यायाधिवक्ताको कार्यालयले प्रहरी हिरासतमा हुने दुर्व्यवहारका आरोप वा थुनुवालाई उनको परिवार वा वकिललाई भेट्न नदिइएको उजुरीको अनुसन्धान गर्नुपर्छ । संविधानको धारा १३५(३)(ग) ले महान्यायाधिवक्तालाई निम्न अधिकार प्रदान गरेको छ :

> हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानुन व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी यस संविधानको अधीनमा रही त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

सन् २०१० को अवधिभर एड्भोकेसी फोरमले ७८ वटा यातनाको मुद्दा (सबैमा संलग्न रहेका अधिकारीको नाम तोकिएको थियो) नेपाल प्रहरीको मानवअधिकार इकाइ, सशस्त्र प्रहरी बल, राष्ट्रिय मानवअधिकार आयोग र महान्यायाधिवक्ताको कार्यालयमा सम्प्रेषित गऱ्यो । २०११ मा एड्भोकेसी फोरमले १५ थान यातनाका मुद्दा महान्यायाधिवक्ताको कार्यालयमा दर्ता गऱ्यो । हालसम्म, एड्भोकेसी फोरमले धनराज कार्कीको एउटा मुद्दामा मात्र महान्यायाधिवक्ताको कार्यालयको प्रतिक्रिया पाएको छ जुन एड्भोकेसी फोरमले नेपाल प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालय दुवैमा पठाएको थियो । नेपाल प्रहरीले यस मुद्दामा अनुसन्धान गरी यसको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयलाई पठाएको थियो तर एड्भोकेसी फोरमलाई पठाएन । पछि महान्यायाधिवक्ताको कार्यालयले प्रहरी अनुसन्धानको उक्त प्रतिवेदन एड्भोकेसी फोरमलाई उपलब्ध गरायो ।

एड्भोकेसी फोरमका कर्मचारीले गरेको अनुरोधको जवाफमा महान्यायाधिवक्ताको कार्यालयका प्रतिनिधिले "एड्भोकेसी फोरमले पठाएका मुद्दा थप अनुसन्धानका लागि सम्बन्धित निकायमा पठाएको" बताए । पूर्व महान्यायाधिवक्ता भरतबहादुर कार्कीसँग २०१० मे महिनामा भएको बैठकमा एड्भोकेसी फोरमले उक्त कार्यालयले जवाफ नपठाउने गरेको सवाल उठाउँदा कुनै विशेष संघसंस्थालाई प्रत्युत्तर पठाउने कार्यादेश नरहेको जवाफ महान्यायाधिवक्ताबाट आयो; बरु कार्यालयले उनीहरूलाई प्रतिवेदित गरिएका मुद्दामा प्रहरीले गरेको अनुसन्धानको अनुगमन गर्नसक्ने बताइयो । एड्भोकेसी फोरमले उचित छानबिनका लागि नेपाल प्रहरीको मानवअधिकार इकाइ र राष्ट्रिय मानवअधिकार आयोगलाई मुद्दा पठाउनुपर्ने उनको सुझाव रह्यो किनकि यी निकाय नै छानबिन गर्ने "सक्षम" निकाय भएको उनको ठहर थियो । एड्भोकेसी फोरमले उनलाई यी निकायमा पनि मुद्दा पठाउने गरेको बतायो ।

सरकारी मुद्दासम्बन्धी ऐन २०४९ ले फौजदारी न्याय प्रणालीमा महान्यायाधिवक्ताको कार्यालयको जिम्मेवारी स्पष्ट रूपमा तोकेको छ । सरकारी मुद्दासम्बन्धी ऐनअनुसार प्रहरीको अनुसन्धान "सरकारी वकिलको उपस्थितिमा"[१२] हुनपर्छ । यस्तो प्रावधानका बावजुद थुनुवाहरूलाई सरकारी वकिलको उपस्थितिविना नै यातना दिइन्छ वा जबर्जस्ती झुठो साबिती गर्न लगाएको पाइन्छ ।

२०११ मा एड्भोकेसी फोरमका कानुन व्यवसायीले विभिन्न कसुरका १३५ आरोपीको पक्षबाट कानुनी प्रतिनिधित्व गऱ्यो । यी १३५ मध्ये १०२ जनाको साबिती गैरकानुनी तरिकाले लिइएको पाइयो । यी १०२ मध्ये ९० जना व्यक्तिले प्रहरीको मौखिक दबाबपश्चात् साबितीमा हस्ताक्षर गर्न बाध्य भएको बताए भने ८ जनाले यातनापश्चात् साबिती बयानमा हस्ताक्षर गरेको बताए । ३१ जनाले मात्र आफूले स्वेच्छाले बयानमा हस्ताक्षर गरेको स्वीकारे । दुईवटा मुद्दामा भने सरकारी वकिलले सरकारी मुद्दासम्बन्धी ऐनअनुरूप अनुसन्धानको अनुगमन गरेको पाइयो । महान्यायाधिवक्ताको कार्यालयको जिल्लास्तरीय प्रतिनिधिहरूले अनुसन्धानको अनुगमन नगरिकन नै बन्दीहरूको बयानमा बारम्बार प्रतिहस्ताक्षर गर्ने गरेका छन् ।[१३]

मानवअधिकार उल्लंघनका व्यक्तिगत मुद्दाको अनुसन्धान गर्ने दायित्व पनि महान्यायाधिवक्ताको कार्यालयको हो । उनीहरूले प्रहरीलाई अनुसन्धानका दौरान उचित कानुनी मुद्दामा राय सल्लाह दिनुका साथै आरोपीलाई हिरासतबाट मुक्त गर्ने अनुमतिसमेत प्रदान गर्नसक्छन् ।

## १२. राष्ट्रिय महिला आयोग

आफ्नो २०६७/६८ को वार्षिक प्रतिवेदनअनुसार राष्ट्रिय महिला आयोगमा हिरासतमा महिलाविरुद्ध हुने यातनाको कुनै पनि उजुरी परेनन् । महिला बन्दीहरूको अवस्था बुझ्ने अभिप्राय लिएर राष्ट्रिय महिला आयोगले २०६७/६८ मा कुनै पनि हिरासतको अनुगमन पनि गरेन । आयोगले कुल २७३ वटा

[12] 12 Section 3(9)(1) of the State Cases Act 1992.

[13] Center for Legal Research and Resource Development, 2002: xvii. According to that survey, 50 per cent of suspects had their depositions recorded in the absence of government lawyers.

उजुरी प्राप्त गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ जसमध्ये १४९ वटा घरेलु हिंसाका उजुरी थिए भने ८८ वटा महिलाविरूद्ध हुने हिंसाका उजुरी थिए बाँकीका उजुरी महिलामाथि गराइएका अन्य हिंसा थिए । आयोगको ध्यान विशेषगरेर यौन हिंसा र घरेलु हिंसाका मुद्दामा केन्द्रित रहेको छ त्यसैले हिरासतमा रहेका महिलामाथि उनीहरूको अनुगमन अलि साँघुरो र सीमित छ ।

२०११ मा एड्भोकेसी फोरमले महिलामाथि भएको यातनाको एउटा मुद्दा आयोगलाई प्रेषित गरेकोमा हालसम्म त्यसको कुनै प्रतिक्रिया आएको छैन ।

भेदभाव, यातना र हिंसाबाट प्रताडित बन्न पुगेका महिलामाझ आयोगले आफ्नो भूमिकालाई अझै मजबुत बनाउन सकेको छैन । राष्ट्रिय महिला आयोगसँग कानुन, नीति र अभ्यासबीच रहेका दरारलाई भर्ने क्षमता रहेको छ । यसले नेपाल सरकारलाई महिलाविरूद्धको सबैखाले हिंसा अन्त्यसम्बन्धी महासन्धि, यातनाविरूद्धको महासन्धि र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धलगायतका अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गतका आफ्ना दायित्व पूरा गर्न दबाब दिनसक्छ । दुःखको कुरा, आयोग यी क्षेत्रमा प्रभावहीन छ ।

अध्याय ३

# बेपत्ता पारिएको व्यक्तिका श्रीमतीले भोगेको संघर्ष र दुर्व्यहारको एक झलक तथा उनीहरूको पीडामा राज्यको प्रतिक्रिया

दस वर्षे "जनयुद्ध" का दौरान नेपालले स्वेच्छाचारी पक्राउ र थुना, "बेपत्ता", गैरन्यायिक हत्या, अपहरण तथा यातनालगायतका गम्भीर मानवअधिकार उल्लंघनको सामना गऱ्यो जुन उल्लंघनमा सुरक्षाफौज (विशेषगरेर तत्कालीन शाही नेपाली सेना) र माओवादी विद्रोही संलग्न थिए । मानवअधिकारको यस्तो उल्लंघन तत्कालीन राजाले सन् २००१ मा संकटकालको घोषणा गरेपछि र शाही नेपाली सेना परिचालित भएलगत्तै झन् चुलियो । आफूले गरेका सबैखाले मानवअधिकार उल्लंघनमा सुरक्षाफौजले पूर्ण रूपमा कानुनी उन्मुक्ति पाएको थियो । उदाहरणका लागि माओवादी पार्टीप्रति सहनुभूति राखेको आशंकामा जोकोहीलाई पनि स्वेच्छाचारी रूपमा पक्राउ गर्न र थुनामा राख्न आतंककारी तथा विध्वंसात्मक कार्यसम्बनधी ऐन पारित गरियो । यसले देशभरका हजारौँ नेपालीहरूमा प्रतिकूल सामाजिक र मनौवैज्ञानिक असर पऱ्यो ।

जबर्जस्ती वा अस्वेच्छिक बेपत्तासम्बन्धी राष्ट्रसंघीय कार्यदलका अनुसार सन् २००३ र २००४ मा नेपालमा बेपत्ता पारिने व्यक्तिको संख्या विश्वमा सबैभन्दा उच्च रह्यो । पक्राउ परेका अधिकांशको स्थिति अझै अज्ञात छ । धेरै बन्दीहरूलाई चरम यातना दिइयो जुन यातनासम्बन्धी राष्ट्रसंघीय प्रतिवेदकका अनुसार "सुनियोजित" थियो ।[१४]

"राजनीतिक प्रशिक्षण" का लागि माओवादीले शिक्षक र स्कुले बालबालिकालगायतका सबैखाले नागरिकको अपहरण गऱ्यो । "युद्धका दुस्मन" का नाममा नागरिकहरूको हत्यामा माओवादी संलग्न रह्यो । माओवादी विद्रोहीहरू धम्की र फिरौतीमा संलग्न रहेको कुराको राम्ररी अभिलेख गरिएका छन् जसका कारण स्थानीय गाँउलेहरूमा अत्यधिक भय र शंकाको वातावरण व्याप्त थियो ।

सन् २००६ मा हस्ताक्षरित बृहत् शान्ति सम्झौतापश्चात् नेपालमा पीडाको तनाव, द्वन्द्वले पारेको मनोसामाजिक असर र द्वन्द्वका दौरान आफ्नो आफन्त गुमाउने श्रीमती र परिवारजनले गर्ने गरेको

[14] Manfred Nowak, Mission to Nepal, Report by the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, U.N. Doc. No. E/CN.4/2006/6/Add.5 (9 January 2006), paras. 17, 25 and 31.

आत्महत्याको घटनामा क्रमिक वृद्धि भएको छ ।[१५] नेपाली जनताको स्वास्थ्य र मनोवैज्ञानिक स्थितिमा दुवै पक्षबाट भएका यातना तथा मानवअधिकार उल्लंघनले पारेको दीर्घकालीन असर डरलाग्दो छ ।

द्वन्द्वको सबैभन्दा खराब असर महिला तथा बालबालिकामा पर्न गयो । लामो समयसम्म चलेको हिंसाले महिलाको अधिकार र विशेषगरेर उनीहरूको उचित स्वास्थ्यको अधिकारलाई नकारात्मक रूपमा असर पाऱ्यो । नेपाली समाजमा पहिला नै सीमान्तीकृत भएका महिलाको दुर्दशाको माओवादीले फाइदा लियो । महिलामाथिको शोषण आम नागरिकमा मात्र सीमित थिएन– माओवादीका आधाभन्दा बढी विद्रोही लडाकु महिला थिए र उनीहरू पनि आफ्नै सहकर्मी माओवादी लडाकाहरूबाट यौन शोषणको शिकार बन्न पुगे ।[१६]

द्वन्द्वको क्रममा मानव बेचबिखनको घटनामा पनि वृद्धि भयो जसको सिकार विशेषगरेर नेपाली महिला र बालिका बन्न पुगे । पुरूषहरू धेरै मात्रामा घर परिवार छाडी बाहिर जाने क्रम बढेको थियो । बेपत्ता पारिएका व्यक्तिका श्रीमती र छोरी बढी जोखिममा थिए र उनीहरू सुरक्षाफौज र जनमुक्ति सेना दुवैको सिकार बन्न पुगे (विशेषगरेर यौन शोषणको रूपमा) ।[१७] तसर्थ दस वर्षे हिंसाले यसका पीडितहरूमा भावनात्मक दाग र शारीरिक चोट छाडेर गयो ।

आशा र निराशाको भूमरीमा रूमल्लिदैँ बेपत्ता पारिएका व्यक्तिका परिवारले आफन्तलाई गुमाएको पीडा र अन्य थुप्रै समस्यालाई आत्मसात गर्दै न्यायको लागि संघर्ष गरिरहेका छन् । आफन्तलाई गुमाएका परिवारजनहरूको जीवनमा निराशा, दुःख, रिस र तनाव सिर्जना हुन थालेको छ । उनीहरू जीवनको यथार्थबाट टाढा हुँदै गएको धेरैले महसुस गर्न थालेका छन् । कतिले त उनीहरूले जीवनप्रतिको उद्देश्य नै बिर्सेको उल्लेख गरेका छन् । "मैले कुनै पनि प्रकारको न्याय पाउछु भन्ने आशा मारिसकेको छु" भन्ने कुरा २०५८ माघ १ मा बेपत्ता पारिएका सूर्यप्रसाद शर्माकी श्रीमती यशोदा शर्माले भनिन् ।[१८] नेपाली समाजमा लामो समयदेखि व्याप्त दण्डहीनताको संस्कार र द्वन्द्वका दौरान जरो गाडिएको डर अधिकांश पीडितका लागि अझै गम्भीर समस्या बनेको छ । बेपत्ता पारिएका व्यक्तिका परिवारको आर्थिक, मनोवैज्ञानिक, सामाजिक र कानुनी आवश्यकतालाई नेपाल सरकारले गम्भीरतापूर्वक संबोधन गर्नुपर्छ ।

[15] Nepali Times, "Self-destruct. An alarming number of Nepali women are killing themselves", Issue 489, 12-18 February 2010, available at http://www.nepalitimes.com/issue/2010/02/12/Nation/16792

[16] Advocacy Forum and International Centre for Transitional Justice (ICTJ), 'Across the Lines: The Impact of Nepal's Conflict on Women', December 2010, available at: http://www.peacewomen.org/assets/file/Resources/NGO/justvaw_acrossthelines_ictjandnpl_december2010.pdf

[17] Advocacy Forum and International Centre for Transitional Justice (ICTJ), 'Across the Lines: The Impact of Nepal's Conflict on Women', December 2010, available at: http://www.peacewomen.org/assets/file/Resources/NGO/justvaw_acrossthelines_ictjandnpl_december2010.pdf

[18] Advocacy Forum, "Yashoda Sharma: A wife's fight for justice, a report carried out by Advocacy Forum", 2012: http://www.advocacyforum.org/downloads/pdf/publications/impunity/yashoda-sharma-a-wife-fight-for-justice-english.pdf

बेपत्ता परिवारका आवश्यकतालाई सबैमा एकसमान लागू हुने गरी हेरिनुहुँदैन; उनीहरूका आवश्यकता शिक्षाको तह, र आर्थिक स्थिति जस्ता प्रत्येक परिवारको पारिवारिक परिस्थितिमा निर्भर रहन्छ । हुनत धेरैजसो बेपत्ता परिवारको प्राथमिकतामा समान नै छ : उनीहरू बेपत्ता बनाइएका आफ्नो आफन्तका बारेमा जान्न चाहन्छन् र उनीहरू तत्काल आर्थिक सहयोगको परिस्थितिमा रहेका हुन्छन् । परिवारको लालनपालन गर्ने सदस्यलाई गुमाउनु भनेको बेपत्ता परिवारमा अत्यधिक भार थपिनु हो । र सबैभन्दा महत्वपूर्ण त के हो भने यस्ता परिवारले आफ्ना प्रियजन गुमाएको बदलामा न्याय चाहन्छन् ।

बेपत्ता परिवारहरू प्रायः कठोर मनोवैज्ञानिक चोटबाट ग्रस्त हुन्छन् । मुख्य कमाउने व्यक्ति गुमाएपछि उत्पन्न हुने कठिन आर्थिक परिस्थितिले उनीहरूको चोट झन् गहिरो बन्नपुग्छ । धेरै त हात मुख जोड्ने समस्याले नै ग्रसित हुन पुग्छन् र उनीहरूलाई आफ्नो जीविका धान्न पनि धौ धौ हुन्छ । बेपत्ता पारिएका व्यक्तिका आमा र श्रीमतीले बाँकी रहेका परिवारका सदस्यको स्याहारसुसार गर्नुपर्छ । शिक्षा अभावका कारण अधिकांशले राम्रो जागिर पाउन सक्दैनन् । त्यसैले उनीहरूले काम पाए पनि अन्य व्यक्तिका घरको हेरचाह गर्ने, कपडा धुने, खाने कुरा तथा अन्य वस्तु बेच्ने जस्ता काम गर्नुपर्छ ।

नेपाली समाजमा प्रायः महिलाको अस्तित्व उनको विवाह वा वैवाहिक अवस्थाबाट निःसृत हुन्छ । बेपत्ता पारिएको आफ्नो श्रीमान्‌को अवस्था थाहा नभएका कारण अधिकांश महिला प्रतिकूल सामाजिक असर खेप्न बाध्य छन् । आफ्नो श्रीमान् जिउँदै रहेको वा मरेको भन्ने ठोस प्रमाण नहुने भएकाले विधवालाई दिइने सामाजिक लाभमा यस्ता महिलाको पहुँच पुग्नसक्दैन । केही बेपत्ता पारिएका व्यक्तिका श्रीमतीलाई त उनीहरूको सासु ससुराले नै तिरस्कार गर्ने गरेका छन् जसकारण उनीहरूलाई आफ्नो र आफ्नो बालबच्चाको जीवन धान्न कठिन छ । जीविकोपार्जनका लागि काम खोज्न बाध्य हुँदा उनीहरूलाई “चरित्रहीन” भन्ने गरिन्छ । उनीहरूका लागि पुनः विवाह पनि कठिन छ किनकि नयाँ श्रीमान्‌ले उनको पहिलो श्रीमान्‌को बालबच्चालाई परचक्रीको रूपमा व्यवहार गर्छ ।

एड्भोकेसी फोरम र आइसिटिजेले संयुक्त रूपमा प्रकाशित गरेको *“द्वन्द्वले नेपाली महिलामा पारेको असरः एक चित्रण”*[१९] नामक प्रतिवेदनले अवाञ्छित गर्भधारण, स्त्रीरोगसम्बन्धी समस्या, अन्य शारीरिक समस्याजस्ता द्वन्द्वका दौरान महिलाहरूले भोगेको पीडाको अभिलेखीकरण गरेको छ । अधिकांश बेपत्ता पारिएका व्यक्तिका श्रीमती विषम आर्थिक स्थितिबाट गुज्रिरहेका छन् र आफ्नो श्रीमान् बेपत्ता भएका कारण शारीरिक, मानसिक र सामाजिक असरबाट अझ पनि प्रताडित छन् । यी महिलाले परिवारका बाँकी सदस्यको हेरचाह गर्नुपर्दछ जबकि उनीहरू आफैँ चोट खेपिरहेका हुन्छन् । त्यसैले बेपत्ता पारिएका व्यक्तिका श्रीमती र बालबच्चाको समयस्य झन् बिग्रेको छ ।

अन्तर्राष्ट्रिय कानुनअन्तर्गत “बेपत्ता” यातनाको परिभाषाभित्र पनि पर्ने भनी इंगित गर्दै मानवअधिकार समितिले व्यक्तिगत उजुरीमा आफ्नो धारणा सार्वजनिक गरेको छ । जबर्जस्ती बेपत्तासम्बन्धी

[19] Advocacy Forum and International Center for Transitional Justice, “Across the Lines. Impact of Nepal Conflict on Women”, http://www.advocacyforum.org/_downloads/across-the-lines-the-impact-of-nepal-conflict-on-women.pdf

कार्यदलकाअनुसार "बेपत्ता स्वतः यातना वा अन्य निषेधित दुर्व्यवहारको परिभाषाभित्र पर्छ" ।[२०] लामो समयसम्म परिवारबाट सम्पर्कविहीन अवस्थामा थुनामा राखी बेपत्ता पार्ने कार्यले हिरासतमा मानवोचित व्यवहार गरिनुपर्ने अधिकारको निश्चित रूपमा उल्लंघन हुन्छ । शर्मा विरूद्ध नेपाल र गिरी विरूद्ध नेपालका मुद्दामा मानवअधिकार समितिले यसको पुष्टि गर्दै बेपत्ता परिवारलाई प्रभावकारी कानुनी उपचार प्रदान गर्न नेपाल सरकारलाई आग्रह गरेको छ (थप जानकारीका लागि तल हेर्नुहोस्) ।

## १३. जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई फौजदारी अपराधको रूपमा स्थापित गर्ने कानुनको मस्यौदा तयार पार्न सर्वोच्च अदालतको नेपाल सरकारलाई आदेश

नेपालको अन्तरिम संविधान २०६३ मा जबर्जस्ती बेपत्तालाई प्रतिबन्धित गर्ने विशेष प्रावधान छैन । यद्यपि सन् २००७ मा सर्वोच्च अदालतले जबर्जस्ती तथा अस्वेच्छिक बेपत्तालाई फौजदारी अपराधका रूपमा स्थापित गर्न सरकारलाई आदेश दियो । २०६४ जेष्ठ १८ को आफ्नो महत्वपूर्ण निर्णयमा सर्वोच्च अदालतले बेपत्ताका मुद्दालाई संबोधन गर्ने गरी गम्भीर कदम चाल्न सरकार निरन्तर असफल रहेको ठहर गर्दै बेपत्ता पारिएका व्यक्तिको स्थिति अनुसन्धान गर्न र जबर्जस्ती बेपत्तासम्बन्धी कानुन तयार गर्न सरकारलाई आदेश दियो । २००७ नोभेम्बरमा नेपालको अन्तरिम व्यवस्थापिक संसद् (संविधान सभा) ले पनि जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि कानुनको मस्यौदा तयार पार्न सरकारलाई निर्देशन गरेको छ । तर ५ वर्ष बितिसक्दा पनि सरकारले सर्वोच्चको आदेश कार्यान्वयवन गरेको छैन ।

बेपत्तालाई फौजदारी अपराध बनाउनुपर्ने प्रस्तावसहित २०११ जनवरीमा संविधानसभामा अपराध संहिताको मस्यौदा विधेयक पेश गरियो । दुर्भाग्यवश राजनीतिक खिँचातानीका कारण उक्त विधयेक पारित हुनसकेन र मे २०१२ मा संविधानसभा तथा व्यवस्थापिका संसद्को विघटनपश्चात् सो विधेयक समाप्त भयो । उक्त विधेयक आफैँमा अन्तर्राष्ट्रिय मापदण्डअनुकूल थिएन । त्यसमा उल्लेख गरिएको जबर्जस्ती बेपत्ताको परिभाषा (जुन जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख गरिएको परिभाषाअनुकूल थिएन[२१]) र हदम्यादको व्यवस्था (जुन संसद्मा पेश गरिएको विधेयकमा ६ महिना उल्लेख गरिएको थियो) लाई अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुनेगरी संशोधन गरिनुपर्छ । बेपत्ता पारिने कार्यलाई अन्तर्राष्ट्रिय कानुनको निरन्तर उल्लंघन हुने अपराधको रूपमा मान्यता दिनेगरी र जबर्जस्ती बेपत्ताले यसको पीडित (जसले थुनामुक्त हुनेबित्तिकै उजुरी दिन नसक्ने हुनसक्छ) मा पर्नजाने चोटको पहिचान हुनेगरीकन सो विधेयक संशोधन गरिनुपर्दछ ।

[20] See UN doc. E/CN.4/1983/14, para 131.

[21] The UN Convention defines enforced disappearance as follows: "the arrest, detention, abduction or any other form of deprivation of liberty by agents of the State or by persons or groups of persons acting with the authorization, support or acquiescence of the State, followed by a refusal to acknowledge the deprivation of liberty or by concealment of the fate or whereabouts of the disappeared person, which place such a person outside the protection of the law" (Article 2).

अनुसन्धानको थालनी गर्ने नेपाल सरकारको अपूर्ण प्रयासका बाबजुद बेपत्ताका अधिकांश मुद्दाको निरूपण हुँदैन । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघसंस्थाले जबर्जस्ती बेपत्तासम्बन्धी महासन्धि अनुमोदन गर्न नेपाल सरकारलाई अनुरोध गरेका छन् । यद्यपि सरकारले यसलाई प्राथमिकता दिएको छैन र महासन्धि अनुमोदनका लागि कुनै कदम चालिएको छैन ।

सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिनसम्बन्धी आयोगको स्थापनार्थ तयार पारिएका मस्यौदा विधेयक संविधानसभामा पेश गरिएको छ । यी विधेयकले जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई फौजदारी कसुरका रूपमा स्थापित गर्ने आशा लिइएको छ । यी प्रत्येक विधेयक संशोधनका लागि सांसदहरूले करिब १०० वटा प्रस्ताव दर्ता गराएका छन् । सरकारमा पुगेका प्रत्येक दलले पीडकलाई उन्मुक्ति दिने किसिमले विधेयकको मस्यौदा तयार गर्ने प्रयत्न गर्दा नागरिक समाजको कडा विरोध र आलोचनाको सामना गर्नुपरेको छ । सरकारले सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिनसम्बन्धी आयोगका विधेयकलाई मिलाएर एउटै बनाउनेलगायतका विभिन्नखाले चालबाजी समेत गरेको छ । मे २०१२ मा संसद्मा विचाराधीन रहेका यी विधेयक फिर्ता लिन सरकारले संसद्मा निवेदन दर्ता गर्‍यो । सरकारले यस्तो अनुरोध गर्दा यसको कारण र औचित्य प्रस्तुत गरेन । यसले के देखाउँछ भने गम्भीर अपराधका मुद्दामा पनि नेपाल सरकारले माफीको अधिकारलाई आफूमा निहित गराउन चाहन्छ ।

बेपत्ता परिवारप्रति राज्यको उदासीनता रहेपनि एड्भोकेसी फोरमले उनीहरूलाई निःशुल्क कानुनी सहायता, पारालिगल सेवा र परामर्श दिनेगरेको छ । मनोसामाजिक परामर्श दिने एवं समाजमा पुनर्वास गर्न मद्दत गर्ने रोजगारमूलक प्रशिक्षण दिने संस्थाहरूसँग समन्वय गरेर, समुदायमा आधारित छलफल चलाएर बेपत्ता पारिएका व्यक्तिका श्रीमती र आमाको विभिन्न मुद्दाहरूमा चेतनाको स्तर बढाउने काम एड्भोकेसी फोरमले गरेको छ ।

## १४. अन्तर्राष्ट्रिय निकायमा पीडितको सुनुवाइ : सूर्य प्रसाद शर्मा र युवराज गिरीका मुद्धा

माथि नै उल्लेख गरिएअनुरूप नेपालको कानुनले बेपत्तालाई अपराधको रूपमा परिभाषित गरेको छैन । यसका अतिरिक्त, नेपालको फौजदारी न्याय प्रणालीमा धेरै कमजोरी रहेका छन् जसले गर्दा बेपत्ताका पीडितलाई कानुनी उपचार प्रदान गर्ने प्रयत्न विफल हुनेगर्छ ।[२२]

[22] See Advocacy Forum and Human Rights Watch, 'Waiting for Justice: Unpunished Crimes from Nepal's Armed Conflict' (September 2008) available at: http://www.hrw.org/reports/2008/09/11/waiting-justice-0 (Waiting for Justice); 'Still Waiting for Justice: No End to Impunity in Nepal' (October 2009) available at: http://www.hrw.org/reports/2009/10/15/still-waiting-justice-0 (Still Waiting for Justice); and 'Indifference to Duty: Impunity for Crimes Committed in Nepal' (December 2010) available at http://www.hrw.org/reports/2010/12/14/indifference-duty-0 (Indifference to Duty).

सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची १ ले "जबर्जस्ती बेपत्ता" लाई अपराधका रूपमा पहिचान नगरेका कारण यसका पीडितले जाहेरी दरखास्त दर्ता गर्नसक्दैनन् । त्यसकारण विद्यमान फौजदारी न्याय प्रणालीबाट बेपत्ता परिवारले न्याय पाउनु असम्भव छ ।

जबर्जस्ती बेपत्ताको अपराधमा यातनाविरूद्धको अधिकार, स्वतन्त्रताको अधिकार, निष्पक्ष सुनुवाइको अधिकार र बाँच्न पाउने अधिकारलगायतका अन्य थुप्रै मानवअधिकार उल्लंघन हुने अवस्था हुन्छ । यद्यपि यी मानवअधिकार उल्लंघनका लागि कुनै पनि प्रभावकारी कानुनी उपचारको व्यवस्था छैन । अन्तरिम संविधानमा यातनालाई फौजदारी कसुर मानिएतापनि यातनाको कसुरका लागि फौजदारी सजाय प्रदान गर्ने कुनै कानुन छैन । त्यसैले व्यवहारमा हेर्ने हो भने यातना केवल देवानी कसुर हो । अतः नेपालको विद्यमान कानुनी प्रणालीअन्तर्गत प्रिय व्यक्तिको बेपत्तामा परिवारले कानुनी उपचार पाउनु असम्भव छ किनकि सम्बन्धित अधिकारीसमक्ष उजुरी पेश गर्ने कुनै संयन्त्र सम्म पनि छैन । बेपत्ताका मुद्दामा पीडित मारिएको भन्ने केही प्रमाण रहेको अवस्थामा तर शव प्राप्त नभएकाले पीडकका विरूद्ध हत्याको अभियोग लगाउनसकिने सम्भावना रहँदैन ।

केही पीडितले अन्तर्राष्ट्रिय तहसम्म समेत पुगेर न्याय प्राप्तिको कोसिस गरेका छन् । सन् २००२ मा बेपत्ता पारिएका सूर्य प्रसाद शर्माकी श्रीमती यशोदा शर्मा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत गठित मानवअधिकार समितिमा नेपालविरूद्ध मुद्दा दर्ता गराउने पहिलो नेपाली नागरिक हुन् । बेपत्ता बनाइएका आफ्नो श्रीमान्को स्थिति पत्ता लगाउन यशोदा शर्माले धेरै चुनौती तथा अवरोधको सामना गरिन् । सूचना माग्दा सम्बन्धित अधिकारीहरूले ठाडै अस्वीकार गर्ने गरेको उनको अनुभव छ । राष्ट्रिय स्तरका सबै कानुनी प्रक्रिया पूरा गर्दा पनि न्याय पाउन नसकेपछि यशोदा शर्माले अनुबन्धको ऐच्छिक आलेखमा उल्लिखित व्यक्तिगत उजुरी प्रक्रियामार्फत मानवअधिकार समितिमा आफ्नो मुद्दा पठाएर उल्लेखनीय साहस र संकल्प प्रदर्शित गरिन् ।[२३]

सूर्य प्रसाद शर्मा र द्वन्द्वकालका अन्य थुप्रै गम्भीर मानवअधिकार उल्लंघनका अदण्डित मुद्दाका सम्बन्धमा मानवअधिकार समितिको निष्कर्ष नेपाल सरकारका लागि ठूलो महत्व राख्दछ । सूर्य प्रसाद शर्माको मुद्दामा अनुबन्धको गम्भीर उल्लंघन भएको समितिको ठहर रहयो । त्यसको लगत्तै शर्मा र उनको परिवारलाई प्रभावकारी कानुनी उपचार प्रदान गर्न र अनुबन्धअन्तर्गतको आफ्नो दायित्व पूरा गर्न समितिले नेपाललाई आह्वान गर्‍यो ।

पीडितले गरेको उजुरीको आधारमा र नेपाल सरकारले त्यसउपर गरेको प्रत्युत्तरलाई मद्देनजर गर्दा शर्माविरूद्ध गरिएका कार्यले अनुबन्धको धारा २(३) र ६, ७, ९ र १० को उल्लंघन भएको समितिले ठहर गर्‍यो । शर्मालाई स्वेच्छाचारी ढंगले पक्राउ गरी भयावह अवस्थामा सम्पर्कविहीन थुनामा राख्ने र दुर्व्यवहार गर्ने कार्य भयो र सन् २००२ देखि नै उनलाई बेपत्ता पारियो । समितिले शर्माको बेपत्ताले उनको परिवारले भोग्नुपरेको पीडा र तनावको पनि मूल्यांकन गर्‍यो । समितिद्वारा जारी

[23] Advocacy Forum, "Yashoda Sharma: A Wife's Fight for Justice", 2012, available at http://www.advocacyforum.org/downloads/pdf/publications/impunity/yashoda-sharma-a-wife-fight-for-justice-english.pdf

व्याख्यात्मक टिप्पणी (General Comment) ३१ को स्मरण गराउँदै "पक्षराष्ट्रले उल्लंघनको आरोपको अनुसन्धान गर्न असफल हुनु आफैँले अनुबन्धको उल्लंघन हुने"[२४] समेत प्रस्ट्यायो ।

शर्माको बेपत्ताको छानबिन गरी उनको परिवारलाई प्रभावकारी कानुनी उपचार प्रदान गर्नुपर्ने आफ्नो दायित्वबाट नेपाल सरकार उम्कन मिल्दैन भनी समितिले स्पष्ट पारिसकेको छ । अतः अन्तर्राष्ट्रिय कानुनअन्तर्गत यातना र जबर्जस्ती बेपत्ताजस्ता कसुरलाई अविलम्ब नेपालमा फौजदारी अपराधका रूपमा स्थापित गरिनुपर्ने स्पष्ट भइसकेको छ ।

त्यस्तैगरी समितिसम्म पुगेको अर्को मुद्दा युवराज गिरीको हो । उनलाई स्वेच्छाचारी ढंगले पक्राउ गरी सम्पर्कविहीन अवस्थामा थुनामा राखी सन् २००४ देखि २००५ सम्म लगातार यातना र दुर्व्यवहार गरियो । उजुरी दर्ता गरी प्रहरी र अदालतका अधिकारीको ध्यान यसमा केन्द्रित गराउने कोसिसका बाबजुद गिरीको मुद्दामा कुनै अनुसन्धान भएन । गिरीलाई दिइएको यातनाको लागि न कसैलाई दण्डित गरियो न त उनको परिवारलाई कुनै क्षतिपूर्ति नै प्रदान गरियो ।

एड्भोकेसी फोरमको कानुनी प्रतिनिधित्व र रिड्रेसको सहयोगमा गिरीले आफ्नो मुद्दालाई मानवअधिकार समितिमा लगे । अप्रिल २०११ मा गिरी र उनको परिवार अनुबन्धको उल्लंघनको पीडित भएको समितिले ठहर गऱ्यो र अनुबन्धअन्तर्गतका आफ्नो दायित्व पूरा गरी गिरी र उनको परिवारलाई प्रभावकारी कानुनी उपचार प्रदान गर्न समितिले नेपाल सरकारलाई आह्वान गऱ्यो । विशेषगरी समितिले नेपालले निम्न लिखित कुरा पुरा गर्नुपर्ने व्यक्त गऱ्यो :

- गिरीले भोग्नुपरेको यातना र दुर्व्यवहारको विस्तृत एवं प्रभावकारी अनुसन्धान गर्ने
- उल्लंघनका जिम्मेवार व्यक्तिलाई दण्ड सजाय गर्ने
- उल्लंघनका पीडित गिरी र उनको परिवारलाई पर्याप्त क्षतिपूर्ति प्रदान गर्ने
- गिरी र उनको परिवार प्रतिशोध र धम्कीबाट सुरक्षित रहेको सुनिश्चित गर्ने, र
- भविष्यमा हुनसक्ने यस्ता उल्लंघन प्रतिबन्ध गर्ने

यसका अतिरिक्त समितिको अवधारणालाई कार्यान्वयन गर्न नेपाल सरकार भविष्यमा गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रमा निर्भर रहन नमिल्ने भन्ने समितिले गरेको निर्णय अझ महत्वपूर्ण छ (जस्तो कि सरकारले अन्य मुद्दामा गर्ने प्रयत्न गरेको छ) । यी संयन्त्र स्थापनाको पर्खाइले थप

[24] Human Rights Committee, General Comment No. 31, para 15, 26 May 2004, UN document CCPR/C/21/Rev.1/Add. 13, available at http://daccess-dds-ny.un.org/doc/UNDOC/GEN/G04/419/56/PDF/G0441956.pdf?OpenElement

अस्वीकार्य ढिलाइ मात्र हुँदैन बरु अर्धन्यायिक संयन्त्र भएका कारण अनुबन्धले अपेक्षा गरेजस्तो पर्याप्त प्रभावकारी कानुनी उपचार प्रदान गर्ने हैसियत पनि राख्दैनन् ।[२५] यो तथ्यलाई नेपालस्थित मानवअधिकारसम्बन्धी उच्चआयुक्तको कार्यालयले पनि समर्थन गरेको छ ।[२६] संक्रमणकालीन न्यायका संयन्त्रसँग न्यायिक अधिकार रहँदैन जसले गर्दा उक्त संयन्त्रले पीडकलाई सजाय दिनसक्दैन । तसर्थ विद्यमान सामान्य फौजदारी न्याय प्रणाली नै यस्ताखाले अपराधको अनुसन्धानका लागि उचित संयन्त्र हो जुन हाल पनि छ । त्यसैले त्यसको प्रयोग गरिनुपर्छ ।

[25] Human Rights Committee, Giri v Nepal, no. 1761/2008, CCPR/C/101/D/1761/2008, 27 April 2011 paragraph 6.3, in relation to the National Human Rights Commission, where the Committee made the point that the appropriate remedy in such a case is a judicial remedy.

[26] OHCHR-Nepal, "The Relationship between Transitional Justice Mechanisms and the Criminal Justice System", 30 March 2011, available at http://www.un.org.np/report/relationship-between-transitional-justice-mechanisms-and-criminal-justice-system

अध्याय ४

# बलात्कार र यौन हिंसाका मुद्धाको अनुसन्धान र अभियोजन गर्न राज्यको लगातारको असफलता

मानवअधिकारको संरक्षणमा न्यायमा पहुँच सुनिश्चित गर्ने कानुनी सहायता अति महत्वपूर्ण हुन्छ । निष्पक्ष अनुसन्धान सहितको अभियोजन पीडितको मानवअधिकार संरक्षण गर्न, त्यस्ता अधिकारको थप उल्लंघन हुनबाट रोक्न र विधिको शासन कायम गर्नका लागि अपरिहार्य छ । अधिकार दुरूपयोग र अपराधका पीडितका लागि न्यायको आधारभूत सिद्धान्तसम्बन्धी घोषणापत्रमा उल्लेख भएअनुसार "पीडितहरूलाई सहानुभूतिपूर्वक व्यवहार गर्दै उनीहरूको प्रतिष्ठाको सम्मान गरिनुपर्छ । आफूहरूले भोगेको क्षतिका लागि उनीहरू राष्ट्रिय कानुनले प्रदान गरेको न्यायको संयन्त्र र शीघ्र कानुनी उपचारमा सहज पहुँचको हकदार हुन्छन्" । न्याय प्रणाली न्यायमा सबैका लागि समान पहुँचको सुनिश्चितता गर्न नसकी भेदभावपूर्ण रहेको खण्डमा समाजका सर्वाधिक जोखिममा रहेका समूह र सीमान्तकृत वर्गको अवस्था अझ खराब हुने प्रबल सम्भावना रहन्छ । दुःखको कुरो, बलात्कारका पीडितलाई न्याय सुनिश्चित गर्न हाम्रो न्याय प्रणाली लगातार असफल भएको छ । यस अध्यायले द्वन्द्वकालका बलात्कार र यौन हिंसाका मुद्दाको अनुसन्धान र अभियोजन गर्न राज्यको असफलताको विश्लेषण गरेको छ ।

सामान्यतया हिरासतमा हुने यौन हिंसाका पीडकलाई विद्यमान फौजदारी न्याय प्रणालीअन्तर्गत कानुनी कारबाही हुँदैन । सरकारी मुद्दासम्बन्धी ऐनअनुसार नेपालमा फौजदारी अनुसन्धानको शुरूवात जाहेरी दरखास्तबाट हुन्छ त्यसपछि मात्र कानुनी प्रणालीमा मुद्दा अगाडि बढ्छ । यौन हिंसाको जाहेरी दर्ता नै हुँदैन । दण्डहीनताको संस्कार र असमानताका कारण जहाँ कानुनले सबैलाई समान संरक्षण गर्दैन र शक्तिमा रहेकाहरू कानुनभन्दा माथि हुन्छन् यौन हिंसाका कमै मात्र मुद्दा बाहिर आउनसक्छन् । महिलालाई उनीहरूका अधिकारबारे सुसूचित गर्ने र न्याय प्राप्तिका लागि सूचनामा पहुँच दिलाउन कानुनी सहायता र संयन्त्र उपलब्ध गराउने कुनै औपचारिक संयन्त्र छैन । तसर्थ न्याय प्राप्तिका लागि कुन पद्धतिको प्रयोग गर्ने भन्नेबारे यौन हिंसाका पीडित महिलालाई केही थाहा छैन । यसले नेपालको फौजदारी न्याय प्रणालीसम्मको पहुँच अधिकांश पिछडिएका र जोखिममा रहेका जनताको लागि कठिन बनाइदिएको छ ।

सामाजिक बदनामी र अपमानको भयका कारण महिलाहरू यौन हिंसाका बारेमा खुलेर बोल्दैनन् । उनीहरू बोलिहाले पनि उनीहरूको मुद्दाको अनुसन्धान हुन्छ र उनीहरूले अन्य कानुनी उपचार

पाउँछन् भन्ने कुराको कुनै प्रत्याभूति छैन । नेपालमा साक्षी र पीडितलाई संरक्षण गर्ने संयन्त्र पनि छैन । आफ्नो अनुभवका बारेमा बोल्ने र न्यायको माग गर्ने केही साहसी महिलालाई नेपालमा "चरित्रहीन" को दर्जा दिइन्छ । यसले यौन हिंसाका पीडित महिलालाई मौनतामा नै रहन विवश बनाउँछ । यही मौनताले यौन हिंसाको पहिचान गर्न नचाहने पीडक र राज्यका अधिकारीको बचाव गर्दछ । नेपालको न्यायपालिकाले यौन हिंसाका पीडित र साक्षीहरूको पहिचानको संरक्षण गर्दै सीमित मात्रामा विधिशास्त्रको विकास गरेको भएतापनि यौन हिंसाको मुद्दा सुनुवाइ गोप्य कोठामा गरिनुपर्ने अधिकारको कहिले पनि कार्यान्वयन भएको छैन ।

नेपालको दस वर्षे गृहयुद्धका दौरान तत्कालीन शाही नेपाली सेना र माओवादी विद्रोही (जनमुक्ति सेना) दुवैबाट महिलाहरू प्रताडित बने । बलात्कार र यौन हिंसाका घटना सामान्य जस्तै थिए । कानुनी कारबाही सुरु गर्नका लागि जाहेरी दिन पीडित डराउँथे किनकि पीडकको प्रतिशोधको सिकार भइन्छ र अझ बढी हिंसा झेल्नुपर्छ भन्ने भय उनीहरूमा व्याप्त थियो । बृहत् शान्ति सम्झौता भएको ६ वर्ष बितिसक्दा पनि द्वन्द्वकालीन बलात्कारका पीडित अझैं न्यायको पर्खाइमा छन् । बलात्कारका पीडितको दुर्दशाप्रति नेपाल सकार उदासीन छ । उदाहरणका लागि राज्यले बलात्कारका पीडितलाई "अन्तरिम राहत" कार्यक्रममा "द्वन्द्व पीडित" को परिभाषामा समेत समावेश गर्न असफल भएको छ (अध्याय ६ हेर्नुहोस्) । यसले द्वन्द्वको बेला भएका सयौँ बलात्कारका पीडितका लागि न्याय दिने सवालमा राज्यले व्यक्त गरेको अनिच्छालाई प्रस्ट्याउँछ ।

बलात्कार भएको पुष्टि गर्ने स्वास्थ्य परीक्षणको प्रतिवेदन प्राप्त गर्नु प्रमुख चुनौतीको विषय हो । प्रहरी प्रतिवेदन नभएको अवस्थामा बलात्कारका पीडितलाई चिकित्सकले स्वास्थ्य परीक्षण नगरेको प्रमाण छ । यसका अतिरिक्त स्वास्थ्य परीक्षण प्रतिवेदनको अभावमा प्रायः प्रहरीले जाहेरी लिन नमानेको पनि प्रमाण छ । यसले पीडितलाई दुश्चक्रमा फसाउँने गर्दछ । सरकारी मुद्दासम्बन्धी ऐनअन्तर्गत स्वास्थ्य परीक्षण प्रतिवेदन भएपनि वा नभएपनि जाहेरी दर्ता गर्नु र अनुसन्धान प्रारम्भ गर्नु प्रहरीको स्पष्ट कानुनी दायित्व हुनेछ ।

बलात्कारको मुद्दामा हुने अनुसन्धान, अभियोजन र न्याय निरूपणका प्रक्रियाले पनि पीडितलाई कानुनी उपचारका दौरान कठिनाइ खडा गर्दछ । कतिपय यी जटिलतालाई तल उल्लेख गरिएको छ । अधिकांश मुद्दामा अनुसन्धान, अभियोजन र न्याय निरूपणमा पुरुष कर्मचारीमात्र संलग्न रहन्छन् जसले नेपाली समाजमा रहेको पुरुषप्रधानतालाई झल्काउँदछ ।

## १५. पैंतीस दिने हदम्यादको कानुन : नेपालमा बलात्कार पीडितको न्यायमा पहुँचका लागि एक अवरोध

महिलाहरूको न्याय प्राप्तिका मार्गमा अनेकौँ कानुनी तथा नीतिगत अवरोध छन् । यसमध्ये बलात्कारको मुद्दामा प्रहरीसमक्ष उजुरी दिनका लागि पालना गरिनुपर्ने ३५ दिने हदम्यादको व्यवस्था प्रमुख हो ।[२७]

द्वन्द्वकालमा भएका सयौँ यौनहिंसाका घटनाका बावजुद कुनै घटनामा अनुसन्धान भएको छैन । बलात्कारको मुद्दामा लाग्ने ३५ दिने हदम्यादले कानुनी कारबाही अगाडि बढाउन खोज्ने पीडितका लागि उल्लेख्य अवरोध खडा गरेको छ ।[२८] जाहेरी दर्ता नगर्नका लागि प्रहरीले प्रायः यही हदम्यादको कानुनको बहाना लिने गरेको छ । अन्तर्राष्ट्रिय कानुनले बलात्कारको मुद्दामा हदम्यादको कानुनलाई निषेध गरेको छ किनकि यो अत्यन्त गम्भीर अपराध हो ।[२९]

नेपालको सर्वोच्च अदालतले सन् २००८ मा बलात्कारमा हदम्यादसम्बन्धी कानुनी दफालाई संशोधन गर्नका लागि नेपाल सरकारका विरूद्ध निर्देशात्मक आदेश जारी गऱ्यो ।[३०] सर्वोच्च अदालतले ३५ दिने हदम्यादको कानुनलाई खारेज नगरेतापनि अदालतले यो प्रावधानलाई “युक्तिहीन” र “अस्वभाविक” ठहर गर्दै यथाशक्य चाँडो यसलाई संशोधन गर्न संविधानसभालाई निर्देशन दियो । ३५ दिने हदम्याद नेपालको फौजदारी न्याय प्रणालीको मुख्य कमजोरी हो भन्ने ठहर गर्दै महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्च अदालतको निर्देशनको पालना गर्दै हदम्यादको अवधि लम्ब्याउन नेपाल सरकारलाई सिफारिस गऱ्यो ।[३१] यद्यपि हालसम्म पनि बलात्कारमा लाग्ने हदम्यादको व्यवस्था अपरिवर्तित छ ।[३२]

हाम्रो राष्ट्रिय कानुनमा उल्लिखित हदम्यादको कानुनले बलात्कारका पीडितलाई न्यायको प्रत्याभूति गर्नेभन्दा पनि बलात्कारीलाई नै संरक्षण गर्दछ । अधिकांश बलात्कारका पीडित अशिक्षित एवं पिछडिएका समुदायका महिला तथा बालिका हुने गर्दछन् । धेरैजसोलाई त बलात्कारमा लाग्ने हदम्यादका बारे थाहा नै हुँदैन । अशिक्षित एवं पिछडिएका समुदायका मानिसको संख्या अत्यधिक रहेको नेपालजस्तो राष्ट्रमा बलात्कारको मुद्दामा हदम्यादको कानुन हुनुहुँदैन । यो अवधारणालाई अन्तर्राष्ट्रिय जगत्ले पनि समर्थन गरेको छ किनकि अन्तर्राष्ट्रिय समुदायले बलात्कारलाई एक

27 A “statute of limitations” refers to the period of time during which a legal action may be initiated following an offending incident. Each crime carries a different statute of limitations, generally based on the potential sentence attached to that crime.

28 No. 11 of the rape chapter of Country Code provides for 35 days law of limitation in the cases of rape.

29 International Committee of the Red Cross, “Practice Relating to Rule 160. Statutes of Limitation“, available at http://www.icrc.org/customary-ihl/eng/docs/v2_cha_chapter44_rule160

30 Sapana Pradhan Malla Vs. Government of Nepal, Nepal Law reporter 2065, volume 11, page 1358-1366.

31 Annual Report, Office of Attorney General 2065/66, page 67.

32 The non-implementation of Supreme Court directives is a common occurrence in Nepal. There is no statute in Nepal criminalizing sexual abuse in the work place. The Supreme Court, for instance, issued guidelines for the protection against sexual abuse in the work place for workers involved in night cabin restaurants, dance bars, and massage centers. The court said that the guideline was a temporary measure until a law can be properly enacted by the legislature. This demonstrates the Supreme Court's willingness to step in when the government has been ineffective in protecting women's rights.

अत्यन्त गम्भीर अपराधको रूपमा लिन्छ । ३५ दिने हदम्याद जस्तो प्रशासनिक बहानाको आधारमा पीडकलाई अभियोजनबाट छुटकारा दिइनुहुँदैन ।[33]

दस वर्षे द्वन्द्वका दौरान धेरै महिलाहरू दुवै पक्षबाट बलात्कृत भए । कसुरको गम्भीरताका बाबजुद एउटा पनि पीडकलाई कारबाही गरिएको छैन । कानुनी उपचारका लागि पीडितले उजुरी दर्ता गर्न चाहेमा पनि अत्यन्त छोटो हदम्यादको कानुनको जिकिर लिँदै सम्बन्धित अधिकारीले उनीहरूको याचनालाई अस्वीकार गरिदिन्छन् ।

## १६. पूर्णमाया

जुम्ला जिल्ला निवासी पूर्णमाया (नाम परिवर्तन गरिएको) ले सानो चिया पसल सञ्चालन गरी आफू र आफ्नो परिवारको पेट पालेकी थिइन् । माओवादी विद्रोहका दौरान माओवादी र सुरक्षाफौज उनको चिया पसल अगाडिबाट हिँड्ने र बेलाबेला चिया माग्ने गर्दथे । आफूमाथि के भयो भन्ने कुराको बयान उनी यसरी गर्छिन् : "रातको समयमा नजिकको जङ्गलमा बम पड्कने र बन्दुक चल्ने घटना सामान्य थियो । अर्को बिहान सेना मेरो चिया पसलमा आउँथे अनि माओवादी र उनीहरूको क्रियाकलापका बारेमा सोधपुछ गर्दथे । उनीहरूले मलाई तथानाम गाली गर्थे । २०६१ मंसिर ८ गते करिब मध्याह्नको ३ बजे ६ फिट अग्लो र मोटो कालो ठूले भन्ने गरिएको जीवेश थापा नाम गरेको कालो, बाक्लो ओठ भएको सेना मेरो घरमा ५०/६० जना बन्दुकधारी सिपाहीसहित आएर मेरो श्रीमान्का बारेमा सोध्यो । उनीहरूले मेरो श्रीमान्लाई माओवादीमा लागेको आरोप लगाए । उनीहरूले मलाई थप सोधपुछका लागि उनीहरूसँगै ब्यारेकसम्म जान भने । उनीहरूले मलाई दैलेख जिल्लाको नारायण नगरपालिकामा अवस्थित भवानीबक्स गणमा पुऱ्याए । ब्यारेकको गेटनेर आइपुगेपछि उनीहरूले मलाई मेरै पछ्यौराले आँखा थुनिदिए । म डराएँ । उनीहरूले मलाई ब्यारेकभित्र लगे । सेनाको क्याम्पभित्र रहको एउटा घरको माथिल्लो कोठामा पुऱ्याए । आँखा बन्द भएका कारण भऱ्याङ्मा घिस्रनुपऱ्यो । माथि पुगेपछि उनीहरूले मलाई बस्नको लागि कुर्सी दिए । मलाई पक्राउ गर्ने सेनाहरू पनि त्यतिबेला त्यहीँ थिए । मैले उनीहरूको बोली चिनेँ । त्यसपछि करिब दुई साढे दुई घण्टा जति मलाई कोठामा एक्लै राखियो । अनि (मैले नाम र दर्जा थाहा नपाएको) एकजना सैनिक कोठाभित्र प्रवेश गऱ्यो र मेरो श्रीमान् माओवादी हो कि होइन भनेर सोध्यो । मेरो श्रीमान्को बारेमा मलाई केही थाहा नभएको बताएँ र श्रीमान्ले अर्को बिहे गरेपछि म मेरो छोरीसँग बस्ने गरेको बताएँ । त्यसपछि उसले सोधपुछ गर्न बन्द गरी कोठाबाट बाहिर निस्केर ढोका बन्द गऱ्यो । मैले फेरि कसैले ढोका उघारेको सुनेँ । सो व्यक्तिले मेरो श्रीमान् कहिलेदेखि माओवादीमा लागेको हो भनी सोध्यो । उसको बोलीबाट उ जीवेश थापा हो भन्ने मैले चिनेँ । त्यसैले मलाई पक्राउ गरेको त थियो । उसले मलाई करिब १ घण्टा जति लगातार सोधपुछ गऱ्यो । उसले प्रत्येक पटक सोध्दा मैले मेरो श्रीमान्को माओवादीमा संलग्नताबारे मलाई केही थाहा नभएको बताएँ । यसपछि ऊ रिसाउन थाल्यो र फोहर शब्दहरू बोलेर मलाई हकार्न थाल्यो । त्यसपछि उसले मलाई मुड्कीले हान्यो र मेरो पेटमा, खुट्टामा, तिघ्रामा करिब ३०/३५ पटक बुटले हान्यो । सो पीडा असहनीय थियो । त्यसपछि उसले मलाई बलात्कार गर्ने धम्की दियो । थप सोधपुछको नाममा उसले मलाई यातना दिँदै मेरो साडी तान्यो । म एकदमै डराएँ र आत्तिएँ अनि चिच्याएँ । त्यसपछि भाग्नका लागि मैले पानी मागेँ । यद्यपि उ यति रिसायो कि उसले मलाई पिसाब गरेर आफ्नो तिर्खा मेटा भन्यो । केही क्षणपछि उसले मलाई जबर्जस्ती समात्यो र बलात्कार गर्ने प्रयास गऱ्यो । भाग्नका लागि मैले उसलाई एकपटक लात्तीले हानेँ र आफूलाई बचाउन खोजेँ । तर उसले मलाई कोठाभित्र यताउता लडाउन थाल्यो । भित्तातिर तान्दै गर्दा मेरो टाउको ढोकामा ठोक्कियो र रगत बग्न थाल्यो । जब म पूर्ण रूपले थकित भएर लड्न नसक्ने अवस्थामा पुगेँ उसले मेरो कपडा खोलिदियो र मलाई बलात्कार गऱ्यो । बलात्कार गर्दा उसले मेरो नाक, गाला र दुवै काँधमा टोक्यो । नाकमा टोकेको

[33] For example, the US State of New York recently eliminated its 5 year statute of limitation for rape in its criminal code. See http://www.gothamgazette.com/article/law/20060630/13/1897

दाग अझै छ । मेरो शरीरमा लात्तीले कैयौँ पटक हानेका कारण मेरो तिघ्रा, घुँडा, पिँठ्यू, ढाड र निधारमा काटेको दागहरू छन् । मेरो निधार र योनिबाट रगत बगेको थियो । मलाई बलात्कार गरेर सकेपछि उ बाहिर गयो र तल्लो तहका सेनालाई मलाई गेट बाहिर फालेर आउन आदेश दियो । त्यसपछि तीनजना अपरिचित सेना आएर मलाई पालैपालो बलात्कार गरे । मलाई तीन जनाले मात्र बलात्कार गर्दा थाहा छ त्यसपछि म बेहोस भएँ । जब होस आयो मैले एकजना सेनाले ढोका उघार्न र भित्र पस्न लागेको सुनैं । उसले मलाई गेटसम्म पुग्न मद्दत गऱ्यो र मलाई एउटा पसल नजिक लगेर छाडिदियो ।त्यतिबेला रातको करिब ८ बजिसकेको थियो । पसलेले मलाई देखेपछि एम्बुलेन्स बोलाइदियो । मलाई दैलेख अस्पतालमा भर्ना गरियो जहाँ मैले ५ दिन बिताएँ तर मेरो योनिबाट रगत बग्न रोकिएन । त्यसकारण दैलेख अस्पतालले मलाई सुर्खेत जिल्ला अस्पताल पठाइदियो जहाँ मैले ७ दिन बिताएँ तर पनि रगत बग्न नरोकिएपछि सो अस्पतालले मलाई भारतको लखनउ पठायो तर आर्थिक समस्याले गर्दा म लखनउ अस्पताल जान सकिनँ । मैले मेरो परिवारबाट पाएको जग्गा बिक्री गर्नुपऱ्यो । त्यसपछि मात्र २०६२ भाद्रमा म लखनउ अस्पताल जान सकैँ । डाक्टरको सिफारिसले मेरो पाठेघर फाल्नुपर्ने भयो । शल्यक्रियापश्चात् फेरि घाउ पाकेकाले म फेरि सुर्खेत जिल्ला अस्पतालमा १०-१२ दिनसम्म भर्ना भएँ । बलात्कारको घटना मेरो श्रीमान्ले थाहा पाएपछि उनले मलाई फोन गर्न र रासनपानीको खर्च पठाउन बन्द गरे । जिल्ला प्रशासन कार्यालयमा क्षतिपूर्तिका लागि जाँदा मैले त्यहाँ मान्छेको भीड देखैँ र के रहेछ भनेर जान्ने इच्छुक भएर हेर्न गएँ । संयोगवश जीवेश थापा पनि त्यो कार्यक्रममा सहभागी थिए । उसले मलाई गरेको यातनाको क्रूरताबारे मैले बोल्ने आँट गरे । जिल्ला प्रशासन कार्यालयका एक कर्मचारी टिका न्यौपाने (पद थाहा नभएको) नामको व्यक्तिले उनलाई किन म जस्तो निर्दोष व्यक्तिलाई यातना दिएको भनी सोधे । यसमा थप्दै प्रमुख जिल्ला अधिकारीले सबै कुरा थाहा भएको व्यक्तिलाई मात्र यातना दिइनुपर्छ भने । उपसेनानी जीवेश थापा केही बोल्न नसकी उँधोमुन्टो लगाएर बसेको थियो । २०६२ असारमा सुर्खेतबाट फर्केपछि ३ महिना जति छोरीसहित म मेरै घरमा बसैँ । त्यो भयानक घटनाको स्मरण लगातार आइरहेका कारण र सेनालाई सुराकी लगाएर सहयोग गरेको भन्दै माओवादीबाट घरलमा बमले पड्काइदिने धम्की आइरहने हुनाले म दैलेख बस्न सकिनँ ।"

२०६८ आश्विन १३ गते पूर्णमायाले दैलेख प्रहरी कार्यालयमा जाहेरी दिने कोसिस गरिन् । उनको निवेदनमा धेरै महिला अधिकारवादी संघसंस्थाले सहयोग गरेका थिए । आफ्नो निवेदनमा उनले जाहेरी दरखास्त दर्ता हुन भएको ढिलाइलाई यसरी व्यक्त गर्छिन् :

"मेरो मुद्दाको अनुसन्धान गरिदिनका लागि अनुरोध गर्दै म धेरैपटक प्रहरीकोमा गए तर केही भएन । आन्तरिक द्वन्द्वको समयमा पीडित भएकी मैले न्याय पाउनका लागि आफ्नो ज्यान जोखिममा राख्नुबाहेक अरू केही गर्न सक्तिनँ । यसका अतिरिक्त मेरो खराब स्वास्थ्यका कारणले पनि म अब अरू बढी केही गर्न असमर्थ रहैँ । हाल द्वन्द्वको अन्त्य भएकोले र मेरो स्वास्थ्यमा पनि केही सुधार देखिएकोले म यहाँ न्याय प्राप्तिका लागि आएकी छु । तसर्थ मेरो मुद्दाको अनुसन्धान गरी पीडकलाई सजाय गरिदिनुहुन म विनम्र अनुरोध गर्दछु ।

उनीमाथि भएको बलात्कारको बलियो प्रमाणका बाबजुद दैलेख प्रहरीले उनको उजुरी लिन मानेन । उनी उजुरी गर्न अति ढिलो आएको जबकि कानुन अनुसार पीडितले घटना भएको ३५ दिनभित्र मुद्दा दर्ता गर्नुपर्ने हो भन्ने तर्क प्रहरीको रह्यो । द्वन्द्वकालका घटना सत्यनिरूपण तथा मेलमिलाप आयोगले हेर्ने भन्ने तर्क पनि प्रहरीको रह्यो । त्यसपछि पूर्णमाया र अन्य महिलाअधिकारवादी संघसंस्था प्रजिअकोमा पुगे तर उनले पनि मुद्दा दर्ता गर्न अस्वीकार गरे ।

धेरै समयअघि नै यो हदम्यादको कानुनलाई सार्वजनिक हितको मुद्दामार्फत सर्वोच्च अदालतमा प्रश्न उठाइएको थियो तर हालसम्म पनि सो कानुन संशोधन गरिएको छैन । २०६५ सालमा नै सर्वोच्च अदालतले यससम्बन्धी कानुन संशोधन गर्न सरकारलाई आदेश गरिसकेको छ । यस्तो कानुनले पीडितको न्यायमा पँहुचलाई सीमित पारिदिने अदालतको ठहर छ । अदालतले २०६७ सालमा सुन्तली धामीको मुद्दामा यही निर्णय दोहोऱ्यायो । अदालतको आदेश बाबजुद कानुन

परिवर्तन हुननसक्नु पीडितको कमजोरी होइन । जिप्रका र प्रजिअले जाहेरी दर्ता गर्न नमानेपछि मानवअधिकारवादी संघसंस्थाहरू जिप्रका र प्रजिअको निर्णय बदर गर्ने गरी उत्प्रेषणको आदेश जारी गर्न र प्रहरीलाई जाहेरी दर्ता गर्न र अनुसन्धान प्रक्रिया अगाडि बढाउने आदेश दिलाउन सर्वोच्च अदालत पुगे । तर पूर्णमायाले सरकारी मुद्दासम्बन्धी ऐनको दफा ३(५) अनुसार वैकल्पिक उपचारको प्रयोग नगरेको ठहर अदालतका रजिष्ट्रारको रहयो जसअन्तर्गत प्रहरीले जाहेरी दर्ता गर्न नमानेको कुनै पनि मुद्दालाई प्रजिअजस्तो उच्च अधिकारीकोमा ल्याउन सकिन्छ । तर रिट निवेदकहरूले पूर्णमायाले सोही दफाको आधारमा प्रजिअकोमा पुगेको तर उनले न त रिट दर्ता गरेको न दर्ता नगर्नुको कारण लिखित रूपमा दिएको भन्ने कुरा स्पष्ट रूपमा रिटमा व्यक्त गरेका थिए ।

जाहेरी दरखास्त हदम्याद नाघिसकेपछि आएको भन्ने यी अधिकारीको दाबी वास्तवमा गलत छ किनकि पीडितले द्वन्द्वको समयमा नै जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय दैलेखमा घटनाबारे मौखिक सूचना दिएकी थिइन् । सरकारी मुद्दासम्बन्धी ऐनको दफा ३(१) बमोजिम जाहेरी मौखिक वा लिखित जुन रूपमा पनि दर्ता गर्न सकिन्छ । सेनाले प्रतिशोध लिनसक्ने यस्तो समयमा जाहेरी लिन नसकिने कुरा प्रहरीले उनलाई भनेको थियो । जिल्ला प्रशासन कार्यालय जाँदा द्वन्द्वको समयमा केही गर्न नमिल्ने भन्दै उनलाई फिर्ता पठाइएको थियो ।

हाल द्वन्द्वको अन्त्यपश्चात् पनि सर्वोच्च अदालतले उनलाई न्याय दिन अस्वीकार गरेको छ । विडम्बना त के छ भने नेपाल सरकारको राष्ट्रिय कार्ययोजनाको (दफा ७.३.२) एक मुख्य उद्देश्य द्वन्द्वकालीन र संक्रमणकालीन समयका यौन तथा लैंगिक हिंसाका मुद्दालाई सम्बोधन गर्दै दण्डहीनताको अन्त्य गर्नु रहेको छ । द्वन्द्वकालको बलात्कारको मुद्दा दर्ता गर्न अस्वीकार गरेर सरकारले कसरी आफ्नो कार्य योजना पूरा गर्ने उद्देश्य राखेको छ भन्ने बुझ्न अति कठिन छ ।

## १७. कल्पना भण्डारी

द्वन्द्वको समयमा प्रत्यक्ष रूपमा प्रताडित बन्न पुगेका केही महिला २०६३ सालमा द्वन्द्वको अन्त्य भएपछि पनि पीडाबाट उम्कन सकेका छैनन् । यसको एक उदाहरण हुन कल्पना भण्डारी जसले नेपाल प्रहरीमा ८ वर्षसम्म सेवा गरेर अन्त्यमा भुक्तानस्वरूप पीडा मात्र पाइन् । उनको श्रीमान् प्रहरी नायब निरीक्षक थिए जसको हत्या माओवादीसँगको दोहोरो भिडन्तमा भएको थियो । श्रीमान्को हत्यालगत्तै उनलाई माआवादीहरूले प्रहरीको जागिर छाड्न धम्की दिए र त्यसो नगरे सबै परिवार सखाप पारिदिने बताए । श्रीमान्को हत्या भएको एक सातापछि माआवादीले उनको ससुरासँग एक लाख रूपैयाँ पनि मागे । ससुराले उक्त रकम दिन नसकेपछि माआवादीले उनको अपहरण गरी हत्या गरे । यसको केही महिनापछि यही पीडा सहन नसकेर उनको सासुको पनि मृत्यु भयो ।

परिवारका तीनजना सदस्यहरूको मृत्युपछि पनि माओवादीले कल्पनालाई जागिर छोड्न धम्क्याइरहे । यही डरले उनले आफ्नो जागिर छाडिन् र काठमाडौंमा विस्थापित जीवन यापन गर्न थालिन् । गाडी चलाउन सिकी एउटा निजी कम्पनीको गाडी चलाएर उनले आफ्नो र आफ्नो परिवारको भरणपोषण गरिन् ।

काठमाडौँमा हुँदा माओवादी हिंसाका पीडितले आयोजना गरेको जुलुसका दौरान सरकारी गाडीमा आगजनी गरेको आशंकामा उनलाई २०६४ जेष्ठ ३ मा प्रहरीले पक्राउ गर्‍यो । पक्राउका दौरान उनलाई यातना दिने र उनीमाथि यौन दुर्व्यवहार गर्ने जस्ता कार्य भए । प्रहरी अधिकारीले उनलाई बलात्कार गर्ने धम्कीसमेत दिए । पक्राउपश्चात् उनलाई महानगरीय प्रहरी वृत्त सिंहदरबार पुर्‍याइयो ।

उनलाई पक्राउ गर्न तीनजना प्रहरी निरीक्षक जयराम, हिराबहादुर र दीपक आएको कुरा उनी बताउँदछिन् । उनी बसेको झुप्रोलाई करीब ३०/४० जना अपरिचित प्रहरीले घेरेका थिए । केही प्रहरीले उनको घरको अन्न र अन्य सामान भुँइमा फालिदिए । प्रहरी निरिक्षक जयरामले कल्पनालाई चुल्ठोमा समातेर दुर्व्यवहार गर्न थाल्यो । "तँलाई आज यही मार्छु । "केटा हो, यसलाई बलात्कार गर", जयराम कुर्लिन थाल्यो । अन्य अपरिचित प्रहरीले उनलाई लट्ठीले र उनको शरीरको विभिन्न भागमा बुटले हान्न थाले । उनलाई अश्लील शब्दले गालीसमेत गरे । त्यसपछि करिब ५०० मिटर जति घिसार्दै उनलाई प्रहरी भ्यानमा राखियो । भ्यानभित्र उनलाई उँधोमुन्टो गरेर राखियो । उनका खुट्टा खुम्चिएका थिए र करीब १५/२० पटक बुटले उनको पेटमा हानियो । प्रहरी थाना नपुगुञ्जेल बाटोमा उनलाई लट्ठीले पाखुरा र टाउकोमा हानियो । उनले पानी मागेतापनि उनलाई पानी दिइएन । एकजना प्रहरीले आफ्नो सहकर्मी साथीलाई उनको मुखमा पिसाब गर्नसमेत भन्यो ।

थुनास्थलमा लग्दै गर्दा प्रहरी निरीक्षक सानुराम भट्टराईले उनलाई तथानाम गाली गर्दै लात्तीले हिर्कायो । प्रहरीको कुटाइका कारण उनको योनिबाट रगत बग्न थाल्यो । उनले फेरि पानी मागेतापनि उनलाई पानी पिउन दिइएन । उनी वरिपरि रगतै रगत थियो र पछि उनी बेहोस भइन् । राति करीब ११ बजेतिर उनलाई थापाथली प्रसुती गृहमा उपचारका लागि लगियो । डाक्टरले केही औषधि लेखिदियो र अर्को दिन पुनः देखाउन आउन सल्लाह दियो । अर्को दिन बिहान ४ बजेतिर उनलाई सोझै महानगरीय प्रहरी परिसर हनुमानढोका पुऱ्याइयो जहाँ उनलाई ६ दिनसम्म थुनामा राखियो । हनुमानढोका परिसरमा थुनामा रहदाँ उनी फेरी बिरामी परिन् । २०६४ जेष्ठ ७ गते उनलाई थापाथली प्रसुती गृहमा उपचारका लागि पुनः लगियो र फेरी महानगरीय प्रहरी परिसर हनुमानढोका ल्याइयो । जेष्ठ ९ गते उनलाई पुनः महानगरीय प्रहरी वृत्त सिहंदरबार पठाइयो । डाक्टरले उनलाई फेरि स्वास्थ्य उपचारको लागि ११ जेष्ठमा आउन भनेका भएतापनि उनलाई प्रहरीले लैजान मानेन । ११ जेठको दिन मध्याह्न ४ बजे महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरबाट छाडियो । प्रहरीले उनको मोबाइल, नगद दस हजार, सवारी चालक प्रमाणपत्र र अन्तरिक रूपमा विस्थापितको प्रमाणपत्रलगायतका सामान र पैसा जफत गरिदियो जुन अहिलेसम्म उनले फिर्ता पाएकी छैनन् ।

## यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा दर्ता र अदालतको निर्णय :

२०६४ जेष्ठ २८ गते कल्पनाले काठमाडौं जिल्ला अदालतमा यातना क्षतिपूर्ति ऐनअर्न्तगत मुद्दा दायर गरिन् । आफूलाई यातना दिने प्रहरी अधिकारीलाई उनले नामैले किटान गरिन् ।

मुद्दा दर्ता गरेपछि कल्पनालाई प्रहरी अधिकारीहरूले धम्की दिए । २०६४ असार १४ गते महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वर, काठमाडौँका प्रहरी निरिक्षक हिरा बहादुर पाण्डेले अर्को माओवादीपीडित कल्याण बुढाथोकीलाई आफ्नो कार्यालयमा बोलाई कल्पनालाई मुद्दा फिर्ता लिने सन्देश पुऱ्याउन लगायो । त्यसो नगरे उनलाई अर्को अभियोग लगाई पुनः पक्राउ गर्ने बतायो । अर्को दिन अर्थात् असार १५ गते कल्याण बुढाथोकीले सो सन्देश कल्पनालाई दियो ।

यातनाको कार्य पुष्टि गर्ने बलियो स्वास्थ्य परीक्षण प्रतिवेदन र अन्य प्रमाण हुदाँहुदै पनि काठमाडौँ जिल्ला अदालतले देहायको आदेश दियो : "पीडितको स्वास्थ्य प्रतिवेदनले स्पष्ट रूपमा पीडितको शरीरमा यातनाको घाउ र नीलो डाम रहेको देखाउँछ । स्वास्थ्य परीक्षण प्रतिवेदनले यी घाउ र नीलो डाम हिरासतमा यातनाका कारण भएको पुष्टि गर्छ । प्रतिवादी प्रहरी निरीक्षक हिरा बहादुर पाण्डेले पीडितलाई पक्राउ गरेको स्वीकार गरेका छन् र पीडितको सो घाउ र नीलो डाम हिरासतमा यातनाका अलावा अन्य कारणले भएको हो भन्ने कुरा पुष्टि गर्ने अन्य कुनै प्रमाण नभएकोले पीडितलाई पक्राउका दौरान र हिरासतमा यातना दिइएको कुरा स्पष्ट हुन आउँछ । यद्यपि वादीले आफूलाई यातना दिन संलग्न रहेको पीडकको नाम स्पष्ट पार्न र सो सम्बन्धमा प्रमाण देखाउन पनि नसकेको र उनको निवेदनमा आफूलाई कस्तो परिस्थितिमा कुन उद्देश्यका लागि यातना दिइएको भन्ने पनि खुल्न आएन । यस्तो परिस्थितिमा पीडकविरूद्ध विभागीय कारबाहीका लागि निवेदन प्रस्तुत गरिएको प्रमाण र दाबी पर्याप्त भएन" ।

निवेदनमा पीडित र प्रत्यक्षदर्शीले स्पष्ट रूपमा पीडकका बारे बयान दिएका छन् जसमा पीडकको नाम र कसरी, कति बेला र कुन उद्देश्यले उनलाई यातना दिइयो भन्ने कुरा उल्लेख गरिएको छ । यसबाट अदालत पीडकविरूद्ध विभागीय कारबाहीको आदेश दिनबाट जानीजानी उम्कन खोजेको एवं अनिच्छुक रहेको देखिन्छ ।

जिल्ला अदालतले पीडितको अतीतको जिकिर गरेको छ । आफ्नो निर्णयमा अदालतले "रिट निवेदकको श्रीमान् प्रहरी सेवा गरेकै कारण माओवादीद्वारा मारिएको, निवेदकको ससुरा पनि माओवादीद्वारा मारिएको र आफूले प्रहरीको जागिर नछाडे बालबच्चालाई मारिदिने धम्की माओवादीले दिएको उल्लेख छ । त्यसैले पीडितले प्रहरी सेवा छाडनुपर्‍यो । यस्तो परिस्थितिमा यातना क्षतिपूर्ति ऐनको दफा ६ अन्तर्गत नेपाल सरकारबाट निवेदकले क्षतिपूर्ति रकम स्वरूप ६०,००० रूपैयाँ पाउने देखिन्छ" ।

२०६५ कार्तिक २८ मा कल्पना भण्डारीले जिल्ला अदालतको निर्णयविरूद्ध पुनरावेदन अदालत पाटनमा उल्लिखित पीडकविरूद्ध विभागीय कारबाहीको माग गर्दै पुनरावेदन गरिन् । तर २०६७ चैत्र २९ मा कल्पनाले आफूलाई यातना दिन जिम्मेवार रहेका प्रहरीको पहिचान गरी उनीहरूका विरूद्ध प्रस्तुत गरेको प्रमाणलाई गम्भीरतापूर्वक ध्यान नदिइकन नै पुनरावेदन अदालतले जिल्ला अदालतको निर्णय सदर गर्दै मुद्दा खारेज गरिदियो । कुन आधारमा आफूले निवेदन खारेज गरेको भन्ने कुरा अदालतले आफ्नो निर्णयमा व्याख्या गरेन ।

सर्वोच्च अदालतमा थप पुनरावेदनका लागि मुद्दा दर्ता गर्ने कि नगर्ने भन्ने दुविधामा कल्पनाले आफू करिब चार वर्षसम्म विना निष्कर्ष न्याय प्राप्तिको प्रयत्न गर्दा गर्दै थाकेको भन्दै मुद्दा दर्ता नगर्ने निर्णय गरिन् । स्वास्थ्य उपचारका लागि धेरै पैसा खर्च गर्नुपरेकोले उनले आर्थिक समस्या पनि झेल्नुपरेको छ । उनले स्वास्थ्योपचारका लागि खर्च गरेको रकम उनलाई जिल्ला अदालतले प्रदान गरेको क्षतिपूर्ति रकमले मात्र पूर्ण रूपमा समेट्नसकेन ।


अध्याय ५

# महिलामाथि भएको यातनामा यातना क्षतिपूर्ति ऐनअन्तर्गतको फैसला

नेपाली अदालतमा यातनासँग सम्बन्धित मुद्दाउपर सुनुवाइ गर्न मिल्ने एकमात्र कानुनी संयन्त्र भनेको यातना क्षतिपूर्ति ऐन २०५३ हो । पीडितलाई क्षतिपूर्ति दिने तथा पीडक भनिएका व्यक्तिमाथि विभागीय कारबाही चलाउनेजस्ता उपचार यातना क्षतिपूर्ति ऐनले सिफारिस गर्दछ । यो ऐनअन्तर्गतको कार्यविधि भनेको आधारभूत रूपमा देवानी मुद्दा हो जसमा वादीले निजी कानुन व्यवसायी राख्नुपर्ने हुन्छ भने (यातना दिएको भनी आरोप लागेका) सरकारी अधिकारीका तर्फबाट बहस गर्न सरकारी वकिल उपस्थित हुन्छन् । यातनालाई फौजदारी अपराध बनाउनुपर्ने संवैधानिक तथा अन्तर्राष्ट्रिय दायित्व नेपालको छ । सन् २००७ मा सर्वोच्च अदालतले आदेश दिएको भएपनि यातनालाई फौजदारी अपराध बनाउने कानुन सरकारले हालसम्म लागू गरेको छैन तर हालसालै त्यस्तो कानुनको विधेयक सरकारले संसद्मा दर्ता गरेको भएपनि संसद्को विघटनसँगै यसले कानुनको रूप लिने सम्भावना भने छैन ।

यातना क्षतिपूर्ति ऐन लागू भएदेखि विभिन्न जिल्ला अदालतमा ३०० भन्दा बढी यातनाका मुद्दा हालिएका छन् । तर तीमध्ये केही मुद्दामा मात्र यातनापीडितका पक्षमा फैसला भएका पाइन्छन् । विशेषगरी नामै तोकिएका पीडकका विरूद्ध विभागीय कारबाही गराइपाउने पीडितको निवेदनमा नेपाली अदालती प्रणालीबाट कम मात्र अनुकूल फैसला आउनेगरेका छन् ।

एड्भोकेसी फोरमको आफ्नै तथ्याङ्कअनुसार यातनापीडित महिलाले दर्ता गरेका मुद्दामा भएका अदालती फैसलालाई देहायको चार्टले अभिलेखीकरण गर्दछ :




एड्भोकेसी फोरमको तथ्याङ्कअनुसार यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा दर्ता गर्नका लागि कानुनी सहायता खोज्नेहरूमध्ये यातनापीडित महिलाको संख्या तुलनात्मक रूपमा कमै छ । सामान्यतया अधिकांश यातनापीडितहरू अदालत गएर प्रहरीका विरूद्ध मुद्दा दर्ता गर्न हिचकिचाउँछन् । सामाजिक तथा पारिवारिक कलंक अनि आर्थिक समस्याका अलावा यातनापीडितहरूलाई प्रहरीले धम्क्याउने समेत गरेको छ । यातनापीडित महिलाले बताएअनुसार पीडकविरूद्ध मुद्दा हाल्दा उनीहरूमाथि प्रहरीले नियमित रूपमा धाकधम्की दिने, जोरजुलुम गर्ने गर्दछन् । यी बाधाअवरोधका बाबजुद यातनापीडित केही महिलाले पीडकका विरूद्ध मुद्दा दर्ता गरेका छन् । दुर्भाग्यवश उनीहरूको साहसलाई नेपालको न्यायपालिकाले पुरस्कृत गर्दैन र उनीहरूको अनुकूल नहुने फैसला सुनाउने गर्दछ ।

यातना क्षतिपूर्ति ऐन सिद्धान्त तथा व्यवहार दुवैमा नेपालको अन्तर्राष्ट्रिय सन्धिजनित दायित्वसँग अनुकूल छैन ।[३४] यातनापीडित महिलाले दायर गरेका मुद्दाको विश्लेषणमा अनेकौं दोहोरिरहने विषयवस्तु छन् र तिनको विस्तारपूर्वक तल चर्चा गरिएको छ ।

## १८. अदालतको ढिलो तथा जटिल कार्यविधिका कारण मुद्दा खारेज हुने अवस्था

यातना क्षतिपूर्ति ऐनको दफा ६ का अनुसार यातनाका मुद्दामा संक्षिप्त कार्यविधि ऐन २०२८ अन्तर्गत कारबाही चलाइने व्यवस्था छ । यातना मुद्दाका प्रतिवादीले अदालतबाट उजुरी प्राप्त गरेको अधिकतम १४ दिनभित्र लिखित जवाफ पेश गर्नुपर्ने हुन्छ । संक्षिप्त कार्यविधि ऐनको दफा १० अनुसार प्रतिवादीले लिखित जवाफ पेश गरेको ९० दिनभित्र मुद्दामा फैसला भइसक्नुपर्दछ । संक्षिप्त कार्यविधि ऐनको दफा ८ का अनुसार मुद्दाका दुवै पक्षले अधिकतम दुईचोटि र बढीमा १५ दिनसम्म

[34] For more details, see for instance, Advocacy Forum, "Hope and Frustration. Assessing the Impact of Nepal's Torture Compensation Act", June 2008, available at http://www.advocacyforum.org/downloads/pdf/publications/june26-report-english-2008.pdf

एउटा मुद्दामा पेशी सार्नका लागि अनुरोध गर्न सक्छन् । त्यसैले यातनाको मुद्दा ६ महिनाभन्दा बढी लम्ब्याउनु हुँदैन । तर व्यवहारमा यातनाका मुद्दामा स्थगित हुने र बढी समयका लागि सर्नेगरेको पाइन्छ । अनि प्रतिवादीले लगातार अदालती म्यादको बेवास्ता गर्नेगरेका छन् र अदालतले समेत उनीहरूलाई चेतावनी दिनेगरेको छैन । यसरी ढिलाइ गर्दा यातनापीडितलाई गम्भीर समस्या आइपर्छ किनकि उनीहरूले प्रत्येक सुनुवाइका बेला अदालतमा हाजिर हुनुपर्दछ अनि उनीहरू प्रायः अदालतमा आउँदा सुनुवाइ सरेको जानकारी पाइरहेका हुन्छन् । परम्परागत रूपमा घरका धेरै काम गर्ने महिलाका लागि अदालतमा हाजिर हुने समय निकाल्न विशेषगरी गाह्रै हुन्छ । अनि यातनापीडितका रूपमा उनीहरूमा देखिएको शारीरिक तथा मानसिक समस्याले सुनुवाइका बेला अदालतमा उपस्थित हुने काम उनीहरूका लागि बोझ नै हुन्छ । यातनापीडित महिलाले कुनै एउटा सुनुवाइ छुटाउँदा अदालतले मुद्दा खारेज गरिदिएका धेरै उदाहरण छन् ।

सुमित्रा खवासलाई २००७ मा जिल्ला प्रहरी कार्यालय मोरङको हिरासतमा यातना दिइएको थियो । यसले गर्दा उनलाई घाउचोट लागेकाले लामो समयका लागि स्वास्थ्य उपचार गराउनुपरेको थियो र उनी अझै पनि मानसिक समस्याबाट ग्रस्त छिन् । यसका बाबजुद उनले यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा हाल्ने निर्णय गरिन् । अनावश्यक कार्यविधिगत ढिलाइका बाबजुद उनी आफ्नो सुनुवाइ हुने दिन नियमित रूपमा अदालत जान्थिन् । उनी बिरामी परेर एकचोटि सुनुवाइको तारिख छुटाउँदा उनको मुद्दा अदालतले खारेज गरिदियो ।

अर्की यातनापीडित महिला नूरजान खातुनको मुद्दा कार्यविधिगत प्रविधिका कारण खारेज भयो । उनले अक्टोबर २००७ मा मोरङ जिल्ला अदालतमा यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा हालेकी थिइन् । फेब्रुअरी २०१० मा सुस्त गतिमा मुद्दा चलिरहेको र पूरै समयमा उनी तदारूकताका उपस्थित रहेको भएपनि एकचोटि बिरामी परेर उनी एउटा सुनुवाइमा उपस्थित हुन सकिनन् । उनका तर्फबाट एड्भोकेसी फोरमका वकिलले नूरजान बिरामी भएर अदालतमा उपस्थित हुन नसकेकाले सुनुवाइको दिन सारिपाउँ भनी निवेदन दिए । उनलाई कानुनबमोजिम १३ दिनपछिको सुनुवाइ तारिखका लागि वकिलले निवेदन गरे । रजिष्ट्रारले वकिलको निवेदन स्वीकार गरे र नयाँ सुनुवाइ तारिख निर्धारण भयो । तर प्रतिवादीले नयाँ तारिखलाई चुनौती दियो अनि सुनुवाइको नयाँ तारिख स्वीकार्न नसकिने जिकिर लिँदै न्यायाधीशले मुद्दा खारेज गरिदिए । 'झूटा मुद्दा लगाएको' भनी अदालतले उनलाई जरिवाना तिरायो किनकि अदालतमा अब यो मुद्दा चल्ने स्थिति थिएन । फलतः नूरजान खातुनले आफ्नो मुद्दा खारेज भएकोमा पुनरावेदन दर्ता गराइनन् किनकि स्थानीय प्रहरीले उनलाई यसो नगर्नु, गरे फेरि तिम्रा विरूद्ध झूटा मुद्दा लगाइदिन्छौं भनी धम्की दियो ।

## १९. आदेश दिने अधिकारीविरुद्ध कारबाही नचलाइनु

चोरीको आशंकामा जुलाइ २०१० मा पक्राउ गरिएकी महिमा कुसुलेलाई पुरूष तथा महिला प्रहरीले यातना दिए ।[३५] पीडितका अनुसार राजीव केसी नामको असइले प्रहरी जवानलाई उनीमाथि यातना

[35] For more details on the case, see Advocacy Forum, "Torture of Women in Detention. Nepal's Failure to Prevent and Protect", June 2010, page 11, available at http://www.advocacyforum.org/downloads/pdf/publications/torture-of-women-in-detention-english-26-june-2011.pdf

दिन लगायो । प्रहरी हवलदार निर्मला पोखेलले पीडितको पैतालामा भित्र डण्डी कोचिएको कालो प्लास्टिकको पाइपले २० मिनटसम्म पिटिन् र अपराधमा साबिती गर्न लगाइन् । साबिती गरिनस् भने तँलाई करेन्ट लगाइदिन्छौं भनी उनीहरूले धम्क्याए । उनका विरूद्ध कुनै पनि प्रमाण फेला नपारेपछि अनि उनलाई साबिती पनि गराउन नसकेपछि प्रहरीले उनलाई कुनै मुद्दा नलगाइकन छोडिदियो । आफूमाथि यातना भएको भन्ने प्रमाणित गर्ने दह्रो स्वास्थ्य परीक्षण प्रतिवेदनसहित उनले यातनाको मुद्दा दायर गरिन् । प्रतिवेदन तयार पार्ने चिकित्सकलाई प्रहरीले हप्कायो र प्रतिवेदनमा परिवर्तन गर्न दबाब दियो । १२ जेठ २०६८ को फैसलामा दोलखा जिल्ला अदालतले प्रहरीबाट अनुसन्धानका क्रममा गलत तरिका अपनाएको अनि साबिती लिनका लागि पीडितलाई यातना दिइएको पाइएको भनी स्वीकार गऱ्यो । प्रहरीले भविष्यमा यस्तो गल्ती नदोहोऱ्याओस् भनी अदालतले जिल्ला प्रहरी कार्यालयलाई आदेश दियो र महिमा यातनापीडित भएको पाइएकाले उनलाई क्षतिपूर्तिका रूपमा रू. १५,००० दिइयो । तर पीडक भनी पहिचान गरिएमध्येको प्रहरी इन्चार्जको घटनामा संलग्नता थिएन किनकि एउटा मुद्दामा प्रहरी नायब उपरीक्षकले मुद्दाको सिधै अनुसन्धान नगर्ने बरु यसो गर्नका लागि अर्को अधिकृत नियुक्त गर्ने विद्यमान कानुनी प्रावधान नै भएको भनी अदालतले निष्कर्ष निकाल्यो । त्यसैले प्रहरी नायब उपरीक्षक आफैँले मुद्दामा चासो देखाएर आफ्ना मातहतका प्रहरीलाई पीडितमाथि यातना दिँदै मुद्दाको अनुसन्धान गर्नू भन्यो होला भनी विश्वास गर्ने मनासिब कारण अदालतले पाएन ।

यातनाका मुद्दामा न्यायालयको कमजोर बुझाइलाई यो फैसलाले उजागर गरेको छ । उच्च अधिकारीको जवाफदेहिताको सिद्धान्तलाई न्यायपालिकाले आधारभूत रूपमै गलत बुझ्नेगरेको छ र पीडितले बेहोरेको हानिका बारेमा कुनै विश्लेषण नगरी त्यसको अनुपातमा थोरै मात्र क्षतिपूर्ति रकम न्याय प्रणालीले प्रदान गर्नेगरेको छ । अदालतले महिमालाई रू. १५,००० को क्षतिपूर्ति दियो तर उनले अनुमान गरेअनुसार औषधोपचारका लागि उनको लगभग रू. ५०,००० खर्च भइसकेको छ र यातनाका असर निको पार्न नै थप रकम खर्च भइरहेको छ । अनि न्यायालयले 'अपराधको पुनरावृत्ति' नहुने प्रत्याभूतिका लागि पीडकलाई न्यूनतम रूपमा पनि जवाफदेहिता नगराउने गरेको छ । आफ्नो फैसलामा अदालतले यस्ता अपराध नदोहोऱ्याउनका लागि आदेश दियो तर पीडकलाई कुनै सजाय दिएन । पीडकलाई कुनै पनि सजाय नदिइँदा यस्ता अपराध नगर्नका लागि पीडक खासै हतोत्साही हुँदैनन् ।

अदालतको फैसलाको विरोधमा आफूले पाएको क्षतिपूर्ति रकम महिमा कुसुलेले स्वीकार गरिनन् । उनले अदालती फैसलाका विरूद्ध पुनरावेदन समेत गरिन् र उनी अहिले पुनरावेदनको परिणाम पर्खेर बसेकी छिन् ।

## २०. क्षतिपूर्ति दिइएको र विभागीय कारबाहीको सिफारिस गरिएको तर विभागीय कारबाहीको परिणामका सम्बन्धमा जानकारी नदिइएको

पदममाया सुनुवारलाई जनवरी २०१० मा जिल्ला प्रहरी कार्यालय रामेछापले पक्राउ गरेको थियो । उनलाई आठ दिनसम्म हिरासतमा राखिएको थियो र यो अवधिमा उनलाई पुरूष प्रहरीले यातना

दिएका थिए । उनीमाथि यौन दुर्व्यवहारसमेत भएको थियो । प्रहरीले उनका विरूद्ध कुनै पनि मुद्दा ठहऱ्याउन नसकेर कुनै अभियोगविना नै रिहा गरिदियो । उनलाई पक्राउ पुर्जी वा थुनुवा पुर्जी केही पनि दिइएन र उनको पक्राउ तथा थुनासम्बन्धी अन्य केही पनि प्रमाण दिइएन ।

हिरासतमुक्त भएपछि २०६६ फागुन ४ गते पदममायाले रामेछाप जिल्ला अदालतमा यातनाको मुद्दा दायर गरिन् । प्रहरीले निरन्तर दिएका धाकधम्की तथा जोरजुलुमका बाबजुद पदममायाले मुद्दा अघि बढाइन् । रामेछाप जिल्ला प्रहरीले पदममायालाई शारीरिक तथा मानसिक हिंसा दुवै दिएको भनी जिल्ला अदालतले निष्कर्ष निकाल्यो । हिरासतमा रहेकी एकमात्र महिला भएका नाताले पुरूष प्रहरी अधिकारीले उनलाई पुरूष चिकित्सककहाँ लगेर स्वास्थ्य परीक्षण गराएकाले आफ्ना गुप्तांगमा भएका यातनाका बारेमा उनले खुलस्त भन्न हिचकिचाएकी हुनुपर्छ भन्ने समेत अदालतले निष्कर्ष निकाल्यो । पदममायालाई महिला स्वास्थ्यकर्मीले फेरि परीक्षण गर्दा प्रतिवेदनले देखाएअनुसार उनको नितम्बमा नीला दाग थिए, हत्केला सुन्निएका थिए र दुवै गोडामा नीला दाग थिए । यी घाउ पदममाया थुनामा हुँदा पाएको यातनाको कारण भएको हुनुपर्छ भनी प्रतिवेदनले उल्लेख गरेको छ ।

आफ्नो आधिकारिक काम तथा जिम्मेवारीलाई ठाडै अवज्ञा गर्दै आफ्नो नियन्त्रणमा रहेकी पदममायालाई प्रहरीले शारीरिक तथा मानसिक यातना दिएको भनी अदालतले ठहर गऱ्यो । यातनाविरूद्धको महासन्धिअन्तर्गत नेपालको अन्तर्राष्ट्रिय दायित्वलाई अदालतले उल्लेख गऱ्यो र प्रहरीले पदममायाप्रति गरेको व्यवहार ठाडै गैरकानुनी भएको भनी निष्कर्ष गऱ्यो । पदममायालाई रू. २०,००० क्षतिपूर्ति दिने तथा पीडकका विरूद्ध विभागीय कारबाही चलाउन अदालतले आदेश दियो । २०६९ जेठ २५ गते पदममायाले क्षतिपूर्ति रकम हात पारिन् ।

घटना भएको दुई वर्षपछि पदममायाले आफ्नो मुद्दामा पीडकका विरूद्ध कुनै विभागीय कारबाही भएको खबर अझै सुन्न पाएकी छैनन् । यो प्रतिवेदन तयार गरून्जेलसम्म अदालतले प्रहरी अधिकारीका विरूद्ध गरेको विभागीय कारबाहीको आदेशको जानकारी पाउनका लागि अदालतमा निवेदन हाल्ने तयारी पदममायाले गरिरहेकी छिन् । उनी हाल पनि नियमित स्वास्थ्यपरीक्षण गराइरहेकी छिन् (विशेषगरी ढाडको समस्याको) र मनोवैज्ञानिक समस्याबाट अझै पनि ग्रस्त छिन् । स्वास्थ्योपचारका लागि हालसम्म रू. ५०,००० खर्च भइसकेको भन्ने उनको अनुमान छ र यो भनेको उनले पाएको क्षतिपूर्ति रकमभन्दा दुई गुणा बढी हो ।

# अध्याय ६

# द्धन्द्धकालका बलात्कार तथा यातनापीडितलाई "अन्तरिम राहत" बाट वञ्चित गरिएको

सशस्त्र द्वन्द्वका दौरान मारिएका, यातना पाएका, बेपत्ता बनाइएका र/वा विस्थापित भएका व्यक्तिलाई राहत तथा पुनःस्थापना गर्ने प्रतिज्ञा बृहत् शान्ति सम्झौताले गरेको थियो ।[३६] युद्धकालमा भएका हत्या, बेपत्ता तथा सम्पत्तिको नोक्सानीसँग सम्बन्धित विभिन्न क्षतिपूर्ति योजनालाई सरकारले सुरुमा विकास गरेको थियो । तर अप्रिल २००८ मा संविधानसभाको निर्वाचन भएपछि नयाँ सरकारले यो नीतिमा संशोधन गर्‍यो र नयाँ "अन्तरिम राहत कार्यक्रम" ल्यायो । अन्तरिम राहत कार्यक्रमअन्तर्गत मारिएका, बेपत्ता बनाइएका तथा सम्पत्ति गुमाएका व्यक्तिको परिवारलाई "अन्तरिम राहत" को हकदार बनाइयो ।[३७] अन्तरिम राहतको प्याकेजमा धेरै असंगति रहेका थिए र बेपत्ताका श्रीमतीलाई दिइने "अन्तरिम राहत" (रू. २५,००० को रकम) मारिएकाको परिवारले पाउने (रू. १००,००० को रकम) भन्दा धेरै कम थियो तर बेपत्ताका परिवार र एड्भोकेसी फोरमलगायतका नागरिक समाजका संगठनको विरोधपश्चात् यसमा परिर्वतन गरियो । सन् २०११ मा सबै राहतका प्याकेजलाई एकीकृत गरी "नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहयोगसम्बन्धी कार्यविधि (२०६७)" नाम दिइयो ।[३८]

सरकारले विभिन्न नीतिमा "द्वन्द्वपीडित" लाई फरकफरक तवरले परिभाषित गरेको छ र यसका परिभाषा अन्तर्राष्ट्रिय मापदण्डका तुलनामा साँघुरा देखिन्छन् ।[३९]

"पीडित" भन्नाले त्यस्ता व्यक्तिलाई जनाउँछ जसले व्यक्तिगत वा सामूहिक रूपमा हानि बेहोरेका हुन्छन् जसअन्तर्गत शारीरिक तथा मानसिक क्षति, भावनात्मक पीडा, आर्थिक क्षति वा आफ्ना

[36] There is no one place in the CPA where this is set out. Section 5.2.4 provides for a National Peace and Rehabilitation Commission, which among other aims, would provide relief and rehabilitation to war-affected and displaced persons. Under Section 5.2.8, displaced people would be rehabilitated and socialized back in society. Section 7.1.3 provides for conflict and torture victims and families of those who have been disappeared to be provided with relief. Under Section 7.5.3, the parties express their commitment to treatment and rehabilitation of people injured in the course of the conflict. Finally, in Section 7.6.1, both parties agree to protect the rights of women and children "in a special way".

[37] Under the policy the families of the killed or disappeared are entitled to 100,000NRP per person, as are those that lost their property as a result of the conflict.

[38] A widow of a person killed or disappeared during the conflict is entitled to 25,000NPR.

[39] Advocacy Forum, "Discrimination and Irregularities. The painful tale of interim relief in Nepal", 2010, available at http://www.advocacyforum.org/downloads/pdf/publications/Discriminations_and_Irregularities_A_painful_tale_of_Interim_Relief_in_Nepal.pdf

नैसर्गिक अधिकारको ठूलो नोक्सानी पर्दछ र यस्तो हानि सदस्य राष्ट्रभित्र सञ्चालनमा रहेका फौजदारी कानुनलाई उल्लंघन गर्ने कार्य वा कार्यको अभावबाट हुनसक्छ अनि यस्ता कानुनमा शक्ति दुरूपयोगलाई निषेध गर्ने कानुन पनि पर्दछ ।[४०]

यी व्यवस्थाहरू सबै व्यक्तिमा लागू हुन्छन् र यसमा जाति, रंग, लिंग, भाषा, धर्म, राष्ट्रियता, राजनीतिक वा अन्य विचार, सांस्कृतिक विश्वास वा अभ्यास, सम्पत्ति, जन्म वा पारिवारिक हैसियत, जातीय वा सामाजिक उत्पत्ति वा अपांगताका आधारमा भिन्नता गरिनुहुँदैन । नेपाल सरकारले द्वन्द्वपीडितका विषयलाई लिएर विशिष्ट नीतिहरू बनाएको भएपनि यी कुनै पनि नीतिले विशेषरूपमा द्वन्द्वकालीन बलात्कार तथा यातनाका विषयलाई सम्बोधित गरेका छैनन् ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लंघन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका पीडितलाई उपचार तथा परिपूरणको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्त तथा निर्देशिकाले विभेदरहितताको प्रावधानलाई समेत समावेश गरेको छ र विभेदरहितताका अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनका लागि आह्वान गरेको छ ।[४१] त्यसैले अगाडि हेर्दा तटस्थ देखिने नीतिलाई पनि परीक्षण गर्नुपर्छ जसले गर्दा व्यवहारमा विभेद कायम नरहोस् भन्ने कुरा सुनिश्चित हुन्छ ।

नेपाल सरकारले गरेको परिभाषा यसप्रकारको छ :

"द्वन्द्वपीडित" ले सशस्त्र द्वन्द्वका दौरान मारिएका तथा बेपत्ता भएका वा अपांग भएका वा आन्तरिक विस्थापित भएका व्यक्तिका परिवारका सदस्यलाई समेट्दछ ।[४२]

राष्ट्रिय कार्ययोजनामा "द्वन्द्वपीडित महिला तथा बालबालिका" ले त्यस्ता महिला तथा बालबालिकालाई समेटेको छ जसले सशस्त्र द्वन्द्वको असरका कारण वा त्यसको परिणामस्वरूप देहायका परिस्थितिबाट पीडा बेहोर्नुपरेको छ (उनीहरूको हालको हैसियतलाई विचार नगर्दा पनि) :

- आफूले बसोबास गरिरहेको स्थानबाट विस्थापित भएका महिला वा बालिका
- एकल महिला
- मानसिक असर परेका महिला तथा बालिका
- यौन शोषण वा बलात्कारबाट पीडित महिला वा बालिका

[40] Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power Adopted by General Assembly resolution 40/34 of 29 November 1985. This definition is also contained in the Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law adopted and proclaimed by General Assembly resolution 60/147 of 16 December 2005.

[41] UN General Assembly resolution 60/147, Dec. 16, 2005, XI.

[42] "Guidelines for providing employment/ self-employment services to victims of armed conflict, 2067" section 2 (b).

- यौन शोषण वा बलात्कारका कारण गर्भवती भएका र बच्चालाई जन्म दिन वा आमा बन्न बाध्य पारिएका महिला वा बालिका
- थुनामा वा कारागारमा रहेका वा कारावास सजाय काटेका महिला वा बालिका

द्वन्द्वपीडितले दिगो जीविका विकास वा पुनर्विकास गरून् भनी उनीहरूलाई आर्थिक क्षतिपूर्तिरूपी साँघुरो घेरामा नेपाल सरकारले आफूलाई सीमित गरेको छ । सन् २००७ मा मन्त्रिमण्डलको स्वीकृति पाएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले "द्वन्द्वपीडित" लाई क्षतिपूर्ति दिने विशेष रकमका रूपमा आर्थिक राहत तथा सहायता दिन थाल्यो ।[४३]

मारिएका व्यक्तिका बालबच्चालाई छात्रवृत्ति, द्वन्द्वका दौरान घाइते भएका व्यक्तिलाई स्वास्थ्योपचार, द्वन्द्वपीडितका लागि क्षमता विकास तालिम तथा द्वन्द्वका दौरान सम्पत्तिमा क्षति पुगेका व्यक्ति तथा संस्थालाई आर्थिक सहायता गर्ने व्यवस्था अन्य विभिन्नखाले क्षतिपूर्तिअन्तर्गत समावेश हुन्छन् ।

अन्तरिम राहत कार्यक्रमको सुरुवातदेखि नै सरकार र नीतिनिर्माताहरू यातनापीडित तथा बलात्कृतलाई सशस्त्र द्वन्द्वका पीडितका रूपमा समावेश गर्नबाट चुकेका छन् । नागरिक समाज तथा द्वन्द्वपीडित परिवारले उनीहरूलाई पनि अन्तरिम राहत कार्यक्रममा समावेश गर्नुपर्ने भनी आवाज उठाएको भएपनि सरकार र प्रमुख राजनीतिक दलले यसमा कुनै ध्यान पुऱ्याएनन् । डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले यो निर्देशिकालाई थप परिवर्तन गरेको थियो तर यातनापीडित तथा बलात्कृतलाई अझै पनि पहिचान गरिएको छैन ।

नेपाल सरकारले मानवअधिकार कार्ययोजनामुताबिक काम गर्ने प्रतिबद्धता जाहेर गरेको छ जुन कार्ययोजनाले देहायको कुरामा जोड दिएको छ, "शान्ति प्रवर्द्धनको विषयमा केन्द्रित भएर द्वन्द्वपीडितको पुनःस्थापना तथा पुनःसमायोजन गर्ने । यो विषयका लागि सशस्त्र द्वन्द्वको असर परेका व्यक्ति र परिवारको तथ्याङ्क संकलन गर्न तथा उनीहरूलाई परिपूरण प्रदान गर्न सरकारले प्रतिबद्धता जाहेर गरेको छ तर युद्धका बेला ठ्याक्कै कतिजना व्यक्ति यातना तथा बलात्कारबाट पीडित भए भनी सरकारले हालसम्म निष्कर्ष निकालेको छैन ।"[४४]

द्वन्द्वकालीन घटनाका पीडितलाई क्षतिपूर्ति दिनसक्ने दुईवटा निकाय सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन गर्ने पहलकदमी (छोटै समयका लागि मात्र भएपनि) रोकिएपछि परिपूरणको अधिकारको सम्बोधन हुनै बाँकी छ । हाललाई भने "द्वन्द्वपीडित" को पहिचान र व्यक्तिगत दाबीलाई पुष्टि गर्ने मिहिन प्रक्रिया विद्यमान योजनामा परेका छैनन् ।

अन्तरिम राहत कार्यक्रमको विश्लेषणमा निश्चित तवरका द्वन्द्वपीडितलाई पूरै बहिष्कृत गरेको र अन्यलाई असमान व्यवहार गरेको तथ्य अगाडि आउँछ । हानिको स्तरलाई राहतका लागि सान्दर्भिक

[43] For example, the family of the dead and disappeared could receive financial compensation, and compensation would be awarded to the handicapped depending on the level of injury.

[44] National Human Rights Action Plan 2010-2013.

मापदण्ड बनाउने कामलाई अन्तरिम राहत कार्यक्रमले बेवास्ता गरेको देखिन्छ । यातना, बलात्कार र यौनहिंसाका पीडितलाई ठाडै भेदभाव गर्ने कामको व्याख्या गर्नै सकिन्न । सम्पत्तिको क्षति, कृषिमा परेको हानिनोक्सानी, सवारीसाधनमा क्षति वा सुरक्षाकर्मीले हडपेका सम्पत्तिलाई सबभन्दा बढी महत्व दिने कामले समाजमा गलत सन्देश फैलिन्छ, त्यो के भने सम्पत्तिमा हानि पुऱ्याउनु भनेको यातना र यौनहिंसाभन्दा बढी गम्भीर कसुर हो ।

यातनापीडितले अन्तरिम राहत प्राप्त गर्ने अधिकारका सम्बन्धमा अन्तरिम राहत कार्यक्रम मौन छ । यौनहिंसाका पीडितको विपरीत यातनापीडितले जिल्ला प्रशासन कार्यालयलगायतका सबै सम्भव निकायमा गएर निवेदन हाल्ने प्रयास गरेका छन् । तर अन्तरिम राहत कार्यक्रममा कुनै व्यवस्था नगरिएको र सरकारी निकायलाई यसरी उनीहरूको आवाज सुन्ने कार्यादेश दिने कुनै संयन्त्र नभएकाले यी पीडितका आवाज नसुनिएरै हराउँछन् । प्रत्येक पीडित र उसको परिवारलाई यसकारण नकारात्मक परिणाम बेहोर्नुपर्ने हुन्छ । प्रस्ट कानुन बनाउन तथा समानताको अधिकारको अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको द्वन्द्वपीडितका आवश्यकतालाई सम्बोधन गर्नका लागि सर्वोच्च अदालतले नेपाल सरकारलाई आदेश समेत दिइसकेको छ ।[४५]

प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको सरकारले ल्याएको नीतिगत परिवर्तनलाई पछ्याउँदै अब द्वन्द्वका बेला (दुवै पक्षले) गैरकानुनी रूपमा थुनामा राखेका तथा थुनामा २४ दिनभन्दा बढी समय राखेका व्यक्तिका नामको संकलन कार्यदलले गर्नुपर्दछ । गैरकानुनी थुनामा नै प्रायः यातनाका घटना हुने भएकाले कार्यदलले यातनापीडितका सम्बन्धमा पक्कै पनि केही तथ्याङ्क संकलन गर्नेछ । यसको परिणामस्वरूप यातनापीडित तथा बलात्कृतले "अन्तरिम राहत" वा अन्य कुनै परिपूरण प्राप्त गर्नेछन् कि छैनन् भन्नेबारेमा भविष्यले नै बताउला ।

[45] Bhim Prakash Oli and Others vs. His Majesty's Government and others, Writ No. 3394 (2061).

अध्याय ७

# यातना विधेयकलगायतका केही सकारात्मक पहलकदमी

सन् २०११ मा नेपालको फौजदारी न्याय प्रणालीलाई सुधार गर्नका लागि सरकारले अनेकौं महत्वपूर्ण कदम चालेको थियो । नयाँ अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा दण्ड विधेयक अनि यातना विधेयक मस्यौदा गर्ने काम यीमध्येका प्रमुख काम हुन् । नेपालको विश्वव्यापी आवधिक समीक्षाका दौरान गरिएको सिफारिस लागू गर्ने राष्ट्रिय कार्ययोजना पनि २०११ को स्वागतयोग्य नीतिगत पहलकदमी हो र यसको संक्षिप्त चर्चा तल गरिनेछ ।

## २१– मस्यौदा अपराध संहिता तथा फौजदारी कार्यविधि संहिता

नेपालको फौजदारी न्याय प्रणाली प्राथमिक रूपमा प्रमाणभन्दा साबितीमा आधारित छ । फौजदारी न्याय प्रणालीको सुधार बहसको इतिहास लामो छ । नयाँ अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा दण्ड विधेयक जनवरी २०११ मा संसद्समक्ष पेश गरिएको थियो । मस्यौदा फौजदारी कार्यविधि संहिताको दफा २२९ महत्वपूर्ण छ र यसमा बलात्कारको अपराधमा हदम्यादलाई ३५ दिनबाट बढाएर एक वर्ष पुऱ्याइएको छ । दफा १६९ अर्को महत्वपूर्ण प्रावधान हो र यसले यातनालाई फौजदारी अपराध बनाएको छ । विशेषगरी यातनाको अभियोग लागेका व्यक्तिलाई कसुरको गाम्भीर्यलाई विचार गर्दै पाँच वर्षसम्मको कारावास सजाय तथा रू. ५०,००० सम्मको जरिवाना वा दुवै गर्नसक्ने व्यवस्था दफा १६९ ले गरेको छ ।[४६]

मस्यौदा अपराध संहिता विधेयकका रूपमा व्यवस्थापिका संसद्को सचिवालयसमक्ष पेश भई संविधानसभा तथा व्यवस्थापिका संसद् भंग हुने अवधिसम्म पनि थन्किरहेको थियो । त्यसैले मस्यौदा अपराध संहिता नयाँ व्यवस्थापिका गठन भएर विधेयकउपर मतदान नभएसम्म कानुन बन्दैन ।

[46] For a detailed analysis of Advocacy Forum's comments on the draft codes and bill, including from a sexual violence perspective, see http://www.advocacyforum.org/news/2011/04/af-redress-submit-key-recommen dations.php

## २२– विश्वव्यापी आवधिक समीक्षाका सिफारिस तथा कार्ययोजना

नेपालको विश्वव्यापी आवधिक समीक्षा २०६७ माघ ११ गते सम्पन्न भयो । यातना, लैंगिक हिंसा तथा दण्डहीनतालगायतका नेपालका मानवअधिकारका अवस्थाका सम्बन्धमा अन्य धेरै देशका सरकारी प्रतिनिधिले गम्भीर चिन्ता व्यक्त गरे । विश्वव्यापी आवधिक समीक्षापछि नेपाल सरकारले राष्ट्रिय कार्ययोजना प्रकाशित गरी विश्वव्यापी आवधिक समीक्षाका सिफारिस लागू गर्ने तरिकाका बारेमा जानकारी दियो । गरिनुपर्ने विशिष्ट कार्य तथा त्यसलाई लागू गर्ने जिम्मेवारी भएका सरकारी निकायलाई राष्ट्रिय कार्ययोजनाले तालिकाबद्ध गरेको छ । राष्ट्रिय कार्ययोजना ल्याउनु सिद्धान्ततः स्वागतयोग्य कदम भएपनि यसले "निश्चित समयमा" वा "चालू" जस्ता शब्दको प्रयोग गरेबाहेक सिफारिस कार्यान्वयनका लागि स्पष्ट समयसीमा तोकेको छैन र यसले परिणामको संकेत गर्ने मापकलाई पनि समावेश गरेको छैन ।

## २३– यातना विधेयक

अप्रिल २०१२ मा यातना विधेयक ल्याएर मानवअधिकार उल्लंघनका पीडितलाई संरक्षण गर्नेतर्फको अर्को सकारात्मक कदम नेपाल सरकारले चाल्यो । गृह मन्त्रालयले यातनालाई फौजदारी अपराध बनाउन, यातनाका उजुरीमाथि अनुसन्धान तथा अभियोजन गर्ने संयन्त्र बनाउन तथा यातनापीडितलाई क्षतिपूर्ति दिनका लागि बनेको विधेयक संसद्समक्ष पेश गऱ्यो ।

यातनाविरूद्धको महासन्धि तथा मानवअधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय सन्धिअन्तर्गतको नेपालको दायित्वलाई पूरा गर्न सघाउने व्यवस्था यातना विधेयकमा समावेश गरिएको छ । तल गरिएको यातना विधेयकमाथिको विश्लेषणमा पदममाया सुनुवारका अनुभवका आधारमा पनि विश्लेषण गरिएको छ । पदममायालाई जनवरी २०१० मा यातना दिइएको थियो र उनी न्यायप्राप्तिका लागि लडिन् (हेर्नुस् उनको कथा अध्याय ५ मा) । अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूति गरेको उनको न्याय तथा परिपूरणको अधिकारलाई यातना विधेयकले पूरा गर्छ कि गर्दैन भन्नेबारेमा पदममायाका विचार यो प्रतिवेदनमा समावेश गरिएको छ ।

यातना विधेयकका प्रमुख विशेषता देहायबमोजिम छन् :

- यसले यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहारलाई फौजदारी अपराध बनाउँछ (धारा ३ र ५), र अपराधका लागि कारवासलगायतका सजाय सिफारिस गर्दछ (धारा २२),
- यसले यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहारलाई परिभाषित गर्दछ (धारा २) र यातनाको स्तरमा पुग्नसक्ने कार्यलाई तालिकाबद्ध गर्छ (धारा ४),

- थुनामा बसेको मान्छेको जिउमा देखिने नीलडाम, घाउ वा खत यातनाका कारण भएका हुन् भन्ने खण्डनीय अनुमानको व्यवस्था गरेको छ (धारा ६),

- यातना वा दुर्व्यवहार रोक्नका लागि काम गर्ने अधिकारीलाई सकारात्मक कर्तव्य सुम्पने तथा उच्च पदाधिकारीको आदेशमा यातना वा दुर्व्यवहार भएको भन्ने प्रमाणित भएमा जवाफदेही बनाउने खण्डनीय अनुमानको व्यवस्था गरेको छ (धारा ७),

- कसैमाथि यातना हुन गइरहेको जानकारी पाएमा आफूभन्दा माथिको अधिकारीलाई सूचना दिने सकारात्मक दायित्व सबै अधिकारीमा सुम्पेको छ (धारा ८),

- उच्च पदाधिकारीको जवाफदेहिताको व्यवस्था गर्दै "माथिको आदेशमा काम गरेको" भन्ने जिकिर लिँदै प्रतिरक्षा गर्नलाई निषेध गर्छ (धारा १०),

- उजुरी लिने तथा उजुरीमाथि अनुसन्धान र अभियोजन गर्ने अनि अनुसन्धानमा रहेकाहरूलाई थुन्ने सम्भावनासहितको एउटा संयन्त्र बनाउने (धारा १४–२०),

- पीडितलाई रू. पाँच लाखसम्मको क्षतिपूर्ति दिनसक्ने (धारा २३) र यस्तो क्षतिपूर्ति ३५ दिनभित्र दिइसक्नुपर्ने व्यवस्था गर्छ,

- थुनुवाको स्वास्थ्य परीक्षणको व्यवस्था (धारा २५–२६) तथा सुरक्षाउपायका लागि साक्षीले अदालतसमक्ष निवेदन दिनसक्ने व्यवस्था गर्छ (धारा २८),

- सुपुर्दगी नगर्ने नियम समावेश गर्छ अर्थात् अर्को राज्यमा व्यक्तिलाई सुपुर्दगी गर्दा उसलाई यातना हुने मनासिब कारण छ भन्ने भएमा सरकारले सो सुपुर्दगी गर्न नपाउने व्यवस्था गर्छ (धारा ३६),

यसलाई कानुन बनाएर उपयुक्त तवरले लागू गर्ने हो भने यी व्यवस्थाले नेपालमा यातना रोकथाममा उल्लेख्य योगदान पुऱ्याउँछन् र यातनापीडितले न्याय तथा परिपूरण पाउने सम्भावनामा राम्रै सुधार ल्याउँछ ।

तर यातना विधेयकमा रहेका केही महत्वपूर्ण व्यवस्थाले विधेयकका उद्देश्यलाई आधारभूत रूपमा दुर्बल बनाउँछन् (तल सम्बोधन गरिने) तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालका दायित्वलाई पूरा प्रतिबिम्बित गर्नका लागि अन्य प्रावधानलाई बलियो बनाउनुपर्छ । यातना तथा दुर्व्यवहारका पीडितलाई न्याय दिनका लागि यातना विधेयकमा यी विषयले ठूलो प्रभाव पार्नेछन् । यीमध्ये धेरै विषय पुरूष तथा महिला सबैखाले पीडितमा लागू हुन्छन् यद्यपि पहिलेका अध्यायमा बताइएका कारणअनुसार यी विषयले यातनापीडित महिलाका मुद्दामा अझ बढी प्रभाव पार्नसक्छन् ।

नेपालको अन्तर्राष्ट्रिय दायित्व पूरा गर्नका लागि यातना विधेयक सकारात्मक र ठोस कदम भएपनि जेठ २०६९ मा संविधानसभा विघटन भएपछि विधेयक फेरि त्यत्तिकै अड्केको छ । नयाँ संसद् गठन हुनेबित्तिकै यातना विधेयकलाई सर्वोपरि प्राथमिकता दिनुपर्छ ।

## २४– विधेयकमा रहेका मुख्य अवरोधलाई सम्बोधन गरिनुपर्ने

पहिलेका कानुनमा न्याय पाउन यातनापीडित महिलाले सामना गरेका कठिनाइलाई विचार गर्दा यातना विधेयकका चारवटा पक्ष गहिरो चासोका विषय हुन् ।

### उजुरी दर्ता गर्ने समयसीमा तथा हदम्याद

पहिलेकै कानुनमा जस्तै यातना विधेयकमा पनि यातनापीडितले आफूमाथि भएको यातना वा दुर्व्यवहार वा हिरासतबाट मुक्त भएको ३५ दिनभित्र उजुरी दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ (धारा १३) । अघिल्ला अध्यायमा ३५ दिने हदम्यादको अव्यवहारिकता तथा प्रस्ट रूपमा देखिएको विभेदलाई सम्बोधन गरिएको छ र यसलाई सर्वोच्च अदालतले समेत पहिचान गरेको छ ।

यातनाको कसुर भएको ६ महिनाभित्र अभियोगपत्र दाखिला गर्नुपर्ने समयसीमा पनि यातना विधेयकले तोकेको छ । (माथि बताइएका कारणले गर्दा) पीडितको न्यायप्राप्तिमा यो व्यवस्था ठूलो अवरोधकका रूपमा प्रयोग गर्न सकिन्छ र यसमा रहेको एक कमजोरीका कारण अधिकारीहरूले तत्काल कारबाही नचलाएमा यातनाका आरोपितले जवाफदेहिताबाट उम्कने सम्भावना हुनजान्छ ।

यातनामा कुनै पनि हदम्याद लगाउनुहुँदैन र दुर्व्यवहारको कुनै पनि हदम्याद "लामो अवधि"[४७] को हुनुपर्छ भनी यातनाविरूद्धको समितिले बारम्बार भन्दै आइरहेको छ । कुनै पनि राज्यले आइसिसिपिआरअन्तर्गतका आफ्ना दायित्वलाई पूरा गर्नका लागि मनासिब नठहर्ने छोटा अवधिका हदम्यादलगायत यातनाको अपराधमा कानुनी जवाफदेहिता स्थापनाका लागि हुने बाधा हटाउनुपर्छ भनी मानवअधिकार समितिले पनि प्रस्ट पारेको छ ।[४८]

यो प्रतिवेदनले देखाएअनुसार उजुरी दर्ता गर्न तथा अभियोगपत्र दाखिला गर्न लगाइएका छोटा हदम्याद जवाफदेहिताका लागि गम्भीर बाधा भएका र तिनले यातनापीडित, विशेषगरी यातनापीडित

[47] See, eg. Concluding Observations on Slovenia, CAT/C/CR/30/4, 27 May 2003, paras. 5 (Subjects of Concern) and 6(b) (Recommendations); Concluding Observations on Turkey, CAT/C/TUR/CO/3, para. 24 (where it expressed concern at a limitation period of 15-40 years). This reflects developments in general international law, see, eg. 'Report of Diane Orentlicher to update the Set of Principles to combat impunity', E/CN.4/2005/102, par. 47. See also the Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law, adopted and proclaimed by General Assembly resolution 60/147 of 16 December 2005, para. 6.

[48] Human Rights Committee, General Comment No. 31, par. 18.

महिला, को न्यायप्राप्तिमा अवरोध पुऱ्याएको देखिन्छ । उजुरी दर्ता गर्न कुनै पनि समयसीमा तोकिनुहुँदैन र यातना विधेयकअन्तर्गतका अपराधका अभियोग वा परिपूरणका व्यवस्थामा कुनै हदम्याद लगाइनुहुँदैन । यस्ता प्रावधान समावेश गरिएका छन् भने पनि तिनले लामो समय तोक्नुपर्छ र मनासिब आधार भएसम्म समयसीमा थप्ने विवेकको प्रयोग गर्न अदालतलाई अधिकार दिनुपर्छ । यो प्रावधान अहिलेकै स्थितिमा रहन दिइरहने हो भने यसले यातना विधेयकका उद्देश्यप्राप्ति अनि पीडितको न्यायप्राप्तिको अभिलाषामा निकै अवरोध ल्याउँछ ।

## असल नियतले गरेको कामलाई संरक्षण दिने तथा आममाफीलाई निषेध गर्ने प्रावधानको अभाव

यातना विधेयकले यातना वा दुर्व्यवहारको अपराधमा प्रतिरक्षाका लागि 'माथिको आदेश' को जिकिर लिने अनुमति प्रतिवादीलाई दिएको छैन तर 'विद्यमान कानुनअन्तर्गत असल नियत लिएर आफ्नो कर्तव्य पूरा गर्ने सार्वजनिक अधिकारीलाई अभियोग लगाइने वा सजाय दिइनेछैन' (धारा ३५) भन्ने व्यवस्था चाहिँ गरेको छ ।

यातनाको निषेध अन्तर्राष्ट्रिय कानुनमा निरपेक्ष रूपले गरिएको छ त्यसैले एउटा व्यक्तिले उक्त कार्य 'असल नियतबाट गरेको' भनी प्रतिरक्षा गर्ने वा त्यसलाई जायज ठहऱ्याउने आधार बनाउन पाइँदैन । यातनासम्बन्धी यस्तो प्रतिरक्षालाई अनुमति दिने देशलाई यातनाविरूद्धको समितिले बारम्बार आलोचना गरेको छ[४९] र यस्तो प्रावधान यातनाविरूद्धको महासन्धिको अनुकूल छैन भनी प्रस्ट पारेको छ । यो प्रावधानलाई यातना विधेयकबाट हटाउनुपर्दछ ।

यसैगरी यातना विधेयकले यातनाको अभियोग लागेका व्यक्तिलाई पीडितको स्वीकृतिविना क्षमादान दिन विशेषगरी निषेध गरेको भएपनि यसले आरोपितलाई अभियोग लगाउनुपूर्व नै माफी दिने प्रावधानलाई गैरकानुनी बनाएको छैन । एड्भोकेसी फोरमले पहिल्यै प्रतिवेदन गरेअनुसार विभिन्न सरकारले आममाफी दिने कामले गम्भीर मानवअधिकार उल्लंघन गर्ने पीडकलाई कारबाही गर्न ठूलो अवरोध खडा गरेको छ र नेपालमा दण्डहीनताको संस्कृतिलाई थप बढावा दिएको छ । यातना विधेयकमा यो विषयलाई विशेष रूपमा सम्बोधन गर्नुपर्छ अनि पूर्पक्ष वा अभियोजनअगाडि यातना तथा दुर्व्यवहारका अपराधलाई माफी दिने र अभियोजनपश्चात् क्षमादान दिने कार्यलाई अनुमति दिनुहुँदैन ।

## गलत उजुरीलाई दिइने सजाय

यातनाको गलत उजुरी दिने व्यक्तिलाई जरिवाना तिराउने व्यवस्था गर्ने प्रावधान यातना विधेयकले समावेश गरेको छ (धारा ३४) ।

[49] See, for example, Concluding Observations on Israel, UN Doc. A/64/44 (2009), page 96, available at: http://www.un.org/ga/search/view_doc.asp?symbol=A/64/44

यातना प्रायः गोप्य तवरले दिइने भएकाले यसलाई प्रमाणित गर्न साह्रै अप्ठ्यारो हुन्छ । धेरै यातनापीडित महिलालाई हुने यौनहिंसा तथा बलात्कारमा प्रमाण पेश गर्न झनै अप्ठ्यारो हुन्छ ।

गलत उजुरी दिएकोमा सजाय दिने प्रावधान यातनाका वास्तविक पीडितलाई सजाय दिन नियमित रूपमा प्रयोग गर्ने गरिएको छ जबकि उनीहरूलाई अदालती सुनुवाइमा भाग लिन अप्ठ्यारो भएको वा यातना वा दुर्व्यवहार भएको भनी अदालतलाई विश्वस्त पार्ने पर्याप्त प्रमाण जुटाउन गाह्रो भएको हुन्छ ।

यातना विधेयकमा यो प्रावधान समावेश गर्दा यसले यातनाका वास्तविक पीडितलाई उजुरी दिनबाट निरूत्साहित गर्छ र यो यातनाविरूद्धको महासन्धिको धारा १३ अन्तर्गतको नेपालको दायित्वप्रतिकूल हुनजान्छ र यौनहिंसाबाट पीडित भएका हुनसक्ने महिलालाई यसले नराम्रो असर पुऱ्याउनसक्छ । एकजना व्यक्तिले गलत उजुरी दियो भनी अदालतले प्रमाणित गर्नसकेमा त्यसलाई सम्बोधन गर्ने संयन्त्र विद्यमान कानुनमा अहिले नै छ । त्यसैले यो विशेष प्रावधानलाई हटाउनुपर्छ ।

## २७– दण्ड तथा परिपूरणका समस्या

(मस्यौदा गरिएको) यातना विधेयक महत्वपूर्ण अग्रगामी कदम हो किनकि यसले यातनालाई फौजदारी अपराध बनाउँछ अनि क्षतिपूर्तिका लागि एउटा संयन्त्रको व्यवस्था गरेको छ तथापि यातना विधेयकमा सिफारिस गरिएका सजाय र क्षतिपूर्तिका अधिकतम स्तरले अपराधको गाम्भीर्य वा पीडितलाई यातनाका कारण पुगेको हानिलाई पर्याप्त मात्रामा प्रतिबिम्बित गर्दैन ।

### अपर्याप्त सजाय

यातना विधेयकले यातना दिएको वा दिने आदेश दिएको व्यक्तिका लागि अधिकतम पाँच वर्षको कारावास सजाय र/वा रू. ५०,००० जरिवानाको व्यवस्था गरेको छ (यो जरिवाना उक्त व्यक्तिमाथि लगाउनसकिने जरिवानाभन्दा फरक हो, पीडितलाई दिइने परिपूरण सजाय पाएको व्यक्तिका तर्फबाट राज्यले नै दिनुपर्छ र यसको सीमा रू. ५००,००० तोकेको छ) । पीडितलाई अंगभंग वा बलात्कार वा यौन दुर्व्यवहार वा तालिकाबद्ध अन्य अवस्था विद्यमान भएमा कानुनबमोजिम हुने सजायमा दस प्रतिशत थप हुनेछ (धारा २२) ।

यातनाविरूद्धको महासन्धिअन्तर्गत नेपालले यातनाको अपराधको गाम्भीर्यलाई प्रतिबिम्बित गर्नेखालको उपयुक्त सजायको व्यवस्था गर्नुपर्छ (धारा ४(२)) । समितिले सजायको आवश्यक अवधि सिफारिस गरेको नभएपनि पाँच वर्षको अधिकतम सजाय पर्याप्त छैन भन्ने चाहिँ प्रस्ट पारेको छ ।[५०]

[50] Manfred Nowak & Elizabeth McArthur, The United Nations Convention against Torture. A Commentary, Oxford University Press, 2008, pp. 249-250.

> "यातनाका बखत जे भयो त्यसलाई हेर्दा पाँच वर्षे सजाय अपर्याप्त छ । बीस वर्षको सजाय अझ राम्रो हुन्छ ।"

अझ, जरिवाना लगाउने त यातनाको मुद्दामा उपयुक्त सजाय हैन । लामो समय कारावासमा राख्ने सजाय बढी उपयुक्त हुन्छ भनी समितिले प्रस्ट पारेको छ ।

## क्षतिपूर्ति तथा परिपूरण

यातना विधेयकले यातनापीडितलाई क्षतिपूर्ति दिने प्रावधान समावेश गरेको छ र पाँच लाख रूपैयाँसम्म क्षतिपूर्ति भराइदिने व्यवस्था गरेको छ (धारा २३) । अझ, यसले उचित र उपयुक्त देखिएका अन्य कानुनमा रहेका अन्य प्रकारका (पुनर्भरण, पुनःस्थापना, सन्तुष्टि र पुनरावृत्ति नगर्ने प्रतिबद्धतालगायतका) परिपूरणको सम्भावना देखाएको भएपनि तिनलाई विधेयकमा सम्बोधन गरिएको छैन ।

यातनापीडितलाई क्षतिपूर्ति मात्र दिनु अपर्याप्त उपचार हो भनी अन्तर्राष्ट्रिय कानुन तथा यातनाविरूद्धको महासन्धिले संकेत गरेका छन् । यातनाविरूद्धको महासन्धिअन्तर्गत नेपालले यातनाको अपराधको गाम्भीर्य तथा पीडितले भोगेको शारीरिक तथा मानसिक हानिकै अनुपातमा पर्याप्त, उपयुक्त र उचित सजाय दिने सुनिश्चितता गर्नुपर्छ ।[५१] यस्तो परिपूरण विस्तृत तथा व्यापक हुनुपर्छ ।[५२]

परिपूरणका उपायको पर्याप्तता तथा उपयुक्तताको सांगोपांग मूल्यांकनका लागि यातनापीडितको दृष्टिकोणलाई विचार गर्नैपर्ने हुन्छ । एउटा मुद्दामा उपयुक्त ठहर्ने परिपूरणको प्रकार अर्कोमा नठहर्न सक्छ । उदाहरणका लागि, महिला तथा तिनका आश्रितले विशेष आवश्यकता महसुस गरेका हुनसक्छन् वा तिनले विशेषखाले विभेदको सामना गरेका हुनसक्छन् जसकारण एकखाले (आर्थिक क्षतिपूर्तिभन्दा) (पुनःस्थापना सेवा वा छात्रवृत्तिका प्रावधानजस्ता) परिपूरण व्यवस्था अधिक उपयुक्त हुनसक्छ ।

[51] Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law, adopted and proclaimed by General Assembly resolution 60/147 of 16 December 2005 ("Basic Principles"), Principle 15: ("Adequate, effective and prompt reparation is intended to promote justice by redressing gross violations of international human rights law or serious violations of international humanitarian law. Reparation should be proportional to the gravity of the violations and the harm suffered"). The Committee has referred to the need for particular forms of reparation to be "adequate" and "appropriate": see, eg. Conclusions and recommendations on Russia (2007) (UN Doc CAT/C/RUS/CO/4), para. 20. See also HRCtee, General Comment No. 31, paras. 16 and 20, referring to "appropriate" remedies.

[52] See the Basic Principles, Principle 18. See also Juan Mendez, Remarks at conference on "Strengthening the Prohibition against Torture: The Evolution of the UN Committee against Torture", Panel II: Ensuring Reparations for Victims of Torture and Other Ill Treatment, reproduced in (2010) 17 Human Rights Brief 26-27 at 26, referring to the work of Theo Van Boven, as Independent Expert concerning the Right to Restitution, Compensation and Rehabilitation for Victims of Gross Violations of Human Rights and Fundamental Freedoms, and subsequently reaffirmed in the reports of Rapporteurs Joinet, Bassiouni and Orentlicher.

यातना विधेयकलाई अझै सशक्त बनाउनसकिन्छ र यसले अन्य किसिमका परिपूरणको अवसर दिएमा मात्र नेपालको अन्तर्राष्ट्रिय दायित्व पूरा हुन्छ । अझ, क्षतिपूर्ति रकमको अधिकतम सीमा हटाउनुपर्छ किनकि पीडितलाई भएका हानिका कारण ठूलो रकमको आर्थिक सहायता आवश्यक भएको हुनसक्छ ।

> "उजुरी दिएको दुई वर्षमा मेरो थुप्रै पैसा खर्च भयो । सुरुमा स्वास्थ्य परीक्षण गरेको र कानुनी सेवा लिएको खर्च एड्भोकेसी फोरमले तिरिदियो तर मेरो शरीरका केही भाग अझै पनि दुख्छन् । मैले आफ्नो पहिलेकै जस्तो स्वास्थ्य पाउन गाह्रो छ । एकचोटि पाएको क्षतिपूर्तिले मैले के गर्नु ? लामो समयको उपचारलाई हेरेर सरकारले दीर्घकालीन क्षतिपूर्ति दिनुपर्छ ।"

## २६– महिला तथा बालिकालाई दिइने क्षतिपूर्तिका लागि आउने बाधालाई सम्बोधन गर्ने सकारात्मक कदम

यातना वा दुर्व्यवहारका उजुरीका सम्बन्धमा अरूमध्ये महिला र बालिकाले न्यायमा पहुँचका लागि सामना गर्ने बाधाअवरोधलाई यातना विधेयकले सम्बोधन गर्न केही थप कदम चाल्नुपर्ने हुन्छ । केही प्रमुख उपाय संक्षिप्त रूपमा चर्चा तल गरिएको छ ।

### उजुरी कार्यविधि

अहिलेको मस्यौदाअनुसार यातनाको उजुरी अदालतमा दिनुपर्दछ (धारा १३) । तर पहिलेका अध्यायमा चर्चा गरिएअनुसार महिला तथा बालिकाले अदालतमा पहुँच पाउन असाध्यै गाह्रो छ ।

आफूमाथि यातना भएको भनी आरोप लगाउने कुनै पनि व्यक्तिको सक्षम अधिकारीसमक्ष उजुरी गर्ने अधिकार हुन्छ र यो अधिकार उपलब्ध तथा प्रभावकारी हुन्छ भनी सुनिश्चित गर्ने दायित्व यातनाविरूद्धको महासन्धिअन्तर्गत नेपालको रहन्छ (धारा १३) । उजुरी दिनसक्ने धेरै निकायलाई पहिचान दिएर तथा थुनुवालाई उजुरी गर्ने अधिकार र उजुरी दिने संयन्त्रका बारेमा जानकारी पाउने अधिकारलाई पहिचान गरेर यो अधिकार व्यवहारमा प्रभावकारी छ भने मात्र नेपालले यसलाई सुनिश्चित गर्नसक्छ । थुनाको आधिकारिक इन्चार्ज, थुनास्थलको स्वतन्त्र निरीक्षण गर्ने अर्को निकाय, मानवअधिकार आयोग वा जिल्ला सरकारी वकिललगायतलाई उजुरी लिने निकाय बनाउनुपर्दछ ।

उजुरी दर्ता भएपछि त्यो उजुरीलाई सिफारिस गरिएको अनुसन्धानात्मक संयन्त्रसमक्ष पेश गर्ने कर्तव्य यसैसाथ स्वतः आउँछ । यातना विधेयकको वर्तमान मस्यौदामा अनुसन्धान प्रक्रिया अदालतले संस्थागत तथा सुपरिवेक्षण गर्ने र सामान्य फौजदारी न्याय प्रणालीले सम्पन्न गर्ने व्यवस्था छ (परिच्छेद ३) । तर गम्भीर मानवअधिकार उल्लंघनका उजुरीमा कारबाही गर्न प्रहरी तथा जिल्ला

सरकारी वकिलको कार्यालयमा विशिष्ट अनुसन्धान संयन्त्र गठन गरेर यसलाई अझै बढी सशक्त बनाउनसकिन्छ ।

## कानुनी सहायता तथा पीडितका अधिकार

यातनाको कसुरसँग सम्बन्धित मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा छुट्टै कानुन व्यवसायीसमेत राख्नसक्ने अनुमति यातना विधेयकले दिन्छ (धारा २१) । तर यो प्रतिवेदनमा चर्चा गरिएजस्तो धेरै पीडित, विशेषगरी धेरै महिला तथा बालिका, ले आफ्नै कानुन व्यवसायी राख्न आवश्यक आर्थिक स्रोत जुटाउन सक्दैनन् । यातना विधेयकले पीडितको कानुनी प्रतिनिधि राख्दा लाग्ने खर्चलाई समेट्ने कानुनी सहायताको व्यवस्था गरेमा न्यायमा पहुँच बढ्छ र यो वास्तविक रूपमा व्यवहारमा प्रभावकारी ठहर्छ ।

> "वकिल राख्नु एकदमै आवश्यक छ तर उनीहरू असाध्यै महंगा हुने भएकाले सेवा लिन गाह्रो छ । एड्भोकेसी फोरमजस्तो संस्था नहुने हो भने अदालतमा पहुँच पाउन अप्ठ्यारो हुन्छ ।"

उजुरी हालेका धेरै यातनापीडितलाई एड्भोकेसी फोरमले अदालतमा प्रतिनिधित्व गरेको छ र उनीहरूको मुद्दामा भइरहेको प्रगतिको पनि एड्भोकेसी फोरमले अनुगमन गरिरहेको छ । पीडितले आफ्नो हित पर्याप्त मात्रामा सुरक्षित गर्न सकून् भनी सुनिश्चित गर्नका लागि यातना विधेयकले उनीहरूको अधिकारलाई विशेषरूपमा निर्धारण गर्नुपर्ने हुन्छ र यसअन्तर्गत अनुसन्धानमा भएका प्रगतिको जानकारी पाउने, मुद्दाको कारबाहीमा भाग लिने, अभियोजन अधिकारीको फैसलामा पुनरावेदन गर्ने अधिकार समावेश गरिनुपर्दछ ।

## स्वास्थ्य परीक्षण

यातनाको प्रमाण प्राप्त गर्न झेल्नुपर्ने समस्या र उपयुक्त तथा सस्तो स्वास्थ्य परीक्षण हासिल गर्न विशेषगरी महिलालाई हुने कठिनाइलाई विचार गर्दै यातनालाई रोकथाम गर्न तथा यातनापीडितलाई क्षतिपूर्ति दिनका लागि थुनामा स्वास्थ्य परीक्षण गर्ने भरपर्दो व्यवस्था एक महत्वपूर्ण रणनीति हुनसक्छ ।

कुनै व्यक्तिलाई थुनामा राख्दा वा थुनामुक्त गर्दा 'सम्भव भएसम्म' स्वास्थ्य परीक्षण गराउने व्यवस्था यातना विधेयकले गरेको छ (धारा २५) । स्वास्थ्य परीक्षणको यस्तो व्यवस्थालाई प्रभावकारी बनाउने सुनिश्चितताका लागि यातना विधेयकले सम्भव भएसम्म कुनै व्यक्ति पक्राउ पर्नेबित्तिकै तथा (र/वा यातना भएको छ भनी विश्वास गर्ने कुनै कारण भएमा) रिहा हुने बेलामा स्वास्थ्य परीक्षण अनिवार्य

रूपले गराउने व्यवस्था गर्नुपर्छ । कुनै थुनुवा वा तिनको कानुनी प्रतिनिधिले (विद्यमान विधेयकले अनुमति दिएअनुसार) स्वतन्त्र चिकित्सकबाट परीक्षण गराउन अनुरोध गरेमा सो परीक्षण निःशुल्क गराउनुपर्दछ ।

"म थुनामुक्त हुँदा मेरा औंला, हात तथा गोडा चल्दैनथे । मलाई प्रहरीसँग डर लाग्थ्यो, म निरूत्साहित थिएँ र मलाई फेरि थुन्छन् कि भन्ने ठूलो डर पनि लागेको थियो ।"

### निजी व्यक्तिले पुर्‍याएका क्षति

यातनाविरूद्धको महासन्धिअन्तर्गत पर्ने दायित्वहरू आफैँले वा सार्वजनिक अधिकारीको स्वीकृति वा सम्मतिले गरेको यातनाका घटनासँग सम्बन्धित भए पनि यसको अभिप्राय सरकारी अधिकारीहरूले दिएको यातनालाई मात्र यातना मान्ने गरी सीमित गरिएको छैन । कुनै परिस्थितिमा *कुनै व्यक्तिले* जानाजान दिएको चरम दुःख तथा कष्ट यातना र अमानवीय व्यवहार हुनसक्छ । बलात्कार, घरेलु हिंसा र बाल यौन दुर्व्यवहार जस्ता महिला तथा बालबालिकामाथि गहिरो असर पार्ने खालका अपराधलाई पनि यसै यातनाअन्तर्गत राख्नसकिन्छ ।[५३]

अन्तर्राष्ट्रिय मानवअधिकार निकायलगायत यातनाविरूद्धको समितिले राज्यको कर्तव्य आफ्नो हिरासतमा रहेका व्यक्तिमाथि हुने यातना र अमानवीय व्यवहारको रोकथाम र निषेध गरी क्षतिपूर्ति उपलब्ध गराउने मात्र नभई "*राज्यले हस्तक्षेप नगर्दा कुनै व्यक्तिलाई अर्को व्यक्तिमाथि हानि नोक्सानी पुर्‍याउन प्रोत्साहित र उत्प्रेरित गर्ने वातावरण भएबाट हुने क्षतिको*"[५४] पनि उसले जिम्मेवारी लिनुपर्छ भनी स्पष्ट पारेको छ ।

नेपाली कानूनले विशेष गरी राज्यपक्षको संलग्नता भए पनि नभए पनि गैरराज्य पक्षबाट हुने यातनालाई पनि फौजदारी अपराध बनाउनुपर्छ जसले गर्दा त्यस्ता व्यवहारलाई निश्चित हदसम्म पुगेपछि यातनाको रूपमा पहिचान गर्न सकिन्छ ।[५५]

[53] For an overview of the relevant jurisprudence see Alice Edwards (2011), 'Torture and other cruel, inhuman or degrading treatment or punishment', in Violence Against Women Under International Human Rights Law, Cambridge: Cambridge: 198-262.

[54] Committee Against Torture, General Comment No. 2, par. 15. See also Human Rights Committee, General Comment No. 20, par. 2 ("It is the duty of the State party to afford everyone protection through legislative and other measures as may be necessary against the acts prohibited by article 7, whether inflicted by people acting in their official capacity, outside their official capacity or in a private capacity.")

[55] For an example of such a provision see Queensland Criminal Code, s 320A.

अध्याय ८

# राष्ट्रिय कार्ययोजनाको समालोचना

संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको हैसियतले नेपालले यसका बडापत्रमा उल्लिखित आधारभूत सिद्धान्तका साथै आधारभूत मानवअधिकार, व्यक्तिको गरिमा तथा सम्मानको अधिकार र महिला तथा पुरुषका समान अधिकारको हकलाई स्वीकार गरेको छ ।[५६] संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का प्रस्ताव संयुक्त राष्ट्रसंघका सम्पूर्ण सदस्य राष्ट्रलाई बाध्यकारी हुन्छन् । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नं. १३२५ ले द्वन्द्वोत्तर पुनर्निर्माणमा महिलाहरूको विशेष आवश्यकतालाई समावेश र ध्यान दिनका लागि आह्वान गरेको छ भने प्रस्ताव नं १८२० ले द्वन्द्वकालमा महिलामाथि भएका यौन हिंसालाई सम्बोधन गर्नुपर्ने कुरामा जोड दिएको छ ।

नेपाल सरकारले सुरक्षापरिषद्बाट पारित प्रस्ताव नं. १३२५ र प्रस्ताव नं. १९२० को कार्यान्वयन गर्न परराष्ट्रमन्त्रीको अध्यक्षतामा[५७] १८ सदस्यीय उच्चस्तरीय सञ्चालनात्मक समिति पनि निर्माण गरेको छ । फेब्रुअरी २०११ मा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले द्वन्द्वोत्तर पुनर्निर्माणमा महिला तथा बालबालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्न प्रस्ताव नं. १३२५ र नं. १९२० को कार्यान्वयनका लागि एउटा राष्ट्रिय कार्ययोजना समेत बनाएको छ ।

महिलाले देश विकासमा खेल्न सक्ने महत्वपूर्ण भूमिकालाई राष्ट्रिय कार्ययोजनाले स्वीकार गरेको छ । "राज्यको जिम्मेवारी शान्ति निर्माण प्रक्रियाका सबै तहमा महिलाको सहभागिता बढाउनु र उनीहरूलाई सुरक्षा प्रदान गर्नु हो । नीतिनिर्माण र कार्यान्वयनमा महिलाको सहभागिता बढाउनु पनि उत्तिकै जरूरी छ" भन्ने यसले उल्लेख गरेको छ ।[५८] राष्ट्रिय कार्ययोजनाको मुख्य उद्देश्य "रूपान्तरण र शान्ति निर्माण प्रक्रियामा महिलाहरूको समानुपातिक र अर्थपूर्ण सहभागिता; र महिला तथा बालिकाहरूको अधिकारको रक्षा"[५९] गर्नु हो जुन पाँच वटा स्तम्भ : सहभागिता, सुरक्षा र रोकथाम; प्रवर्द्धन, राहत र क्षतिपूर्ति; स्रोत व्यवस्थापन, र अनुगमन तथा मूल्यांकनमा विभक्त गरिएको छ । राष्ट्रिय कार्ययोजना महिला अधिकारका लागि प्रोत्साहनात्मक भए पनि यस प्रस्तावमा

[56] United Nations Charter Article, 25.
[57] Cabinet decision of 21 September 2009.
[58] National Action Plan 2011.
[59] Ibid.

प्रस्तावित योजनाले द्वन्द्वपीडित महिलामा कत्तिको सकारात्मक परिवर्तन ल्याउँछ भन्ने कुरा अस्पष्ट नै छ ।

नेपाल सरकारले राष्ट्रिय कार्ययोजनालाई द्वन्द्वोत्तर सन्दर्भमा शान्तिनिर्माण र सुरक्षामा महिलाको सहभागिता र सक्रियता प्रोत्साहित गर्ने संयन्त्रका रूपमा विकास गर्ने उद्देश्यले सुरक्षापरिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १९२० को कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ । राष्ट्रिय कार्ययोजनाले शान्ति र सुरक्षा अवस्थाको विश्लेषणका साथै यसले नेपाली महिलामा पारेको असर र विकासमा खेलेको भूमिकाको सान्दर्भिक रूपरेखा प्रस्तुत गरेको छ । राष्ट्रिय कार्ययोजनाको मुख्य उद्देश्य दिगो शान्ति र न्यायपूर्ण समाजको स्थापना हो ।

राष्ट्रिय कार्ययोजनाले जोड दिएको पाँच मुख्य क्षेत्र (स्तम्भ) का बीच एकअर्कामा समन्वयात्मक साधारण लक्ष्य, रणनीतिक लक्ष्य, विशेष कार्य छन् जसले चाहेको परिणाम र सूचकांकको तालिका पनि राख्दछन् । राष्ट्रिय कार्ययोजनाले प्रत्येक कार्यका लागि जिम्मेवार निकाय र समयसीमा पनि तोकेको छ ।

सन् २००७ मा स्थापना भएको शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका लागि बनेको राष्ट्रिय कार्ययोजनाको सम्पूर्ण कार्यान्वयनको पक्ष हेर्ने जिम्मेवारी पाएको छ । यसको सुरुवातकालदेखि नै संयुक्त राष्ट्रसंघ महिला तथा अन्य निकायसँगको सहकार्य, द्विपक्षीय साझेदारहरू र महिला संघसंस्थासँगको सहकार्यपछि मन्त्रालयले सम्बन्धित सरकारी अधिकारी, सुरक्षा निकाय, सभासद, राजनीतिक पार्टी र नागरिक समाजसँग छलफल अगाडि बढाएको छ । राष्ट्रिय कार्ययोजनाले सुरक्षापरिषद्को प्रस्ताव नं. १३२५ बारे जानकारी दिन र राष्ट्रिय कार्ययोजना आवश्यकता र यसलाई कसरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नसकिन्छ भन्ने विषयमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने गरेको छ । सम्बन्धित व्यक्तिलाई तालिम दिई प्रचारप्रसारका सामग्रीको विकास गरेको जानकारी शान्ति मन्त्रालयले गराएको छ । यसका अतिरिक्त राष्ट्रिय कार्ययोजना २०११ को कार्यान्वयन प्रक्रियालाई प्रभावकारी ढङ्गले अगाडि बढाउने उद्देश्यसहित उच्चस्तरीय सञ्चालनात्मक समितिको मातहतमा एक मन्त्रालयहरू बीचको कार्यान्वयन समितिको गठन गरिएको छ ।

राष्ट्रिय कार्ययोजनाले द्वन्द्वकालमा महिलाविरूद्ध भएका यौन हिंसालगायत मानवअधिकार हननका पीडकविरूद्ध कानुनी कारबाहीको आवश्यकताको पहिचान गरेको भएपनि कार्यान्वयनको पाटो निकै चुनौतीपूर्ण रहेको जनाएको छ ।

संरक्षण र रोकथाम स्तम्भअन्तर्गतका विशेष रणनीतिक उद्देश्य विशेषगरी द्वन्द्वकालमा महिलाविरूद्ध भएका यौनहिंसासँग सम्बन्धित छन् । तीमध्ये एक रणनीतिक उद्देश्यको कार्यान्वयनको विश्लेषणले राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनले पीडितलाई आजसम्म कुनै ठोस उपचार दिन नसकेको देखाएको छ ।

## रणनीतिक उद्देश्य

न्याय र सुरक्षा प्रणालीमा सुधार ल्याउँदै यौन हिंसा र लैङ्गिक हिंसाका घटनालाई तत्काल सम्बोधन गरी दण्डहीनताको अन्त्य गर्न :

*विशेष कार्यहरू :*

१. लैङ्गिक हिंसाका घटनामा पीडितको गोपनीयता र मानसम्मानको ख्याल गर्दै तत्काल अनुसन्धान र कारबाहीका लागि सम्बन्धित संयन्त्रलाई आवश्यक सुधार गर्ने ।

२. द्वन्द्वबाट प्रभावित महिला र बालबालिकालाई तत्काल निःशुल्क कानुनी सहायता प्रदान गर्ने ।

३. लैङ्गिक हिंसाका पीडितलाई तत्काल सहज र प्रभावकारी सेवा प्रदान गर्न न्याय र सुरक्षा निकायका अधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने ।

४. द्वन्द्वकालीन यौनहिंसाका घटनालाई अभियोजन गर्न आवश्यक कानुनी प्रावधान बनाउने,

५. बलात्कारका घटनामा उजुरी दर्ता गर्ने संवैधानिक हदम्याद बढाउन सम्बन्धित कानुनमा आवश्यक परिमार्जन गर्ने ।

यीमध्ये अधिकांश उद्देश्य एक बर्ष अर्थात् फेब्रुअरी २०१२ सम्ममा पूर्ति गर्ने लक्ष्य राखिएको थियो ।

## जुन २०१२ सम्ममा यी पाँच कार्यको कार्यान्वयनको स्थिति

१. यी बृहत् विशेष कार्य पाँच वर्षभित्र पूरा गरिने लक्ष्य राखिएको छ । एक वर्षभित्र प्राप्त गर्ने उद्देश्य राखेको लक्ष्य कार्ययोजनाको पहिलो वर्षमा कार्यान्वयन हुनसकेन । यी उद्देश्य प्राप्तिका लागि कुनै विशेष संयन्त्र पनि खडा गरिएन ।

२. सरकारले हालसम्म कुनै पनि पीडितलाई कानुनी सहायता प्रदान गरेको छैन ।

३. रक्षा मन्त्रालय र गृह मन्त्रालयले सुरक्षाफौजका लागि तालिमको विकास गरी अगाडि बढाएको छ तर सरकारले हालसम्म पनि द्वन्द्वकालीन लैङ्गिक हिंसाका पीडितको पहिचान गर्नका लागि अनुसन्धान थालेको छैन ।

४. सरकारले यो विशेष कार्यको कार्यान्वयनका लागि कुनै मस्यौदा विधेयक तयारी र नीति निर्माण गरेको छैन ।

५. सरकारले हालसम्म पनि मुलुकी ऐनले व्यवस्था गरेको मुद्दा दर्ता गर्ने ३५ दिने हदम्यादका सम्बन्धमा कानुनी सुधार गरेको छैन ।

राष्ट्रिय कार्ययोजनाका रणनीतिक उद्देश्य आशाजनक र तदनुरूप विशेष कार्यहरू महत्वपूर्ण छन् । भविष्यमा हुनसक्ने लैङ्गिक हिंसाका घटनाको रोकथाम गर्न चालिने कदम र विगतमा भएका यौन हिंसा र मानवअधिकार हननका पीडकको अभियोजनको वास्तविक रणनीतिका सम्बन्धमा यो योजना अस्पष्ट देखिन्छ ।

विशेषगरी राहत र परिपूरण कार्यक्रम आर्थिक क्षतिपूर्तिमा सीमित भएजस्तै अन्य थुप्रै यस्ता जोखिम पक्षहरूको पहिचान गरिएका छन् जसले यस योजनाको प्रभावकारी कार्यान्वयनलाई अड्चन ल्याउन सक्छन् । व्यवहारिक रूपमा यस योजनाको प्रभावकारी कार्यान्वयन र लक्षित परिणाम हासिल गर्नका लागि केन्द्रीय तहमा मन्त्रालयदेखि जिल्ला कार्यालय तहबाट समन्वय र सहकार्य आवश्यक छ ।

सरकारी सूचना सजिलै नपाइने हुनाले यस स्थितिमा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको प्रगति विवरणको वास्तविक समालोचना गर्न गाह्रो छ । यस योजनाको कार्य प्रगतिको मूल्यांकन र सरकारलाई सुझाव पेश गर्ने जिम्मा तीनवटा स्वतन्त्र संस्थाहरूलाई दिएको बुझिएको छ : महिला, कानुन र विकास मञ्च (FWLD), कानुनी सहायता र सेवा केन्द्र (LAAC) र साथी (SAATHI) नामक संस्था । तर हालसम्म पनि यस योजनाको प्रभावकारिता र कार्यान्वयनको प्रतिवेदन सार्वनिक गरिएको छैन । राष्ट्रिय कार्ययोजनाको कुनै पनि रणनीतिक उद्देश्य वास्तविक रूपमा कार्यान्वयन भएको कुनै संकेतसम्म पनि देखिएको छैन । डेस्क रिसर्चबाट शान्ति तथा पुनर्निर्माण मन्त्रालय वा अन्य कुनै स्वतन्त्र स्रोतले पनि यस योजनाको कार्यान्वयनको पुष्टि नगरेको देखिन्छ । राष्ट्रिय कार्ययोजनाले प्रतिज्ञा गरेअनुरूप दण्डहीनता र लैङ्गिक हिंसाको मुद्दा, राहत र क्षतिपूर्तिमा लैङ्गिक विभेदलगायत सत्यनिरूपण तथा मेलमिलाप आयोगको गठन जस्ता मुद्दालाई नयाँ कानुनले सम्बोधन गर्न नसक्नुले सरकारको असफलता प्रस्ट देखाएको छ ।

**अध्याय ९**

# निष्कर्ष तथा सिफारिस

सन् २०११ मा हिरासतमा रहेका महिलाले दिएको यातनाको विवरण, बढ्दो यातनाका घटनाक्रम र लैङ्गिक विभेदमा विशेष नीतिको अभावप्रति एड्भोकेसी फोरमको ध्यानाकर्षण भएको छ । यातनालाई फौजदारी अपराध नबनाइएको अवस्था, कमजोर सुरक्षा प्रणाली, अपर्याप्त हिरासत अनुगमन तथा उजुरी सुन्ने संयन्त्रका कारण सरकारको बारम्बारको मीठा प्रतिबद्धता सबै खोक्रा देखिएका छन् ।

सरकारले अनुसन्धान, अभियोजन र यातना तथा अन्य अमानवीय व्यवहारका पीडितलाई उपचार उपलब्ध गराउनुपर्ने आफ्ना दायित्व नियमित ढङ्गले उल्लंघन गर्नुले यस्ता व्यवहार व्यापक रूपमा फैलन सहज वातावरणको सृजना गरेको छ । सरकारले बलात्कारलगायतका यातनाका उजुरीको उचित अनुसन्धान गरी जिम्मेवार व्यक्तिलाई न्यायको कठघरामा नउभ्याएसम्म बृहत् शान्ति सम्झौता, राष्ट्रिय कार्ययोजना र विश्वव्यापी आवधिक प्रतिवेदनमा जनाएको कुनै पनि प्रतिबद्धताले मूर्तरूप लिनसक्ने छैन ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको मातहतमा रहेर निष्पक्षता र तदारूकताका साथ आवश्यक अनुसन्धान सम्पन्न गर्न एड्भोकेसी फोरम नेपाल सरकारलाई देहायका पक्षामाथि सम्बोधन गर्न आह्वान गर्दछ :

- यातनाका घटनाको अनुसन्धान गर्न उच्चपदस्थ प्रहरी अधिकृतको मातहतमा एक स्वतन्त्र प्रहरी इकाइको स्थापना गर्ने,
- यस्ता अनुसन्धान पारदर्शी हुने प्रत्याभूति गर्नुपर्ने र अनुसन्धानको प्रगति तथा परिणामबारे पीडितलाई पूर्ण जानकारी दिनुपर्ने,
- अनुसन्धानको थालनी यथाशीघ्र गरिनुपर्ने,

- मानवअधिकार समितिले अवधारणा प्रकट गरेको सूर्य शर्मा र युवराज गिरीको मुद्दाका सम्बन्धमा आइसिसिपिआर अन्तर्गत उनीहरूका श्रीमती र बालबच्चाको अधिकारको हननका साथै उक्त मुद्दामा समितिको निर्णय पूर्णरूपमा कार्यान्वयन गर्ने प्रत्याभूति जनाउनुपर्ने,
- नेपाली सेनाका बहालवाला र सेवानिवृत्त सैनिक अधिकृतले प्रहरी अनुसन्धानलाई सहयोग गर्ने प्रत्याभूति गर्नुपर्ने,
- अनुसन्धानको दौरान पीडित र साक्षीहरूलाई हुनसक्ने सम्भावित धाकधम्की र प्रतिशोधबाट संरक्षणका लागि उनीहरूको सुझावअनुसार उचित योजना र सुरक्षाको व्यवस्था गरिनुपर्ने,
- राष्ट्रिय मानवअधिकार आयोगले यातना र बलात्कारका गुनासाको अनुसन्धानलाई अघि बढाउनुपर्ने र यसका नीति तथा कार्यक्रममा लैङ्गिक रूपमा संवेदनशील हुनुपर्ने,
- राष्ट्रिय मानवअधिकार आयोगमा निहित अधिकारको प्रयोग गरी पीडितलाई क्षतिपूर्ति र पीडकलाई अभियोजन गर्नुपर्ने भनी दिएको सिफारिसको कार्यान्वयन नगर्ने संस्था र व्यक्तिहरूको नाम सार्वजनिक गर्नुपर्ने,
- द्वन्द्वकालीन पीडितका लागि दिइने अन्तरिम राहतको नीति संशोधन गरिनुपर्ने ।

# परिशिष्ट

## सूची १ - सन २००६ देखि २०११ सम्मको यातनाको प्रवृत्ति

| | २००६ | २००७ | २००८ | २००९ | २०१० | २०११ |
|---|---|---|---|---|---|---|
| एड्भोकेसी फोरमले अन्तर्वार्ता लिएको महिला बन्दीहरूको जम्मा संख्या | १२४ | १८६ | १९७ | २५६ | ३४५ | ४०८ |
| यातना दिएको स्वीकार गर्ने महिला बन्दीहरूको संख्या | २६ | १९ | २० | ३५ | ३६ | ६३ |
| यातना दाबी गर्ने महिलाहरूको % | २१% | १०.२% | १०.२% | १३.७% | १०.४% | १५.४% |


## सूची २ - यातनाको प्रवृत्ति

| | जनवरी–जुन २०११ | जुलाई–डिसेम्बर २०११ |
|---|---|---|
| भेटिएका सम्पूर्ण थुनुवाको संख्या | २२६८ | १९१९ |
| यातना दाबी गर्ने थुनुवाको संख्या | ५६७ | ४६४ |
| यातना दाबी गर्ने थुनुवाको % | २५% | २४.२% |
| भेटिएका महिला थुनुवाको संख्या | २१७ | १९१ |
| यातना दाबी गर्ने महिला थुनुवाको संख्या | ३२ | ३१ |
| यातना दाबी गर्ने महिला थुनुवाको % | १४.७% | १६.२% |

## सूची ३ - बढी यातना हुने ७ वटा मुख्य अभियोगहरूको विश्लेषण

| | | २००६ | २००७ | २००८ | २००९ | २०१० | २०११ | ६ वर्षको कुल र औसत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| सार्वजनिक अपराध | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको संख्या | ३ | ९ | ३ | ९ | ८ | २२ | ५४ |
| | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको % | ९.७% | १६.१% | ६.८% | १३.२% | ७.४% | २०.४% | १२.२७% |
| | जम्मा अभियोग | ३१ | ५६ | ४४ | ६८ | १०८ | १०८ | ४१५ |
| लागूऔषध | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको संख्या | ४ | १ | ४ | ४ | ६ | ६ | २५ |
| | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको % | १४.३% | २.३% | १८.२% | १२.१% | १४.६% | १२.५% | १२.३३% |
| | जम्मा अभियोग | २८ | ४४ | २२ | ३३ | ४१ | ४८ | २१६ |
| अभियोग नलगाएको | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको संख्या | ४ | ३ | ५ | ७ | ७ | ११ | ३७ |
| | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको % | ४०% | ११.१% | ११.६% | १८.९% | १७.५% | १४.१% | १८.८७% |
| | जम्मा अभियोग | १० | २७ | ४३ | ३७ | ४० | ७८ | २३५ |
| हत्या | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको संख्या | १ | १ | २ | ५ | ५ | ६ | २० |
| | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको % | ९.१% | ४.५% | ८% | १४.७% | १०.४% | १४.३% | १०.१७% |
| | जम्मा अभियोग | ११ | २२ | २५ | ३४ | ४८ | २५ | १६५ |

| | | २००६ | २००७ | २००८ | २००९ | २०१० | २०११ | ६ वर्षको कुल र औसत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| मानव बेचबिखन | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको संख्या | ६ | ० | ० | १ | ० | ६ | १३ |
| | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको % | ४६.२% | ०% | ०% | ५.३% | ०% | २१.४% | १२.१५% |
| | जम्मा अभियोग | १३ | ४ | १४ | १८ | ३० | २८ | १०८ |
| अपहरण | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको संख्या | | १ | ० | ० | २ | ३ | ६ |
| | यी अभियोग भित्र यातना दाबी गर्ने महिला बन्दीहरूको % | | १००% | ०% | ०% | ४०% | ३०% | २८.३३% |
| | जम्मा अभियोग | | १ | ६ | ३ | ५ | १० | २५ |
| चोरी | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको संख्या | ४ | २ | ३ | ५ | ३ | ८ | २४ |
| | यी अभियोगभित्र यातना दाबी गर्ने महिला थुनुवाको % | ६६.७% | ३३.३% | ३०% | २९.४% | १५.४% | ३२% | ३४.४७% |
| | जम्मा अभियोग | ६ | ६ | १० | १७ | १३ | २५ | ७७ |




रेखा चित्र १: पुरुष महिला र बालबालिकासम्बन्धी यातनाको प्रवृत्ति (प्रतिशतमा)